त्रैमासिक बुलेटिन

# बगनासकाली आवाज

स्वास्थ्य विशेष

गाउँकार्यपालिकाको प्रशासनिक भवन, चिर्तुङ्गधारा, पाल्पा



## बगनासकाली गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा



वडा नं. १ चिर्तुङ्गधारामा रहेको उन्नत कृषि उत्पादनको सम्भावित क्षेत्र



वडा नं. ३ नायरमा सञ्चालित भिआइए क्याम्पमा सहभागी स्वास्थ्यकर्मी

त्रैमासिक बुलेटिन

# बगनासकाली आवाज

स्वास्थ्य विशेष

वर्ष ४ | अंक २ | पूर्णाङ्क : १२ | २०७७ कार्तिक

**प्रकाशक**

**बगनासकाली गाउँपालिका, पाल्पा**

**संरक्षक**

कृष्णप्रसाद बस्याल

*(गाउँपालिका अध्यक्ष)*

**सल्लाहकार**

सरस्वती दर्लामी (चिदी)

*(गाउँपालिका उपाध्यक्ष)*

लक्ष्मीप्रसाद अधिकारी

*(प्रवक्ता)*

सुरेश घिमिरे

*(प्रमुख प्रशासकीय अधिकृत)*

**प्रधान सम्पादक**

मणिराम अधिकारी

maniramadhikari94@gmail.com

**सम्पादक/ग्राफिक्स**

भोजराज भट्टराई

palpali.bhoju@gmail.com

**सम्पादन सहयोगः**

कोशलराज पौडेल, देवीप्रसाद अर्याल, हेमराज घिमिरे

**मुद्रण :**

कैलाशनगर पब्लिकेशन प्रा.लि.

तानसेन, पाल्पा (०७५-५२०६०१)

## सम्पादकीय

# कोभिड व्यवस्थापनमा हाम्रो प्रयास

देशका विभिन्न भागमा जस्तै अहिले बगनासकाली गाउँपालिकामा समुदायस्तरमा समेत कोभिड-१९ को संक्रमण प्रभाव कायमै छ । समुदायस्तरमा यसरी संक्रमण बढ्नुको मुख्य कारण स्वास्थ्य सुरक्षाका लागि अपनाउनुपर्ने विधिहरूलाई उच्च सतर्कताका साथ कार्यान्यवयन नगर्नु नै हो । स्वास्थ्य विज्ञले सामाजिक दूरी कायम र प्रत्यक्ष सामाजिक अन्तरक्रिया कम गर्नुलाई कोरोना संक्रमण रोकथामको प्राथमिक तथा प्रमुख पहलका रूपमा परिभाषित गरेका छन् । यस्तो अवस्थामा बगनासकाली गाउँपालिकाले समुदायमा प्रत्येक व्यक्तिले सतकर्ता अपनाउनुपर्ने र आफू पनि बाँच्नुको साथै अरुलाई पनि बचाउन सहयोग पुऱ्याउन कर्तव्य ठानेर आवश्यक सचेतना र कोभिड व्यवस्थापनका क्षेत्रमा कार्यक्रमलाई निरन्तरता दिदै आएको छ ।


गाउँपालिकाले समुदायस्तरमा कोभिड-१९ व्यवस्थापन सचेतना, हेल्प डेक्स, संक्रमितलाई सहयोग, आइसोलेसन व्यवस्थापन, शव व्यवस्थापन, बीमा सहयोग लगायतका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको अहोरात्र खटाइमा निरन्तर सक्रियताका साथ कार्यक्रम सञ्चालन गरेको छ । तानसेन नगरपालिका र बगनासकालीले संयुक्त रूपमा संक्रमितको स्वास्थ्य उपचार, औषधि, होल्डिङ क्वारेन्टीन लगायतको क्षेत्रमा निरन्तर कार्यक्रम सञ्चालन गऱ्यो । गाउँपालिकाले स्वास्थ्य विशेषज्ञ, जनप्रतिनिधि, सञ्चारकर्मी, सरोकारवालाहरूको समन्वय, सहकार्यमा कोभिड प्रभाव न्यूनीकरणमा नियमित कार्यक्रम चलाउँदै आएको छ । खासगरी कोरोना भाइरसको प्राणघातक चरित्र र संक्रमण फैलिन नदिन बगनासकालीले उच्च सतर्कता अपनाउदै सामाजिक दूरी कायम गर्ने, पालिका प्रवेशमा अनिवार्य पिसिआर रिपोर्ट दिनुपर्ने, कोभिडको उच्च जोखिमको अवस्थामा विद्यालयहरूमा सुरक्षा मापदण्डका विधि अपनाइ जोर बिजोर कक्षा सञ्चालनमा समेत कार्यक्रम गरेको थियो । यस्तै क्वारेन्टीन राखिएका विद्यालय, होल्डिङ क्वारेन्टीन स्थल निर्मलीकरण, संक्रमितको खाना, खाजा, स्वास्थ्य उपचार, विमा, शव व्यवस्थापन लगायतमा पालिकाको लगानी र व्यवस्थापन रहेको थियो । पालिकाकाका ९ वटा स्वास्थ्य चौकी र १ वटा सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मीहरूको अग्रस्थानमा रहेर खटिने क्रममा स्वास्थ्यकर्मीहरूमै समेत संक्रमण रहने अवस्था समेत रहयो । तथापि पालिकाले समुदायस्तरमा संक्रमण न्यूनीकरणका लागि सुरक्षा मापदण्ड अपनाई नियमित सचेतना, अभिमुखीकरण कार्यक्रम गर्दै आएको छ ।

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | कृषि र पर्यटन बगनासकालीको मुख्य प्राथमिकता | कृष्णप्रसाद बस्याल | १ |
| २. | प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ.. | सरस्वती दर्लामी चिदी | ३ |
| ३. | कोभिड-१९ को महामारी र सहकारीमा यसको प्रभाव | यादवप्रसाद न्यौपाने | ४ |
| ४. | बगनासकाली गाउँपालिकाको स्वास्थ्य शाखा... | मणिराम अधिकारी | ५ |
| ५. | पोखराथोक स्वास्थ्य चौकी विगतदेखि वर्तमानसम्म | सरोज काफ्ले | ७ |
| ६. | चिर्तुङ्धारा स्वास्थ्य चौकी संक्षिप्त चिनारी | नोदप्रसाद बस्याल | १० |
| ७. | महिलाको स्वास्थ्य समस्याबारे सचेत बनौं, सहयोग गरौं | सीता गौतम | १३ |
| ८. | पीडित न्याय प्रणाली : यसको आवश्यकता र नेपालमा... | हरिहर गौतम | १५ |
| ९. | बगनासकाली गाउँपालिका पुनर्निर्माण सम्बन्धी प्रतिवेदन | सुनिलकुमार श्रेष्ठ | १६ |
| १०. | अब त पहाडमा पनि कालाजारबारे सचेत हुने कि ? | गोमबहादुर क्षेत्री | १९ |
| ११. | बगनासकाली गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि | | २० |
| १२. | स्कोभिड-१९ बारे केही कुरा | सीता गौतम | २१ |
| १३. | सावधानी अपनाऔं कोरोनाबाट बचौं | सुनिता अधिकारी | २२ |
| १४. | कृषि फर्म र दर्ता प्रक्रियाका सम्बन्धी संक्षिप्त जानकारी | राजेश बोहरा | २३ |
| १५. | बगनासकाली गाउँपालिकाभित्र रहेका विद्यालय विवरण | | २४ |
| १६. | तस्विरमा बगनासकाली गाउँपालिकाका गतिविधि | | २९ |
| १७. | पानी शुद्धीकरण गर्ने विधिहरू | | ३२ |
| १८. | समाचार (बगनासकाली विशेष) | | ३६-५० |
| १९. | बगनासकाली गाउँ कार्यपालिकाका पदाधिकारीहरू | | ५४ |
| २०. | बगनासकाली गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण | | ५६ |
| २१. | मिडिया कभरेज | | ५८ |


## हात धुने तरिका





# कृषि र पर्यटन बगनासकालीको मुख्य प्राथमिकता : बस्याल



**कृष्णप्रसाद बस्याल**
c\olf
*बगनासकाली गाउँपालिका*

*बगनासकाली गाउँपालिका पाल्पा जिल्लाको केन्द्र तानसेन बजारबाट ७ किलोमिटर उत्तरमा अवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल ८.१६ वर्ग किलोमिटर र २०६८ को जनगणना अनुसार यहाँको जनसंख्या ३१३६१ छ । बजारउन्मुख वस्ती रहेको गाउँपालिकाभित्र नौ वटा वडाहरू छन् । जिल्लाका १० स्थानीय तहमध्ये तीव्र विकास र सही नेतृत्वदायी भूमिकाकै कारण बगनासकाली गाउँपालिकाका अध्यक्ष बगनासकालीमा मात्र नभएर अन्य स्थानीयतहमा समेत लोकप्रिय हुनुहुन्छ । सरल स्वभावका बस्याल जनउत्तरदायी कार्यसम्पादन, विपद् व्यवस्थापन, समानुपातिक विकासमा सक्षम भूमिका खेलेकै कारण चर्चामा हुनुहुन्छ । यसैसन्दर्भमा गाउँपालिकाले विकासलाई कसरी अगाडि बढाएको छ ? योजना तथा नीतिहरू के कस्ता छन् ? गाउँपालिकाकाको समृद्धिको मार्गचित्र केके हुनसक्छ ? शुसासन कायम गर्ने योजना कस्ता छन् ? यीनै विषयमा केन्द्रीत रही अध्यक्ष बस्यालसँग बगनासकाली आवाजका सम्पादक भोजराज भट्टराईले गरेको संक्षिप्त कुराकानी :*

**पूर्वाधार विकासलाई कसरी अगाडि बढाउने सोचमा हुनुहुन्छ ?**

-पशुपालन र कृषिको सम्भाव्य क्षेत्र भएकाले हामीले कृषि र पशुपालनलाई प्राथमिकतामा राखेका छौं । यसको अर्थ जनता र गाउँपालिकाको अन्य क्षेत्रमा आवश्यकता छैन भन्ने होइन । पूर्वाधार विकास पनि प्राथमिकता हो । मुख्यत हाम्रो गाउँपालिकाभित्र कृषिमा निर्भर जनसंख्या बढी भएकाले हामीले त्यसलाई प्राथमिकता दिएका हौं । पूर्वाधारको विकास पनि हाम्रो प्राथमिकतामा छ । पूर्वाधारतर्फ प्रत्येक वार्डमा जोडिने सडक सञ्जाल, स्वास्थ्य चौकी भवन, विद्यालय भवन निर्माण जस्ता भौतिक पूर्वाधार विकासलाई पनि हामीले चालीस प्रतिशत बजेट छुट्याएरै काम गरिरहेका छौं।

**निर्वाचित भएर आउनुभएको ३ वर्ष पुग्नै लाग्यो, यो अवधिमा के-के गर्नुभयो ?**

-सुरुवातका वर्ष धेरै कुरा सिकाइमै बिते । कर्मचारी अभाव, पूर्वाधार अभाव, पर्याप्त ऐन, नियमको अभावका कारण हामीले थुप्रै अप्ठेरो झेल्यौं। पछिल्लो समयमा आवश्यक कर्मचारी पाएका छौं । सम्भवत पाल्पाका पालिकाहरूमा कर्मचारीहरू धेरै भएर काम गर्न सहज हुने पालिकामध्येमा हामीनै अहिले अग्रस्थानमा छौं जस्तो लाग्छ । पछिल्ला दुई वर्षमा हामीले केही काममा सफलता पाएका छौं । गाउँपालिकालाई खरको छानामुक्त बनाइएको छ । पूर्ण संस्थागत सुत्केरी बनाउने गाउँपालिका घोषणा भएको छ। सवै वार्डमा सडक पूर्वाधार पुऱ्याएका छौं । कृषि उपज बजारीकरणमा टेवा पुऱ्याउन कृषकलाई ढुवानी अनुदान प्रदान गरिएको छ। वडा नं. ६ मा खानेपानी लिफ्टीङको ४० प्रतिशत काम सम्पन्न भएको छ । यस्तैगरी गाउँपालिकाले घर, सडक विस्तारमा नक्सापास गर्ने र नयाँ भवन घर निर्माणमा सडक गुरुयोजना अनुसार कार्यसम्पादन गर्दै आएको छ । युवाहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखेर स्वरोजगारमूक कार्यक्रमका लागि ऋण अनुदानलाई निरन्तरता दिइएको छ । गाउँपालिकाले त्रिवर्षीय आवधिक योजना निर्माणको कामलाई अन्तिम चरणमा लगेको अवस्था छ। बालमैत्री स्थानीय शासन कार्यक्रम लागु भएको छ । सवै विद्यालयलाई बालमैत्री विद्यालय घोषणा गरिएको छ । शैक्षिक क्यालेण्डर, नियमित गतिविधिबारे जानकारी गराउने त्रैमासिक पत्रिका प्रकाशन लगायतका कार्यत्रमलाई निरन्तरता दिएका छौं । विशेषगरी कोभिडको समयमा पालिकाले शव व्यवस्थापन र आइसोलेसन खर्च व्यवस्थापन र अन्य कोभिडसँग सम्बन्धित स्वास्थ्य विमाका कार्यक्रमलाई व्यवस्थापन गर्ने कार्यलाई समेत निरन्तरता दिएको छ। शैक्षिक गुणस्तर बढाउन विद्यालय भर्ना अभियान, केही अस्तव्यस्त रहेका विद्यालयमा पूर्वाधार निर्माण, विद्यालय व्यवस्थापन

समिति गठन गरी अघि बढेका छौं । पालिकाले कृषि, पर्यटन, शिक्षा, सञ्चार, शुसासन लगायत विविध क्षेत्रमा जनताको अपेक्षा अनुसार कार्यसम्पादन गर्दै आएको छ । कृषि र पर्यटन पालिकाको मुख्य सम्भावना भएकोले यसलाई थप व्यवस्थित गर्दै पालिकालाई समृद्ध बनाउनु पर्दछ भन्ने अभियानका साथ हामी सवै जनप्रतिनिधि लागिरहेको अवस्था छ ।

**गाउँपालिकाभित्र सुशासन कायम गराउन तपाईँका योजनाहरू के–के छन् ?**

-हो, वास्तवमा विगतमा पनि र अहिले पनि सुशासन जनताको अपेक्षाको विषय हो । तोकिएभन्दा धेरै पैसा लिने, जति रकम लियो उतिको भरपाई नदिने, घुस खाई काम नगर्ने, सेवाग्राहीलाई झन्झटमाथि झन्झट दिएर आफ्नो निहित स्वार्थ पूर्ति गर्न खोज्ने प्रवत्तिको पूर्णरूपमा अन्त्य भइसकेको छैन । हामी त्यसलाई हटाउन अग्रसर भएर लागिपरेका छौं। त्यसका लागि सवै वार्डमा अनलाइनबाट राजस्वको रसिद काट्ने प्रणाली सुरु गरिएको छ । पालिकाभित्र सूत्र सफट्वेरको माध्यमबाट आर्थिक प्रशासनका कामहरू सञ्चालन गरिएको छ । सवै वार्डमा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कार्यक्रम अगाडि बढाइएको छ । कर्मचारीहरू समयमा कार्यालयमा उपस्थित नहुने, त्यस्तै शिक्षकहरू विद्यालय नआँउने, आए पनि हाजिर गरेर फर्कनेजस्ता समस्या निराकरणको लागि नियमित अनुगमनलाई कडाइ गरेका छौं । सुशासन स्थापनाका लागि सञ्चारकर्मी, सरोकारवाला निकायसँग समन्वय, सहकार्य र राय लिएर अगाडि बढेका छौं ।

**आर्थिक विकास र विपद् व्यवस्थापनमा के गर्दै हुनुहुन्छ ?**

-कृषि, पशुपालन, युवा उद्यमशिलता, सुशासनजस्ता कुरालाई मुख्य प्राथमिकतामा राखेका कार्यक्रमहरू बनाइएको छ । विकासमार्फत गाउँपालिकालाई आर्थिक विकासको मार्गमा लैजान सकिन्छ भन्ने हाम्रो विश्वास छ । हामीले विदेशबाट फर्केका उद्यमी बन्न चाहने युवाहरूलाई नेपाल बैंकसँग सम्झौता गरी १० लाखसम्म विना धितो ऋण उपलब्ध गराउने कार्यक्रम अगाडि बढाएका छौं । कोभिड-१९ प्रभावित, विदेशबाट रोजगार गुमाएर फर्केका युवाहरूको लागि कृषि, पशुपालनमा अनुदानका कार्यक्रमहसमेत अगाडि बढाइएको अवस्था छ । विपद् व्यवस्थापनतर्फ हामीले आवश्यक बजेट छुट्याएका छौं। विपदमा खासगरी ग्रामीण वस्तीमा पहिरोका कुराहरू छन् । सडक पूर्वाधार भत्कने, खानेपानी, स-सना सिंचाई कुलो बिग्रने भत्कने समस्याहरू छन्। यी कुराहरू गाउँसभामा राखेर जानकारी गराइएको छ । विपद् पूर्वतयारीका क्षेत्रमा हामीले केही गर्ने प्रयास गरेका छौं । तर यो पर्याप्त हो भन्न सक्ने अवस्था छैन। कतिपय अवस्थामा सवै काम स्थानीय सरकारले गरिदिन्छ भन्ने आम मानिसको गलत बुझाइका कारण केही समस्या उत्पन्न भएको देखिन्छ । हामी निश्चित सीमाभित्र रहेर काम गर्नुपर्ने भएकाले सोचेजस्तो काम गर्न सजिलो छैन । सीमित साधनस्रोतले असीमित आवश्यकता पूर्ति गर्न कठिन हुँदो रहेछ । गरिबी, बेरोजगारी, वैदेशिक रोजगारी हाम्रा लागि अझै पनि चुनौती छन् ।

**तपाईं ५ वर्षका लागि जनताद्वारा निर्वाचित भएर आउनुभएको छ, यो पाँच वर्षमा बगनासकाली गाउँपालिकालाई कस्तो बनाउने लक्ष्य लिनुभएको छ ?**

-गाउँपालिकाका प्राय क्षेत्र कृषियोग्य छ । माडीफाँट, दैलातुंगफाँट, मन्द्रानफाँट, दर्पुकफाँट कृषिका लागि सम्भावित क्षेत्र हुन् । अझैपनि सिंचाईको अभावले कृषकहरू छटपटाउने अवस्था छ । त्यसलाई अन्त्य गर्ने मेरो लक्ष्य हो । स्वास्थ्यतर्फ हाम्रो कार्यकालमा प्रसुती केन्द्र र हेल्थपोस्टलाई स्तरीय बनाउनेछौं । जहाँजहाँ प्राविधिक कारणले भवनहरू बन्न सकेका छैनन ती क्षेत्रमा भवन सम्पन्न गराउन पहल गर्नेछु । शैक्षिक गुणस्तर बढाइनेछ । भवन आवश्यक विद्यालयमा निर्माण कार्य सम्पन्न गरिनेछ । गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यक्रम घोषणाको कामलाई पूर्णता दिनेछु । स्थानीय पाठ्क्रम लागु गर्ने कामको थालनी गरिसकेका छौं यसलाई थप प्रभावकारी बनाउँदै लगिनेछ । प्रथम त्रिवर्षयीय आवधिक योजनामा हामीले गाउँवस्तीबाट प्राप्त सुझाव, जनप्रनितिधि, सञ्चारकर्मी, सराकारवालाहरूबाट प्राप्त सुझाव अनुसार योजना समावेस गरेका छौं । त्यसले पालिकाको समग्र विकासमा र बजेट, कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने विश्वास लिएका छौं। योसँगै बाँकी अवधिमा हामी जनताका घर आँगनमा गएर उहाँहरूका समस्या र आवश्यकतालाई आत्मसात गर्दै विकासको काममा अगाडि बढाउनेछौं ।

# प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ अग्रसर छौं : उपाध्यक्ष सरस्वती चिदि



*सरस्वती चिदी दर्लामी बगनासकाली गाउँपालिका उपाध्यक्ष एवम् न्यायिक समिति संयोजक हुनुहुन्छ । गाउँपालिकाको विकासमा नागरिकको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने मान्यता राख्ने चिदी निरन्तर गाउँवस्तीमा जनताका सुख, दुःखमा सरिक हुँदै आउनुभएको छ । नागरिकको समस्या बुझ्न घरदैलोमै पुगेरमात्र धेरै कुरा थाहा पाइने उहाँको धारणा छ । प्रस्तुत छ गाउँपालिकाकी उपाध्यक्ष एवम् न्यायिक समिति संयोजक चिदीसँग बगनासकाली पालिकाद्वारा प्रकाशित त्रैमासिक बुलिननका लागि गरिएको संक्षिप्त कुराकानी :*

**✎ गाउँपालिकामा न्यायसम्पादनमा के कस्तो समस्या देख्नुभएको छ ?**

पालिकास्तरीय न्यायिक समिति सञ्चालनमा रहेपनि आवश्यक तालिम अभावका कारण हामीले सोचेजस्तो गरी कार्यसम्पादन गर्न सकेनौं । पछिल्लो चरण समितिलाई विभिन्न निकायबाट प्राप्त तालिमले कार्यसम्पादनमा केही सहज भएको अनुभूति गरेका छौं। पालिकामा न्यायिक समिति कार्यविधिसम्बन्धी ऐन त छ तर इजलास र कर्मचारी छैनन् । हामीले मेलमिलापको ढाँचामा काम गरिरहेका छौं । कतिपय वडामा मिल्ने मुद्दालाई वडाअध्यक्षलाई नै मिलाउन पठाइदिने गरेका छौं । पालिकाले सामान्य झैझगडा, असमझदारीलाई स्थानीयस्तरमै सुल्झाउन दुवै पक्षलाई भेला गराएर बहस गराउने र मिलाउने क्रमलाई जारी राखेका छौं ।

**✎ स्थानीय तहमा जनताका समस्या समाधान गर्न खोज्दा कस्ताखालका चुनौती सामना गर्नुभएको छ?**

काम गर्ने सन्दर्भमा चुनौतीहरू त आइहाल्छन् । हामी प्राथमिकताका आधारमा नागरिकको आवश्यकता पूरा गर्नेतर्फ अग्रसर भइरहेका छौं । विकासे काममा ढिलो गरी सम्झौता गर्नुहुँदैन, असारे विकासलाई ताक्ने प्रवृत्तिको अन्त्य गरिनुपर्छ भन्ने उद्देश्यअनुसार काम अगाडि बढाएका छौं । जनताको आवश्यकता के हो भन्ने पहिचान गरेर आवश्यकताका आधारमा योजना छनोट गरियो भने त्यसको अनुभूति पनि जनताले पाउँछन् भनेर हामीले त्यही अनुसार पूर्वाधार विकाससँगै नागरिकको सीप, क्षमता चेतनास्तर वृद्धि गर्नेगरी कार्यक्रम अगाडि बढाएका छौं ।

**✎ अहिले स्थानीय सरकार सञ्चालन गरिरहँदा आफैंले बनाएका नीतिनियमका कुराले कहिलेकाँही समस्या ल्याउँछन् कि ल्याउँदैनन् ?**

केही केन्द्र तथा प्रदेशका नीति स्थानीय तह अनुकूल छैनन् । स्थानीय तहमा निर्माण गरेका नीति, नियम नागरिकका बीचमा छलफल गरेर बनाइएका छन् । अझै स्थानीयस्तरको मनोभावना र सुहाउँदो नीतिका बारेमा छलफल गर्ने, परिमार्जन गर्ने, गरिरहेका छौं । पुराना कर्मचारीबाट त्यति समस्या भएको हामीले देखेका छैनौ । तथापि नयाँ कर्मचारी पनि हामीसँग हुनुहुन्छ । पुराना कर्मचारीको अनुभव र नयाँ कर्मचारीको जोशलाई समायोजन गरेर जनशक्ति परिचालन गरेका छौं । नागरिकका धेरै समस्या अझै पनि समाधान गर्नुपर्ने छन् । जनताको काम छिटो छरितो र झन्झटमुक्त किसिमले भइदिए हुन्थ्यो भन्ने हाम्रो चाहना हो । संघ तथा प्रदेश सरकारले स्थानीयस्तरको समस्या, भावना बुझेर हामीसँग प्रत्यक्ष जोडिएर काम गरुन भन्ने अपेक्षा छ । यसबाट नागरिकको विकासमा अपनत्व हुन्छ भन्ने हामीलाई लागेको छ ।

**✎ अन्त्यमा,**

योजना प्रभावकारी बनाउन बजेटको सवाल आउँछ । बजेट अभाव सबैभन्दा ठूलो समस्या हो । केन्द्र र प्रदेशले दिने अनुदानको दायरामा रहेर योजना बनाउनुपर्ने बाध्यता छ । मतदाताका अपेक्षा अनगिन्ति छन् तर स्रोत थोरै छ । सोचेजति काम गर्न गाह्रो छ । सीमित स्रोतसाधन र एकै खालको भौगोलिक अवस्था नरहेको कारण बस्तीवस्तीमा चाहेको जस्तो विकास पुऱ्याउन समस्या देखापरेको छ । हामीले सक्दासम्म सवै वार्डका समुदायलाई भेट्ने कोशिस गरेका छौं । विभिन्न राय सुझाव संकलन गर्दै कार्यपालिका बैठकबाट त्यसलाई निवारण गर्ने प्रयास गरेका पनि छौं ।

# कोभिड-१९ को महामारी र सहकारीमा यसको प्रभाव

**यादवप्रसाद न्यौपाने**
**आलेप अधिकृत (सातौं तह)**



विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रभाववाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेन। यो महामारी रोकथाम, नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि गरेको बन्दाबन्दीका कारण देशका विभिन्न क्षेत्रमा जस्तै बगनाकाली गाउँपालिकाका सहकारीका कार्यक्रमहरू कार्यान्वयनमा समस्या थपियो । गत आर्थिक वर्षमा स्थानीय तहमा सहकारी क्षेत्रको केही सहकारीमैत्री गोष्ठी, कार्यक्रमहरू सञ्चालनमा रहेका थिए । क्षमता विकासका तालिम, कार्यशाला जस्ता कार्यक्रम सञ्चालन गर्न सकिएको थिएन ।

चालु आ.व.२०७७।०७८ को शुरुवातमा पनि कोभिड-१९ को संक्रमण फैलिरहेको कारण सरकारले भेला/सभा सम्मेलनमा रोक लगाईएको तथा स्थानीय स्तरमा संक्रमण देखिइरहेको परिस्थिति कायमै रह्यो । सहकारी ऐन नियम बमोजिम आफ्ना उद्देश्य पूरा गर्नुको साथै लेखापरीक्षण गराउनुपर्ने, साधारण सभा गर्ने थप कार्य गर्नुपर्ने थियो । यी कार्यहरू कसरी गर्ने भन्ने विषयमा सहकारीकर्मीहरूको जिज्ञासा हुनु स्वभाविक हो । उसो त सहकारी ऐन २०७४ ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र सहकारी संघ/संस्थाहरूले वार्षिक साधारण सभा बोलाउनुपर्ने भन्ने उल्लेख छ । जसका कारण सहकारी संघ/संस्थाहरूले पुस मसान्तसम्म साधारण सभा गर्न सक्ने अवस्था छ ।

सामान्यतया सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा रहेको हुन्छ । सहकारी संस्थाहरू पूँजीभन्दा सदस्य केन्द्रित हुने भएकाले साधारणसभाले ठूलो अर्थ राख्छ । सहकारीमा सबै सदस्य नै साधारणसभाको सदस्य हुने गर्दछन् । साधारभा सभा सदस्यहरूले संघ/संस्थाको गतिविधि बुझ्ने तथा विभिन्न प्रतिवेदनहरू पारित गर्नुको साथै चालु आर्थिक वर्षका लागि नीति, कार्यक्रम, बजेट बनाउने लगायतका महत्त्पूर्ण कार्य गर्दछन् । सहकारी ऐन २०७४ मा वमोजिम पुस मसान्तभित्र साधारण सम्पन्न गरिसक्नुपर्ने उल्लेख गरेको भएपनि विषम परिस्थितीको परिकल्पना गएिको हुदैन । अत: साधारण सभाको विषयमा नियामक निकायबाट समयमा नै स्पष्ट मार्गनिर्देशन आउनुपर्ने सहकारी अभियानकर्मीसँग मान्यता देखिन्छ ।

वर्तमान अवस्थामा साधारणसभा गर्न ठूलो भिडभाड नगरी विभिन्न वैकल्पिक विधिवाट प्रतिवेदन, नीति तथा कार्यक्रमउपर छलफल गरि निष्कर्षमा पुग्नु पर्दछ । यसको माइन्यूटलाई सुरक्षा मापदण्ड अपनाई कानूनी प्रकृया पूरा गर्नुपर्ने देखिन्छ । सदस्यहरू निस्कृय हुने र मौन बस्ने संस्कृति सहकारीमा देखिदै आएको छ । साधारण सभामा उनीहरूको उपस्थिति हुन्छ तर राय सल्लाह सुझाव सोचे जस्तो उपलब्ध हुन नसकेको अवस्थालाई नकार्न सकिदैन । यसर्थ सहकारीमा साधारण सदस्यको सकृयताको लागि सहकारी शिक्षाको समेत जरुरी देखिएको छ ।

कोभिड-१९ को महामारीले नेपालको अर्थतन्त्रलाई प्रभाव पारेको समयमा सहकारीका अन्य गतिविधिहरू पनि प्रभावित भएका छन् । ऋण लगानी तथा असुलीमा असर परेको देखिन्छ । लगानीका क्षेत्रहरूमा समयस्या आएसँगै व्याजदर घटेको छ । बैकहरूले गरेको निक्षेप तथा लगानीमा व्याजदर परिवर्तनले पनि सहकारीहरू प्रभावित भएको देखिन्छ । यसर्थ माहामारीवाट तरलताको अभाव, ऋण र व्याज असुलीमा समस्या, लगानी नहुनु लगायतका थुप्रै समस्याहरू सहकारीमा देखिएका छन् । सहकारीहरूलाई परेको समस्याहरूलाई मध्यनजर गर्दै समाधान तर्फ सवैको सहयोग आवश्यक देखिएको छ ।◆◆

# बगनासकाली गाउँपालिकाको स्वास्थ्य शाखाको गतिविधि



मणिराम अधिकारी
kdv (स्वास्थ्य शाखा)
बगनासकाली गाउँपालिका

***मानिसको सवैभन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो । संसारमा समृद्धिको पहिलो सूचक पनि स्वास्थ्य नै हो ।***

प्राकृतिक सौन्दर्यबाट भरीपूर्ण बगनासकाली गाउँपालिका पाल्पा जिल्लाको केन्द्र तानसेन बजारबाट ७ किलोमिटर उत्तर पूर्वमा रहेको छ । पालिकामा ९ वटा स्वास्थ्य चौकी र १ वटा सामुदायिक स्वास्थ्य इकाई गरी १० वटा स्वास्थ्य संस्था छन् । यी स्वास्थ्य संस्था अन्तर्गत २७ वटा खोप केन्द्र र २९ वटा गाउँघर किल्निक रहेका छन् । यी स्वास्थ्य संस्थाहरूमा काम गर्ने ६५ जना कर्मचारी र तलब बिना काम गर्ने महिला स्वास्थ्य स्वयम सेविकाहरू ७७ जना रहेका छन् ।

गाउँपालिको गठनपश्चात् विभिन्न शाखाहरू स्थापना हुने क्रममा आ.व.२०७४।०७५बाट स्वास्थ्य शाखा स्थापना भई स्थानीय सरकारको निर्देशनमा कार्य आरम्भपछि केही महत्त्वपूर्ण कामहरू भएका छन् ।

-गाउँपालिकामा, स्वास्थ्य नीति तयार भएको छ ।
- स्वास्थ्य सस्थाहरूमा न्यनुत्तम औजारहरू नयाँ वितरण गरिएका छन् ।
- सवै स्वास्थ्य संस्थामा अटोकलाभ मेसिन उपलब्ध गराइएको
- सवै स्वास्थ्य संस्थामा डपलर मेसिन बितरण भई गाउँघर किल्निकबाट गुणस्तरिय सेवा प्रदान गरिएको छ ।
- बर्थिङ्ग सेन्टरको पहुँचभन्दा टाढा रहेको स्थान खानीछाप स्वास्थ्य चौकीमामा बर्थिङ्ग सेन्टर स्थापना भई सेवा सुचारु छ।
- गाउँघर किल्निकलाई व्यवस्थित गराउँदै लगिएको छ ।
- जनताको स्वास्थ्य सेवा पाउने मौलिक हकको सुनिश्चितताको लागि ध्यान दिइएको ।
- बगनासकाली गाउँपालिकामा कोभिड-१९ को व्यवस्थापनको लागि १७ वटा विद्यालयमा क्वारेन्टीन सञ्चालन गरिएको ।
- तानसेन नगरपालिका लगायत विभिन्न पालिकासँग मिलेर तानसेनसमा कोभिड आइसोलेसन सञ्चालन गरिएको ।
- बगनासकाली गाउँपालिकाबाट १ हजार भन्दा बढीलाई नि:शुल्क पिसिआर गरिएको ।
- कोभिड पोजेटिभ १४५ जनाको होम आइसोलेसन तथा अस्पतालमा उपचारको निशुल्क व्यवस्था गरिएको ।
- कोभिड संक्रमणबाट दु:खद निधन भएका ७ जनाको शव व्यवस्थापन गरिएको ।
- कोभिड-१९ अस्थायी अस्पताल बगनासकाली-२ पोखराथोकमा सञ्चालन गरिएको ।
- कोभिड व्यवस्थापनमा कर्मचारी तथा महिला स्वास्थ्य स्वयम् सेविकालाई परिचालन गरिएको ।
- बिभिन्न स्थानहरूमा स्वास्थ्य शिविरहरू सञ्चालन छन्

योसँगै दीर्घ रोगको न्युनिकरणको कार्यक्रम भएका छन् र दीर्घ रोगीहरूमा मधुमेह (सुगर) रोगको स्कैनिङ्गका लागि सवै स्वास्थ्य संस्थामा नि:शुल्क रूपमा ग्लुकोमिटरबाट सुगरको जाँच सेवा भएको छ भने बल्डप्रेसरको उपचारका लागि एमलोड र सुगरका लागि मेटफर्मिन र छारे रोगको उपचारका लागि फिनोबार्बिटोन जस्ता औषधिहरू नि:शुल्क वितरण भएका छन्।बगनासकाली गाउँपालिकाको सवै क्षेत्रलाई पायकपर्नेगरी नायरनमतलेस र चापपानी स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना भई सेवा सुचारु भएका छन् । गा.पा.बाट औषधि खरिदगरी उचित भण्डारको साथै सवै स्वास्थ्य सस्थामा औषधि कमी नहुने गरी व्यवस्थापन गरिएको छ ।

यस्तै गाउँपालिका भित्रका सवै बालबालिकाहरूमा कुपोषण निवारणका लागि कुपोषण खोजपडताल अर्थात् स्कैनिङ्गगरी उचित व्यवस्थापन तथा उपचार गरिएको छ । वडा नं १ देखि ९ सम्म पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्य सम्पन्न गरिएको छ । स्वास्थ्य सेवाको संख्यालाई हेर्दा महिला स्वास्थ्य स्वयम् सेविकाले मात्र बार्षिक रूपमा करिब ९००० जनालाई सेवा दिईरहेका छन् भने कर्मचारीहरूबाट बार्षिक रूपमा २८ हजार भन्दा बढिलाई सेवा दिईरहेका छन् ।

मानिसको सवै भन्दा ठूलो सम्पत्ति भनेको स्वास्थ्य हो । संसारमा समृद्धिको पहिलो सूचक पनि स्वास्थ्य नै हो । मानिसको अकालमा मृत्यु हुने दरमा कमील्याई औसत आयुमा बृद्धि हुनु नै समृद्धिको पहिलो र महत्त्वपूर्ण सूचक हो तर नेपालमा समयमा उपचार नपाएर अकालमा मृत्यु हुनेहरूको संख्यामा गर्भावस्था, सुत्केरी अवस्था अनि बालबालिकाहरूमा नै बढि रहेको छ । सन् २०१६ सम्मको नेपाल जनसंख्यिक सर्वेक्षण अनुसार २३९ प्रति लाख मातृ मृत्युदर रहको छ भने शिशु मृत्युदर २१ प्रतिहजार रहेको छ । मातृ मृत्युमध्ये गर्भावस्थामा जटिलता आई कुल मृत्युको ३४ प्रतिशत मृत्यु भएको छ । प्रसवव्यथा लागेदेखि ४८ घण्टासम्म ३८ प्रतिशतको मृत्य भएको छ । सुत्केरी भएको ४८ घण्टादेखि ४२ दिनसम्ममा २८ प्रतिशतको मृत्यु भएको छ।

बगनासकाली गाउँपालिकामा पनि बाल मृत्यु र मातृमृत्यु रहेकाले उक्त मृत्युलाई न्यूनिकरण गर्नका लागि पूर्ण संस्थागत सुत्केरीको अवधारणलाई अभियानको रूपमा चलाईएको हो।

आ.व.२०७४।०७५ देखिनै स्पष्ट नीति तथा कार्यक्रम तयार गरी बालमैत्री स्थानीय शासन भएको गाउँपालिका घोषणाका लागि बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि(२०६८) अनसुार सेवा प्रवाहको बाल बचाउ अन्तर्गत रहेका सूचकहरूलाई पूर्णता दिई बगनासकाली गाउँपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्वन भएको गाउँपालिका घोषणा गर्न, पूर्ण संस्थागत सुत्केरी घोषणाको कार्यक्रम एउटा प्याकेजको रूपमा पनि तय गरी पूर्ण संस्थागत गाउँपालिका घोषणा कार्य सम्पन्न गरिएको छ ।

गाउँपालिकामा, पूर्ण सस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागि कम्तीमा एक आर्थिक बर्षसम्म घरमा सुत्केरी भएको हुन नहुने, गर्भवस्थामा प्रोटोकल अनुसार ४ पटक जाँच गरेको हुनुपर्ने, गर्भावस्था र सुत्केरी अवस्थामा गरी २२५ चक्की आईरन खाएको हुनुपर्ने, गर्भावस्थामा पि.एम.टि.सि.टि.सेवा लिएको हुनुपर्ने, गर्भावस्थामा टि.डि. खोप २ पटक लगाएको हुनुपर्ने, सुत्केरीपश्चात् प्रोटोकल अनुसार आमा र बच्चाको जाँच हुनुपर्ने र पूर्ण संस्थागत सुत्केरीको निरन्तरताका लागि स्थानीय निकायको निश्चित योजना हुनुपर्नेजस्ता सूचकहरूलाई सवै वडामा पूरा गराउनेगरी १ वर्षदेखि अभियानको रूपमा कार्यक्रम सञ्चालन भएको थियो । गाउँपालिकाको बाल मैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत पूर्ण सस्थागत सुत्केरी हुनुपर्ने अवधारणालाई अभियानकै रूपमा सञ्चालन गरी निर्दिष्ट सूचकहरूलाई सुनिश्चितता गरी आ.व.२०७५ मंसिर ६ गते वडा नं २ लाई पूर्ण सस्थागत सुत्केरी वडा घोषणा गरी मिति २०७६ कार्तिक २० सम्ममा सवै वडालाई घोषणा गरी गाउँपालिकालाई पूर्णता दिइएको छ ।

गाउँपालिकालाई पूर्ण सस्थागत सुत्केरी भएको गा.पा. घोषणाको प्रक्रियाका लागि सम्पूर्ण सूचकहरू पूरा भएकोले गाउँपालिकाको मिति २०७६ कार्तिक २७ गतेको कार्यपालिकाको बैठकको निणर्य भई स्वास्थ्य कार्यालय पाल्पामार्फत जिल्ला समन्वयबाट प्रमाणिकरण भई मिति २०७६।०८।०४ गते गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गरिएको हो । यस कार्यक्रमलाई निरन्तरता दिन स्वास्थ्य कार्यालय पाल्पासँग प्रत्यक्ष रूपमा समन्वय र सहकार्य गरीएको छ । पोषण प्रवर्द्धनमा जोड दिन तथा CBIMNCI कार्यक्रममा बेस नेपाल, सुआहारा सहकार्यता निरनतर रहनेछ।नेपाल परिवार नियोजन संघ, सामाजिक बिकास श्रोत केन्द्र, इन्सेक पाल्पा, लु.मे.कलेज, मिसन अस्पताल र मेडिया हाउसबाट सहयोग लिई रहेका छौं । भविष्यमा निरन्तर सहयोगको अपेक्षा गरेका छौं । स्वास्थ्य कार्यक्रमको गुणस्तरिता बृद्धिका लागि अनसाईड कोचिङ्ग अथार्त अनुशिक्षण तालिमको ब्यवस्था सवै स्वास्थ्य संस्थामा गर्नेगरी बेस नेपाल सुआहारा कार्यक्रमसंग समन्वय भएको छ। पालिकाभित्रका कुनैपनि महिला तथा बालबालिकाहरूलाई आर्थिककै समस्याबाट उपचारमा समस्या आए त्यसको ब्यवस्थापन, बगनासकाली गाउँपालिकाबाट गर्ने अध्यक्षज्यूबाट स्वास्थ्य शाखालाई निर्देशन भएको छ ।

पूर्ण संस्थागत सुत्केरी गा.पा.को निरन्तरताका लागि गा.पा.कै पहलमा भारतीय राजदुताबासबाट एउटा एम्बुलेन्स प्राप्त भएको छ जुन चापपानी स्वास्थ्य चौकीबाट सञ्चालनमा रहेको छ । जसले बगनासकाली गा.पा.को सेवाग्राहीलाई न्युन शुल्कमा पहिलो प्राथमिकता दिई सेवा दिनेछ भने एम्बुलेन्स खर्च बापत रु. ५००। प्रतिब्यक्ति राहतस्वरुप सुत्केरी आमाहरूलाई उपलब्ध गराईनेछ । गत बर्षदेखि प्रदान गरिदै आएको रु १०००। पोषण खर्चसहित नेपाल सरकारले दिने रु. २८००। मा थपगरी रु ४३००। नगद र न्यानो कपडासहितको झोला १ थान, निश्चित मापदण्ड पुगेका सवै सुत्केरी आमाहरूले सहजरूपमा पाउने व्यवस्था गरिएको छ। कार्यक्रमलाई निरन्तरता दिन सवै वडामा बर्षमा १ पटक कम्तीमा गर्भवती र निजको अभिभावकसँगै राखेर तालिम तथा छलफल गर्ने कार्यक्रम रहेको छ ।

बगनासकाली गाउँपालिकाको यस कार्यक्रमको निरन्तरताको लागि केही चुनौतीहरू पनि छन् ।

१.केही स्वास्थ्य चौकीहरूमा नेपाल सरकारको मापदण्ड अनुसारको सुबिधा सम्पन्न भवन नहुँदा सेवामा कठिनाई भएको छ । वडा नं २ को पोखराथोक स्वास्थ्य चौकीमा हालसम्म भवनको योजना परेको छैन ।

२ नं ८ बराङ्दी स्वास्थ्य चौकीमा भवन निमार्णको शुरु भएको छैन भने दर्लमडाडाँ, यम्घा स्वास्थ्य चौकीको भवन निमार्णको कार्यमा ढिलाई भएको छ ।

३.तालिम प्राप्त जनशक्तिको कमी छ । अ.न.मी.हरूका लागि SBA,अ.हेव. तथा HA हरूलाई MLP लगायतका दक्ष स्वास्थ्यकर्मी तयार गर्ने तालिम प्रर्याप्त छैनन् । यद्यपि, समस्याहरू धरै नै भएपनि हामी सम्पूर्ण स्वास्थ्यकर्मीहरूले मनोबललाई उच्च राख्दै मन, बचन र कर्मले जनताको सेवामा निरन्तर खटिरहने प्रतिबद्दता ब्यक्त गर्न चाहन्छु ।

गाउँपालिकालाई पूर्ण सस्थागत सुत्केरी भएको गाउँपालिका घोषणा गर्ने सूचकहरूलाई पूरा गराउन, स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूले तत्कालै देखिनेगरी परिणाम नआए पनि भविष्यमा जनताहरूको गुणस्तरिय स्वास्थ्यमा ठूलो भूमिका खेल्दछ। आजको दिनसम्म आईपुग्न, बिगतको लामो समयदेखि धेरै जनाको योगदान र मेहनेत रहेको छ । यस कार्यक्रमलाई सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, स्वास्थ्य कार्यालय पाल्पा, सुआहारा कार्यक्रम पाल्पा, बेस नेपाल, पत्रकार महासंघ, परिवार नियोजन सघं शाखा पाल्पा, सामाजिक स्रोत विकास केन्द्र केन्द्र पाल्पा, बगनासकाली पत्रकार समुह, सम्पूर्ण मीडिया हाउस तथा पत्रपत्रिका, मदनपोखरा स्वास्थ्य चौकी, बगनासकालीका सम्पूर्ण बर्थिङ्ग सेन्टर तथा सम्पूर्ण स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी, पूर्व स्वास्थ्यकर्मी सम्पूर्ण विद्यालयका प्र.अ. तथा ब्यवस्थापन समिति, स्वास्थ्यचौकी सञ्चालन तथा ब्यवस्थापन समितिका सदस्यहरू, वडा कार्यालय, वडा सचिव तथा म.स्वा.सविकाहरू., आमा समुहका सम्पूर्ण सदस्य एवम् सम्पूर्ण समाजसेवीको उच्च सहयोगका लागि हार्दिक धन्यावाद दिदै यस कार्यक्रमको निरन्तरताको लागि सहयोगको अपेक्षा गर्दै बिदा चाहन्छु । जय स्वास्थ्य, जय बगनासकाली ।।

# पोखराथोक स्वास्थ्य चौकी विगतदेखि वर्तमानसम्म



;/fh sfk]n
OGrfh -hg:jf:Yo lg/LIfs_
*पोखराथोक स्वास्थ्य चौकी, पाल्पा*

## परिचय

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट १४ किलोमिटर पूर्व सिद्धार्थ राजमार्ग हुँदै पोखराथोकको चोक धरमपानीमा पुगिन्छ । धरमपानी चोकबाट सिधै दक्षिणतर्फको ओरालो पक्कि सडक करिब ५०० मिटर झरेपछि साबिकको पोखराथोक गा.बि.स.कार्यालय हालको वडा कार्यालय भवनमा पुगिन्छ । जहाँ नजिकै बिष्णु माध्यमिक बिद्यालय रहेको छ । वडा कार्यालय भवनबाट पूर्वतर्फ मोडिएपछि शुरु हुने कच्चि सडक करिब ५ किलोमिटर दक्षिण जाने हो भने तत्कालिन समयको पोखराथोक उप स्वास्थ्य चौकी हालको स्वास्थ्य चौकीमा पुगिन्छ। भौगोलिक रूपमा उत्तर दक्षिण फैलिएको पोखराथोकको यो स्वास्थ्य चौकी भवन सबैलाई पायक पर्नेगरी बिचोबिचमा भने पर्दैन। नेपाल सरकारले हरेक गा.बि.स.मा एउटा स्वास्थ्यको संरचना स्थापना गरी प्रतिकारात्मक, प्रवर्धनात्मक र उपचारात्मक सेवा दिने निर्णय गरेपश्चात् नेपालभरी हरेक गा.बि.स.मा कम्तिमा एउटा उप स्वास्थ्य चौकी, केही उप स्वास्थ्य चौकीहरूको रेकर्डिङ्ग रिपोर्टिङ्ग हेर्नेगरी इलाका स्वास्थ्य चौकी, प्रत्येक निर्बाचन क्षेत्रमा एउटा पर्नेगरी प्राथमिक स्वास्थ्य केन्द्र र जिल्ला सदरमुकाममा एउटा अस्पताल रहने तत्कालिन प्राबधान अनुसार पोखराथोकमा उप स्वास्थ्य चौकी स्थापना भएको थियो । बि.सं २०४९ सालमा स्थानिय चुनाब सम्पन्न भएपछि निर्बाचित भएका गा.बि.स. अध्यक्ष, उपाध्यक्ष लगायतका जनप्रतिनिधिहरूको निर्णयबाट स्वास्थ्य चौकीको लागि स्थान छनौट गर्ने प्रचलन थियो । निर्बाचित जनप्रतिनिधि वा राजनैतिक पार्टिको शक्ति र पहुँचका आधारमा स्थान छनौट गर्ने गरिन्थ्यो भनेर अनुमान गर्न आजका दिनमा पनि सहजै सकिन्छ किनकि झण्डै झण्डै तत्कालिन समयमा निर्माण भएका कुनै पनि स्वास्थ्य संस्था सबैलाई पायक पर्नेगरी गाउँको बिचोबिचमा छैन।

पोखराथोक उप स्वास्थ्य चौकीको लागि स्थान छनौट प्रक्रिया पनि जटिल थियो भन्ने कुरा त्यतिबेलाका जानकार



ब्यक्तिहरू बताउनु हुन्छ । पोखराथोककै सबैभन्दा अशिक्षित, गरीब पछाडी परेको जनसंख्या कुमालहरूको थियो । करिब २०० घर कुमालहरूको शिक्षा स्वास्थ्यमा पहुँच असाध्यै न्युन थियो । पोखराथोकको तल्लो क्षेत्रको तुलनामा माथिल्लो क्षेत्रमा बाटोको सुबिधा थियो, बिद्यालयको सुबिधा थियो र आर्थिक सम्पन्न मानिसहरूको बसोबास थियो र इलाका स्वास्थ्य चौकी आर्यभञ्ज्याङ्ग भन्दा वरै सिंचासमा थियो जहाँ धरमपानीबाट बढिमा आधा घण्टा सम्ममा पुगिन्थ्यो । यिनै कुराहरूलाई अगाडि सारेर ठूलै बिबादका बिच तत्कालिन गा.बि.स.अध्यक्ष नारायण प्र.कोइराला र उपाध्यक्ष खगदेब न्यौपानेको टिमले स्वास्थ्य संस्थाको भवन पोखराथोकको पिछडिएको कुमाल समुदायको बिच देउरालीमा बनाउने निर्णय गरेको जानकार ब्यक्तिहरू बताउनुहुन्छ । स्वास्थ्य संस्थाको भवन बनाउने स्थानको टुङ्गो लागेपछि आ.ब.२०५२/२०५३ तिर करिब ५० हजार बजेट बिनियोजन गरी कमल काफ्ले अध्यक्ष, दयाराम कुमाल सचिब रहेको उप स्वास्थ्य चौकी निर्माण उपभोक्ता समिति गठनगरी ३ कोठा र यौटा बरण्डासहितको भवनको निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढिरहेकै अबस्थामा भवनको कार्य केही बाँकी हुँदै बि.सं. २०५४ सालबाट पोखराथोक उप स्वास्थ्य चौकीले आफ्नो सेवा समाजसेवि डुकुल प्र.गैरेको आँपचौरको घरको एउटा कोठाबाट प्रारम्भ गरेको र केही समय डुकुल



प्र.गैरेको घरबाट नियमित सेवा प्रबाह गर्दैगर्दा देउरालीको भवनको निर्माण कार्य सम्पन्न भएकोले आफ्नै भवनमा सरी त्यहींबाट सेवा सुचारु गरेको अनुभवी ब्यक्तिहरू बताउनुहुन्छ।

पहिलो पटक उप स्वास्थ्य चौकी प्रमुखको रूपमा अ.हे.व.बिनस श्रेष्ठबाट सेवा सुचारु भएको र त्यसपश्चात् क्रमश बोम ब.क्षेत्री, दिपेन्द्र कुमार रेग्मी हुँदै बि.सं. २०६९ माघ २ गते यता हाल सम्म सरोज काफ्ले स्वास्थ्य संस्थाको प्रमुखको जिम्मेवारी निर्बाह गरेको पाइन्छ । उप स्वास्थ्य चौकी छँदा अ.हे.ब. १ जना प्रमुख, ग्रा.स्वा.का. १ जना, मा.सि.का. १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ४ जनाको दरबन्दि रहने ब्यवस्था थियो भने स्वास्थ्य चौकीमा स्तरोन्नती भए पश्चात् ६ जनाको दरबन्दि रहने प्राबधान रही आएको छ।

## हालसम्मका कर्मचारीको बिबरण

; :yf kdv ॥ बिनस श्रेष्ठ, बोम ब.क्षेत्री, दिपेन्द्र कुमार रेग्मी, सरोज काफ्ले ।

df:lz:sf÷c:g:ld÷l ; :c:g:ld॥ चम्पा ढुङ्गाना, टीकासरा चिदी, डालीमाया राना ।

uf:: jf:sf÷c:x:a÷l ; :c:x:a॥ कृष्ण पहारी, मुना थापा जर्घा, महेश ढुङ्गाना, राम प्र.सुबेदी, गीता ढकाल ।

sfofno ; xofuL ॥ सूर्य प्र.न्यौपाने, तेज ब.मश्राङ्गी, काशिराम कुमाल ।

## प्राप्त उपलब्धिहरू

–hUuf kfKt ॥ डुकुल प्र.गैरे र सुलोचना गैरेद्वारा निशुल्क ३ रोपनी जग्गा दान बि.सं.२०७० मा ।

-पूर्णखोप सुनिश्चितता गा.बि.स.घोषणा २०७० मंसिर २८

-खुल्ला दिसा मुक्त गा.बि.स.घोषणा २०७१ चैत्र १२

-पूर्ण संस्थागत सुत्केरी वडा घोषणा २०७५ मंसिर ६ (गाउँपालिकामै पहिलो वडा)

-पूर्ण सरसफाइ वडा घोषणा २०७६ जेष्ठ ३२ (सहकार्यमा)

-२ कोठे शौचालय भवन निर्माण सम्पन्न । आ.ब.२०७२/०७३ मा ।

-तालिम हलसहित २ कोठे पक्कि भवन निर्माण सम्पन्न आ.ब.२०७५/०७६ मा ।

## नमुना कार्यको शुभारम्भ

-सामुदायिक वनहरूको सहयोगमा औषधि र सामाग्री ब्यवस्थापन।

-बिभिन्न ब्यक्तिहरूको सहयोगमा मोबाइल सेट, ह्याण्ड माइक, भित्ते घडी, फिल्टर सहयोग ।

-सा.स्रो.बि.के.नेपाल पाल्पाको सहयोगमा गर्भवति परिक्षण बेड,फिटल ड्रप्लर, स्टेप, अटोस्कोप, ग्लुकोमिटर, नेबुलाइजर, बि.पि.सेट, दराज,स्टूल, मुबेबल कुर्चि, क्यानुला, गर्भ परिक्षण किटजस्ता सामाग्री प्राप्त ।

-स्वास्थ्य चौकी तहमैं पहिलो पटक फिटल ड्रप्लरबाट गर्भको बच्चाको ढुकढुकी जाँच ।

-स्वास्थ्य चौकी तहमैं पहिलो पटक ग्लुकोमिटरबाट सुगर परिक्षण ।

-स्वास्थ्य चौकी तहमैं पहिलो पटक दमको बिरामिलाई नेबुलाइजर मेशिनद्वारा बाफ दिन शुरुवात ।

-गर्भवति र परिवार बिचको अन्तरक्रिया साथमा गर्भवतिलाई अण्डा/हर्लिक्स बितरण कार्यक्रम सा.स्रो.बि.के.नेपाल पाल्पाको सहयोगमा । आ.ब.२०७३/०७४ मा ।

-नियमानुसार गर्भवति जाँच र संस्थागत सुत्केरी बढाउने अभिप्रायले पोखराथोकमै कम्तिमा ४ पटक गर्भ जाँच गरी संस्थागत सुत्केरी आमालाई रु.८००/-का दरले बितरण आ.ब.२०७३/०७४ मा ।

-०-११ महिना र १२(२३ महिनाका सर्बाधिक बृद्धि अनुगमन



गरिएका बालबालिकाका अभिभावकलाई पुरस्कृत कार्यक्रम । पुरस्कारमा सर्बोत्तम पीठो बितरण आ.ब.२०७३/०७४ मा ।

-स्थायी बन्ध्याकरण गर्ने ब्यक्तिलाई यातायात र खाजा खर्च स्वरुप रु.५००/-बितरण ।

-लु.मे.क.प्रभाससङ्ग समन्वय गरी पोखराथोक गा.बि.स.को वडा नं. ३ र ४ का सम्पूर्ण बासिन्दालाई सहुलियत दरमा उपचार गर्न कार्ड बितरण ।

-लु.मे.क.प्रभासको आर्थिक सहयोगमा कमजोर आर्थिक अबस्था भएका ५३ घर र ९ घर म.स्वा.स्वं.से.हरूको स्वास्थ्य बीमा शुरुवात ।

-लु.मे.क.प्रभास,परिवार नियोजन संघ पाल्पा, बगनासकाली गा.पा.को सहयोगमा पटक पटक बिभिन्न प्रकारका नि:शुल्क स्वास्थ्य परिक्षण शिबिर संचालन ।

-सा.स्रो.बि.के.नेपाल पाल्पाको सहयोगमा बालबिबाह न्यूनिकरणको लागि जनचेतना अभिबृद्धि कार्यक्रम ।

आ.ब. २०७३/०७४ मा ।

-नियमित बृद्धि अनुगमनका लागि ३ स्थानमा बृद्धि अनुगमन केन्द्र संचालन । हालसम्म पनि एउटा केन्द्र नियमित र प्रभाबकारी रुपमै संचालित ।

-सुआहाराको सहयोगमा बिभिन्न सामाग्री प्राप्त तथा चेतना अभिबृद्धि कार्यक्रम संचालन ।

स्वास्थ्य चौकीबाट उल्लेखित विभिन्न कार्यक्रम लगायतका अन्य बिभिन्न संघ संस्थाहरूको प्रयास र सहयोगमा बिबिध प्रकारका चेतना अभिबृद्धि कार्यक्रम संचालन गरिएको छ ।

## पुरस्कार तथा सम्मान

-जिल्ला स्वास्थ्य कार्यालय पाल्पाद्वारा आ.ब.२०७१/०७२ मा जिल्लाका ६५ वटा स्वास्थ्य संस्थाको कार्यगत मूल्याङ्कनमा पोखराथोक स्वास्थ्य चौकीलाई आठौं स्थानमा सम्मानित ।

-जिल्ला स्वास्थ्य कार्यालय पाल्पाद्वारा आ.ब.२०७२/०७३ मा जिल्लाका ६५ वटा स्वास्थ्य संस्थाको कार्यगत मूल्याङ्कनमा पोखराथोक स्वास्थ्य चौकीलाई तेस्रो स्थानमा सम्मानित ।

-बगनासकाली गा.पा.द्वारा आ.ब.२०७४/०७५ मा गा.पा.भित्रका ९ वटा स्वास्थ्य संस्थाको कार्यगत मूल्याङ्कनमा पोखराथोक स्वास्थ्य चौकीलाई पहिलो स्थानमा सम्मानित ।

## अधुरा योजनाहरु र चाहाना

आदरणिय ब्यक्तित्व खिलराज रेग्मी मन्त्रि परिषद्को अध्यक्ष भएका बेला पोखराथोक स्वास्थ्य चौकी संचालन तथा ब्यबस्थापन समितिका अध्यक्ष तिर्थप्रसाद भट्टराई र स्वास्थ्य चौकी प्रमुख सरोज काफ्लेद्वारा माडी सेरोफेरोका कसेनी, रुप्से, चिदिपानी, नायरनमतलेस, पोखराथोक र चिर्तुङ्गधारा गा.बि.स.र स्वास्थ्य चौकीहरूको सिफारिस पत्र सहित १० रोपनी जग्गाको ब्यबस्थापन गरी १५ शैयाको अस्पताल माग गर्न बालुवाटारमै पुगी माग पेश गरेको र पछि तत्कालिन स्वास्थ्य उपसचिब मुकुन्द प्र.निरौलाको टिम आई स्थलगत अध्ययनगरी अर्गनाइजेसन एण्ड म्यानेजमेन्ट सर्भे गरी प्रतिबेदन पेश भइ मन्त्रि परिषद्मा पास भएको भन्ने सुन्नमा आएको काम हुन नसक्दा असाध्यै दु:ख लागिरहेको एवं शुरुवाती दिनमै ३ रोपनी जग्गा प्राप्त भएको भएता पनि हाल सम्म नेपाल सरकारको मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माण हुन नसकेकोले सेवा थप गर्न नसक्दा स्थानियवासी र स्वास्थ्य चौकीका कर्मचारी चिन्तित भएको महसुउ गर्न सकिन्छ । यसतर्फ सरोकारवालाहरूको साथ र सहयोग भएमा निकट भबिष्यमै अधुरा योजनाहरूले सफलता प्राप्त गरी गाउँवासीले नयाँ थप सेवा नजिकैको स्वास्थ्य चौकीबाटै पाउन सकिन्थ्यो भनी चिन्तित रहेको महसुस हुन्छ ।

यसरी हेर्दा पोखराथोक स्वास्थ्य चौकीले पाल्पा जिल्लाकै स्वास्थ्य चौकीहरूमध्ये आफुलाई अलि अब्बल स्वास्थ्य चौकीको रूपमा स्थापित गर्न खोजेको भएपनि समयसापेक्ष रूपमा आफुलाई अगाडी बढाउन केही अप्ठेरो परिस्थितिको सामना गर्नुपरेको देखिन्छ । बर्तमान समयमा कोभिड-१९ ले ल्याएको अप्ठेरो र जनसमुदायको चाहनाबिच केही तालमेल नमिलेको भएपनि कर्मचारीले आफुपनि जोगिएर समुदायलाई पनि जोगाउने गरी कार्यसम्पादन गरिरहेको र कोभिड-१९ को समस्या हट्दै गएपछि पुरानै जोश र जाँगरमा सेवा प्रवाह गर्न आफुहरू प्रतिक्षारत रहेको पनि महशुश गर्न सकिन्छ ।

# चिर्तुङ्धारा स्वास्थ्य चौकी संक्षिप्त चिनारी

*हिमालको चिसो हावा लाग्ने ठाउँबाट माडीको फाँटसम्मको भौगोलिक बनावट समेटेको यो वडामा स्वास्थ्यको पूर्वाधारको रूपमा स्वास्थ्य चौकी १, स्वास्थ्यकर्मी ५, कार्यालय सहायक १ समेत ६ जना स्वास्थ्यकर्मी रहेका छन् ।*



**नोदप्रसाद बस्याल**
**स्वास्थ्य चौकी प्रमुख**

तानसेन नगरपालिका सदरमुकामसँग जोडिएको बगनासकाली गाउँपालिका अन्तर्गत वडा नं. १ मा अवस्थित चिर्तुङधारा स्वास्थ्य चौकी पाल्पा जिल्लाको सदरमुकामबाट करिब ११ कि.मि.पूर्वमा सिद्धार्थ राजमार्गले विच भागबाट काटेको छ । हिमालको चिसो हावा लाग्ने ठाउँबाट माडीको फाँटसम्मको भौगोलिक बनावट समेटेको यो वडामा स्वास्थ्यको पूर्वाधारको रूपमा स्वास्थ्य चौकी १, स्वास्थ्यकर्मी ५, कार्यालय सहायक १ समेत ६ जना स्वास्थ्यकर्मी रहेका छन् ।

यसैगरी स्वास्थ्य संस्थाले सवै भाग समेट्न नसक्ने हुनाले ४ वटा क्लीनीक र ४ वटा खोपकेन्द्र मार्फत स्वास्थ्यका सेवाहरू दिइएको छ । यसमा शिशुहरूलाई खोप सेवा, पोषण कार्यक्रममार्पत बच्चा तौलने सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व कार्यक्रम मार्फत गर्भवती प्रोटोकल अनुसार ४,६,८ र ९ महिनामा जाँच, अर्थरोगीको अनुगमन सेवा, कुष्ठरोगीको खोज पहिचान जस्ता कार्यहरूमा स्वास्थ्यकर्मीहरू निरन्तर रूपमा खटिरहेको कुरालाई नकार्न सकिन्न । ८४ वर्ष कटेका जेष्ठ नागरिकको घरमा गई स्वास्थ्य जाँच पहिचानका साथै स्वास्थ्यको आधार स्तम्भको रूपमा वडामा १० जना महिला स्वयम सेविका कार्यरत छन् । वहाँहरूमार्फत आ आफ्नो टोलमा स्वास प्रस्वासका विरामीको जाँच, पखालाका ५ वर्षमुनिका बच्चाहरूलाई जल वियोजन हुनबाट उपचार र पोषणजस्ता कार्यहरूको साथै बालबालिकाहरूलाई अभियानको रूपमा भिटामीन ए र जुकाको औषधी खुवाउनको साथै बच्चा, खोप केन्द्र ल्याउन गए नभएको पहिचान गर्ने र पठाउने कार्य समेत निरन्तर गरिरहनु भएको छ ।

जम्मा ७२ प्रतिशत जनसंख्या मगर जनजाती रहेको यो वडामा ब्राह्मण, क्षेत्री, वि.क., परियार, नेपाली, घर्ती लगायतका जातजातीको वस्ती रहेको यो वडा दक्षिण भागमा फर्केपछि पानीका मुलहरू प्रसस्त भएकाले खानेपानी साथै सिंचाइको राम्रो व्यवस्था रहनुको साथै वैदेशिक रोजगार, कुखुरा, बंगुरपालन र तरकारी खेतीले यो वडालाई आर्थिकस्तर वृद्धि गर्न निरन्तर टेवा पुऱ्याएको छ ।

यस वडामा रहेका स्वास्थ्य आधारस्तम्भको रूपमा रहेको स्वास्थ्य चौकीका कर्मचारी र महिला स्वास्थ्य सेविकाको विवरण यसप्रकार छ ।

| क्र.सं. नामथर | पद | सम्पर्क नं. |
|---|---|---|
| १. नोदप्रसाद बस्याल | स्वा.चौकी प्रमुख | ९८५७०६२७१५ |
| २. मन्दिरा ज्ञवाली | सि.अ.न.मि.निरीक्षक | ९८४७१६८१६८ |
| ३. चम्मा ढुंगाना | सि.अ.न.मि. | ९८४४७६०७७० |
| ४. महेश ढुंगाना | अ.हे.व. | ९८४७०६९४९६ |
| ५. कल्पना अर्याल | अ.न.मि. | ९८४७५१६६९७ |
| ६. विष्णुकुमारी चिदी | कार्यालय सहायक | ९८६७३१५३६१ |
| ७. विष्णुमाया सिंजाली | म.स्वा.स्व.से. | ९८४७१५०९७९ |
| ८. सुकमाया हितागं | म.स्वा.स्व.से. | ९८४७३९९११० |
| ९. मथुरा ढुंगाना | म.स्वा.स्व.से. | ९८४७१०२५२४ |
| १०.दमन्ती रेष्मी | म.स्वा.स्व.से. | ९८४७३०९०२० |
| ११.दुर्गा राना | म.स्वा.स्व.से. | ९८६७२४४१०४ |
| १२.पेमा चिदी | म.स्वा.स्व.से. | ९८४७०६७०३८ |
| १३.शान्ती कुमार | म.स्वा.स्व.से. | ९८४९१८२३३१ |
| १४.दिलमति गाहा | म.स्वा.स्व.से. | ९८४७३८८४४९ |
| १५.उमा झेंडी | म.स्वा.स्व.से. | ९८४७३३६५०० |
| १६.भुनाकुमारी बलाल | म.स्वा.स्व.से. | ९८४७१७३१६४ |

## बगनासकाली गाउँपालिकास्तरीय बालमैत्री शासन कार्यदल

| सि.नं. | नाम, थर | पद | ठेगाना | शाखा/क्षेत्र | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती चिदी | संयोजक | वगनासकाली गा.पा. | गा.पा.उपाध्यक्ष | ९८४७०४२२६६ |
| २ | श्री सुरेश घिमिरे | सह संयोजक | बगनासकाली गा.पा. | प्र.प्र.अधिकृत | ९८५७०६८८६८ |
| ३ | श्री ठानेश्वर तिमिल्सिना | सदस्य | वगनासकाली गा.पा. | वडा अध्यक्ष ९ नं. | ९८५७०६०११८ |
| ४ | श्री टिकावहादुर थापा | सदस्य | वगनासकाली गा.पा. | वडा अध्यक्ष ३ नं. | ९८४७०४५१७३ |
| ५ | श्री खुमादेवी भट्टराई | सदस्य | वगनासकाली गा.पा. | कार्यपालिका सदस्य | ९८४७३४७५०७ |
| ६ | श्री गुनाराम खनाल | सदस्य | बगनासकाली गा.पा. | शिक्षा शाखा प्रमुख | ९८५७०६५८८० |
| ७ | श्री मणिराम अधिकारी | सदस्य | बगनासकाली गा.पा. | स्वास्थ्य शाखा प्रमुख | ९८५७०६२१६८ |
| ८ | श्री धन कुमारी राना | सदस्य | बगनासकाली गा.पा. | महिला बालबालिका | ९८४७११३०६५ |
| ९ | श्री गुनाराम खनाल | सदस्य सचिव | वगनासकाली गा.पा. | बालमैत्री शाखा | ९८४७०६८२०६ |
| १० | श्री कोशलराज पौडेल | सल्लाहकार | वगनासकाली गा.पा. | लेखा अधिकृत | ९८५७०६८४६४ |

## बगनासकाली गाउँपालिकाका १ देखी ९ नं. वडामा रहेका बालमैत्री स्थानीय शासन वडा फोकल पर्सनहरूको नामावली र सम्पर्क नम्बर

| सि.नं. | नाम, थर | कार्यरत कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री नन्दा चिदी | १ नं. वडा कार्यालय चिर्तुङधारा | ९८४७११५८११ |
| २ | श्री सनु खड्का | २ नं. वडा कार्यालय, पोखराथोक | ९८६७१६७२६८ |
| ३ | श्री गोविन्दप्रसाद न्यौपाने | ३ नं. वडा कार्यालय, नायरनम्तलेस | ९८४७१२७८९७ |
| ४ | श्री हिमराज न्यौपाने | ४ नं. वडा कार्यालय, खानीछाप | ९८४७११८१५५ |
| ५ | श्री मदनलाल न्यौपाने | ५ नं. वडा कार्यालय, दर्लमडाडाँ | ९८४६८०८१०३ |
| ६ | श्री सुमित्रा भण्डारी बस्याल | ६ नं. वडा कार्यालय, यम्घा | ९८४७५१६८५१ |
| ७ | श्री गोपालबहादुर सोमरे | ७ नं. वडा कार्यालय, खानीगाउँ | ९८४७१७३८३१ |
| ८ | श्री बुधमाया वि.क. | ८ नं. वडा कार्यालय, वराङदी | ९८६७४६८३७५ |
| ९ | श्री विष्णु तिमिल्सेना | ९ नं. वडा कार्यालय, चापपानी | ९८६७३५४४७३ |

## बगनासकाली गाउँपालिकास्तरीय बालसञ्जालका पदाधिकारीहरू

| सि.नं. | पद | नाम,थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री नारायण न्यौपाने 'प्रशान्त' | वडा नं. ७ | ९८६७५४१६८५ |
| २ | उपाध्यक्ष | श्री ईन्दु गाहा | वडा नं. ३ | ९८४७१२९८६५ |
| ३ | सचिव | श्री बसन्ती राना | वडा नं. ५ | ९८११४९४१७६ |
| ४ | कोषाध्यक्ष | श्री दिनेश पाण्डे | वडा नं. १ | ९८४७०६७०४८ |
| ५. | सदस्य | श्री मञ्जिला बस्याल | वडा नं. ६ | ९८६२५८०५८५ |
| ६ | ,, | श्री उदयराज बस्याल | वडा नं. ६ | ९८४७३९८२६० |
| ७ | ,, | श्री शिशिर बस्याल | वडा नं. ८ | ९८४७११३९१६ |
| ८ | ,, | श्री रिता भट्राई | वडा नं. ९ | ९८४७४१०५१२ |
| ९ | ,, | श्री सञ्जिव ढुंगाना | वडा नं. १ | ९८६७७२१२९६ |
| १० | ,, | श्री निशा खराल | वडा नं. २ | ९८६३२९४७२९ |
| ११ | ,, | श्री हुमबहादुर दर्लामी | वडा नं. ४ | ९८४७५६९३६६ |

## बालमैत्री स्थानीय शासन कार्यक्रमका लागि गठित वडास्तरीय बालसंरक्षण तथा सर्म्वधन समितिको विवरणः

### १ नं. वडा चिर्तुङधारा

श्री शालिकराम ढुंगाना - अध्यक्ष
श्री पदम कुमारी राना - उपाध्यक्ष
श्री भगवती वस्याल - सचिव
श्री गुनवहादुर गाहा - कोषाध्यक्ष
श्री जनुका रेश्मी - सदस्य
श्री बलवहादुर दिशा - सदस्य
श्री विमला गाहा - सदस्य
श्री चुनीकला राना - सदस्य
श्री सुकमाया हिताङ - सदस्य
श्री नन्दा चिदी -बैठक सहजकर्ता, बालमैत्री वडा फोकल पर्सन

### २ नं. वडा पोखराथोक

श्री गीता रेग्मी - अध्यक्ष
श्री नारायणी खराल - उपाध्यक्ष
श्री विश्वनाथ गैरे - सचिव
श्री विजया भट्टराई - कोषाध्यक्ष
श्री बालकृष्ण गैरे - सदस्य
श्री सुरेश गहिरे - सदस्य
श्री हुमा बगाले - सदस्य
श्री सरोज काफ्ले - सदस्य
श्री मोहन प्रसाद गैरे - सदस्य
श्री सोनु खड्का गैरे -बैठक सहजकर्ता, बालमैत्री वडा फोकल पर्सन

### ३ नं.वडा नायर नमतलेस

श्री चन्द्रकला न्यौपाने - अध्यक्ष
श्री झमानसिंह रसाली - उपाध्यक्ष
श्री उर्भिला कुवर - सचिव
श्री मिना श्रेष्ठ - सह सचिव
श्री धनमाया बगाले - कोषाध्यक्ष
श्री डेमवहादुर गाहा - सदस्य
श्री उषा ढुंगाना - सदस्य प्रहरी चौकी
श्री नारायणी खनाल - सदस्य
श्री बेलीसरा कुवर - सदस्य
श्री गोविन्द न्यौपाने -बैठक सहजकर्ता, बालमैत्री वडा फोकल पर्सन

### ४ नं. वडा खानीछाप

श्री पोषकान्त तिमिल्सेना - अध्यक्ष
श्री डानीमाया दर्लामी - सचिव
श्री हुमी सारु - कोषाध्यक्ष
श्री ओमप्रकाश न्यौपाने - सदस्य
श्री योगेन्द्र तिमिल्सेना - सदस्य
श्री मानबहादुर बाकावल - सदस्य
श्री पुरन दर्लामी - सदस्य
श्री तिलबहादुर गाहा - सदस्य
श्री धनकुमारी चर्ति - सदस्य
श्री हिमराज न्यौपाने -बैठक सहजकर्ता, बालमैत्रीवडा फोकल पर्सन

### ५ नं. वडा दर्लमडाडाँ

श्री सरोज श्रेष्ठ - अध्यक्ष
श्री कमला गैरे - उपाध्यक्ष
श्री मिनवहादुर राना - सचिव
श्री कृष्ण भट्टराई - सह सचिव
श्री ठगीसरा गैरे - सदस्य
श्री धनकुमारी गैरे - सदस्य
श्री भूमिका खाम्चा - सदस्य
श्री लक्षिमा गैरे - सदस्य
श्री कुलवहादुर मश्रांगी - सदस्य
श्री मदनलाल न्यौपाने -बैठक सहजकर्ता बालमैत्री वडा फोकल पर्सन

### ६ नं. वडा यम्घा

श्री शिव प्रसाद वस्याल - अध्यक्ष
श्री कविता खनाल - उपाध्यक्ष
श्री तेजराज पाण्डेय - सचिव
श्री रम्भा विश्वकर्मा - कोषाध्यक्ष
श्री हुमकला गैरे - सदस्य
श्री मेघलाल पराजुली - सदस्य
श्री झपेन्द्रप्रसाद वस्याल - सदस्य
श्री खगेन्द्र सापकोटा - सदस्य
श्री पोषकुमारी गाहा - सदस्य
श्री सुमित्रा भण्डारी बैठक सहजकर्ता, वडा समिति सदस्य सचिव

### ७ नं. वडा खानीगाउँ

श्री हरि प्रसाद गैरे - अध्यक्ष
श्री माधवप्रसाद भट्टराई - सचिव
श्री गंगा नेपाल - कोषाध्यक्ष
श्री मानवहादुर सोमै - सदस्य
श्री सुकमाया सुनार - सदस्य
श्री सुनमाया श्रेष्ठ - सदस्य
श्री लोकेन्द्रबहादुर सोमै - सदस्य
श्री डिलकुमारी सोमै - सदस्य
श्री हेमा तिमिल्सेना - सदस्य
श्री गोपालबहादुर सोमरे -बैठक सहजकर्ता, वडा फोकल पर्सन

### ८ नं. वडा बराङ्दी

श्री जगदिश वस्याल - अध्यक्ष
श्री मोतिलाल वस्याल - सचिव
श्री रिता घिमिरे - कोषाध्यक्ष
श्री केशवमणी वस्याल - सदस्य
श्री निर्मला न्यौपाने - सदस्य
श्री गिमादेवी घिमिरे - सदस्य
श्री टोपला वस्याल - सदस्य
श्री निर्मला वस्याल - सदस्य
श्री दयाराज न्यौपाने - सदस्य
श्री बुद्धमाया वि.क. -बैठक सहजकर्ता, वडा फोकल पर्सन

### ९ नं.वडा चापपानी

श्री भगवान भुषाल - अध्यक्ष
श्री पेमा वस्याल - सदस्य
श्री कृष्णप्रसाद वस्याल - सदस्य
श्री मुना ढकाल - सदस्य
श्री बुद्ध मल्ल - सदस्य
श्री शोभाकर पाण्डे - सदस्य
श्री गोविन्दबहादुर मगर - सदस्य
श्री कृष्ण सिंजाली - सदस्य
श्री विष्णु तिमिल्सेना -बैठक सहजकर्ता बालमैत्री वडा फोकल पर्सन

# महिलाको स्वास्थ्य समस्याबारे सचेत बनौं सहयोग गरौं



सीता गौतम
l; cgdL (स्वास्थ्य शाखा)
बगनासकाली गाउँपालिका

*उमेर ढल्किदै जाँदा महिलामा हुने शारीरिक परिवर्तन तथा हर्मोनको उत्पादनमा आउने उतार चढावका कारणले मनोभावनामा पनि प्रत्यक्ष असर पर्न जान्छ। महिनावारी अनियमित हुने, अत्यधिक रक्तस्राव हुने,कहिलेकाहीँ लामो समयसम्म थोपाथोपा रगत बगिरहने, कम्मर तथा तल्लो पेट दुख्ने जस्ता समस्याहरू बढ्दै जान्छन् ।*

श्रृष्टीको प्रारुप महिला जन्मेदेखि नै उनमा हुने विषेश क्षमताको कारण हरेक परिस्थितिको सामना गर्न सक्षम हुन्छन् भन्ने उदाहरण बाल्यकालदेखि नै सुन्दै आएको हो । क्रमश: आफ्नै जीवनको गतिसंगै विभिन्न अनुभव र अप्ठेराहरूलाई पार गर्ने क्रममा उमेरसँगै बढ्दैजाने महिलाका स्वास्थ्य समस्याले थाहै नपाई पिरोलिरहेको हुन्छ। किशोरावस्थामा प्रवेश गरेसँगै पहिलो पटक हुने महिनावारी र क्रमश: बढ्दै जाने शारीरिक वृद्धि विकास तथा हर्मोन उत्पादनले देखाउने मनोसामाजिक परिवर्तनलाई प्राकृतिक वरदान सम्झेर आत्मसात गर्दै निरन्तर अघि बढिरहेकी महिलाले भोग्नु पर्ने चुनौती र जटिलतालाई हाम्रो समाजमा सहजै लिने गरिन्छ । महिनावारी हुनु, परिपक्व उमेर (२० वर्ष पूरा) भएपछि बिवाह गर्नु, सन्तानलाई जन्मदिनु, स्तनपान, पालनपोषण गरी हुर्काउने बढाउने सबै क्रियाकलाप नियमित रुपमा सबैले गरेका हुन्छन् जस्तो देखिए तापनि यी सबै चरणहरू पार गर्ने क्रममा एउटी महिलाले भोग्ने पीडा र चुनौती निकै कठिन  हुन्छ ।

उमेर ढल्किदै जाँदा महिलामा हुने शारीरिक परिवर्तन तथा हर्मोनको उत्पादनमा आउने उतार चढावका कारणले मनोभावनामा पनि प्रत्यक्ष असर पर्न जान्छ। महिनावारी अनियमित हुने, अत्यधिक रक्तस्राव हुने,कहिलेकाहीँ लामो समयसम्म थोपाथोपा रगत बगिरहने, कम्मर तथा तल्लो पेट दुख्ने जस्ता समस्याहरू बढ्दै जान्छन् । कहिलेकाहीँ यस्ता समस्याहरूले जटिल अवस्था समेत सृजना गर्दछ । महिनावारी सुक्ने (सामान्यतया ४५ बर्ष उमेर पूरा भएपछि) उमेरतिर यस्ता समस्याहरू देखिन थाल्छन् । कसैमा बढी र कसैमा कम हुने भएपनि  आम महिलाका प्रजनन् स्वास्थ्य समस्याहरू उस्तै हुन्छन् । ढल्किदो उमेरमा शरिरका विभिन्न मांशपेसीहरु खुकुलो हुँदै जाने र छालामा चाउरीपना देखिने हुन्छ । महिलाको प्रजनन् अंगहरूलाई अडाएर राख्ने मांशपेसीहरू खुकुलो हुँदै जाँदा पाठेघरले ठाउँ छोडेर तल खस्कने, पिसाव थैलीको अगाडिको भाग तल झोलिने साथै दिसा थैलीको तल्लो भाग समेत योनिद्वारतिर आएको अनुभव हुने जस्ता समस्याहरू आउन थाल्छन । योनीमार्गबाट बच्चा जन्माएका महिलाहरूमा यस्तो खालका समस्याहरू बढी हुने गर्दछन् भने शल्यक्रियाबाट बच्चा जन्माउनेहरूमा ढाड कम्मर दुख्ने समस्या भएको पाईन्छ । यसरी उमेर बढ्दै जाँदा पिसाव रोक्न नसकिने, दिसा रोक्न गाह्रो हुने, पाठेघर खस्ने, खोक्दा  हाँच्छ्यू गर्दा पिसाव चुहिने जस्ता समस्याहरू देखा पर्दछन् । कुनै कुनै महिलाहरूमा सेतोपानी बग्ने, गन्हाउने, चिलाउने र यस्ता समस्याहरू बढ्दै गएर प्रजनन अंगहरूको संक्रमण समेत हुन सक्छ । समयमै उपचार नभएमा र जोखिम व्यवहार हुन गएमा यौन रोग संक्रमणको सम्भावना रहन्छ ।

महिनावारी सुक्दै गएपछि हर्मोनको उत्पादन पनि बन्द हुने हुँदा हड्डी कमजोर हुने, ढाड दुख्ने, चिढचिढापन बढ्ने, यौनइच्छा घट्ने, स्तनमा गाठागुठी बढेर क्यान्सर समेत हुन सक्ने हुन्छ । त्यसैगरी पाठेघरमा वा पाठेघरको मुखको क्यान्सर आदि समस्याहरू हुन सक्छन् । यस्ता समस्याहरूको कारण महिलाको मानसिक स्थितिमा समेत उतार चढाव आउन सक्छ । महिलाहरूले आफ्नो स्वास्थ्य प्रति कमै ध्यान दिने, बालवच्चाको लालनपालन तथा पारिवारिक जिम्मेवारीको बोझका

कारण आफ्ना समस्याहरूलाई महत्त्व नदिने गर्नाले पनि धेरै जसो ग्रामीण तथा घरेलु महिलाको प्रजनन स्वास्थ्यमा ध्यान पुगेको देखिदैन। शहरी तथा कामकाजी महिलाहरूपनि कार्यव्यस्तताको कारण आफ्नो स्वास्थ्य प्रति हुनु पर्ने जति सचेत भएको पाईदैन। महिलाको प्रजनन समस्या लुकेको व्यथा जस्तै हुने भएकोले महिला स्वयंले आफूलाई परेको समस्या नभनेसम्म यसको पहिचान र समाधान गर्न गाह्रो हुन्छ । आफ्ना समस्या भन्न लजाउने, परिवारका सदस्यहरुले थाहा नपाउने, सानो समस्या बल्भदै गएर रोगको रुप लिने र उपचार प्रक्रिया जटिल तथा निको नहुने अवस्था समेत आउन सक्ने हुदाँ समयमै आफ्नो स्वास्थ्य प्रति सचेत हुन जरुरी हुन्छ। हाम्रो समाजमा अझै पनि महिलाको निर्णय प्राथमिकतामा नपर्ने अवस्था विद्यमान छ । आफ्नो भलाईका निमित्त आफै निर्णय लिई कार्यान्वयन गर्न हिचकिचाउने परिपाटी भएको अवस्थामा सबै भन्दा नजिकको व्यक्ति श्रीमान् हुने भएकोले आफ्नो परिवारको स्वास्थ्य अवस्था प्रति श्रीमान जिम्मेवार हुन अति आवश्यक छ । पुरुषको सकारात्मक सहभागिता बिना महिलाको प्रजनन् स्वास्थ्य अवस्थामा गुणात्मक सुधार गर्न असम्भव हुन्छ । तसर्थ हाम्रो समाजमा महिलाको स्वास्थ्य सवल वनाउन पुरुषको सहभागिताको महत्त्वपूर्ण स्थान रहेको तथ्य मनन गर्न आवश्यक छ ।

भनिन्छ नी एउटी महिला शिक्षित भए पुरै परिवार शिक्षित हुन्छ ठिक त्यसै गरी एक महिला स्वस्थ्य भए उनले पुरै परिवारको स्वास्थ्यमा ध्यान दिन सक्छिन् । त्यसैले महिलाको स्वास्थ्य सबल राख्न परिवारको हरेक सदस्यले ध्यान दिनुपर्छ । शिक्षित र सचेत व्यक्तिहरूले छरछिमेक र समुदायमा जायज कुराको वकालत गरेमात्र सकारात्मक परिवर्तन सम्भव छ । नभुलौं, स्वस्थ्य महिला समाज विकासको बलियो आधार बन्न सक्दछिन् ।

वालवालिकालाई भिटामिन ए खुवाउने, समुदाय स्तरमा सचेतना जगाउने, कुनैपनि स्वास्थ्य समस्या बारे सबै भन्दा पहिले सुचना लिने र आवश्यक परामर्श दिने महिला स्वास्थ्य स्वयमसेविका मात्र होईन असल संस्कार र शिक्षा दिने पहिलो गुरुआमा पनि महिला नै हुन् ।



# पीडित न्याय प्रणाली : यसको आवश्यकता र नेपालमा यस सम्बन्धी व्यवस्था



**हरिहर गैरे**
वडा सचिव, बगनासकाली-२
पोखराथोक, पाल्पा

### विषय प्रवेश :

जहाँ अपराध हुन्छ त्यहाँ पीडक र पीडित दुई पक्ष रहेका हुन्छन् । अपराधबाट पीडितहरूको हक,अधिकार र न्यायको लागि अध्ययन अनुसन्धान गर्ने विधि, प्रक्रिया तथा पद्धती नै पीडित न्याय प्रणली हो । यसले पीडितको न्यायको पक्षमा वकालत गर्ने गर्दछ । पीडित न्याय प्रणालीको अवधारणाको विकास १९ औं शताब्दीको मध्यतिर भएको पाईन्छ । सन् १९४७ मा रुमानियन वकिल Benjamin Mendelson ले सर्वप्रथम Victimology शब्दको प्रयोग गरेका थिए । वास्तवमा यसले पीडितलाई राहत र क्षतिपूर्ति दिएवापत अपराधीको सजायमा छुट वा कटौती हुनु हुदैन भन्ने मान्यता राखेको हुन्छ। राहत र क्षतिपूर्ति अपराधीबाट भराईन्छ । निजबाट भराउन नसके राज्यले जिम्मा लिनुपर्छ । नेपालको संविधानले अपराध पीडितको हकलाई मौलिक हकको रूपमा स्वीकार गरेको अवस्था छ । पीडित न्याय प्रणालीले देहायका विषयबस्तुलाई समेटेको हुन्छ ।

-पीडितलाई समुचित न्याय ।
-पीडितलाई राहत र क्षतिपूर्ति ।
-रोजगारीको अवसर ।
-नि:शुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था ।
-तालिम, सीप र प्रशिक्षण ।
-पीडितलाई पुन: स्थापना र पुन: सामाजिकिकरण ।
-मुद्दा फिर्ता लिनु अगाडी पीडितको सहमति लिने ।
-पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा
-कारवाही सम्बन्धी जानकारी हुने ।
-नि:शुल्क कानूनी उपचार ।

### पीडित न्याय प्रणालीको आवश्यकता :

फौजदारी न्याय प्रणालीमा पीडित न्याय प्रणालीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसमा पीडितको न्यायको लागि पीडकले सजाय पाउनुमात्र नभई पीडितले उचित राहत र क्षतिपूर्ति पाउनु पनि रहेको हुन्छ । वास्तवमा देहायमा उल्लेखित विषयवस्तुलाई व्यवहारिकतामा ढाल्नको लागि पीडित न्याय प्रणलीको आवश्यकता रहेको पाईन्छ ।

-पीडित पक्षलाई न्याय दिन ।
-पीडितलाई राहत र क्षतिपूर्ति दिन ।
-अपराधको मात्रा घटाउन ।
-अपराध अनुसन्धानमा समाजको क्रियाशिलता बढाउन ।
-मानव अधिकारको सम्मान र संरक्षण गर्न ।
-फैसला कार्यान्वयनमा सहजता गराउन ।
-मुद्दामा प्रमाण जुटाउन सहज पार्न ।
-राज्यको दायित्व न्यूनीकरण गर्न ।
-गरिबी निवारणमा योगदान गर्न ।
-सामाजिक न्याय कायम गर्न ।
-आपराधिक क्रियाकलाप नियन्त्रणमा राज्यलाई सहयोग गर्न ।
-अपराधीले लुकाएको सम्पत्ति पत्ता लगाउन ।
-पीडितको पुन: स्थापना/पुन: सामाजिकिकरण गर्न ।

### नेपालमा पीडित न्याय प्रणलीका लागि भएको व्यवस्था :

नेपालमा पीडित न्याय प्रणलीको लागि विभिन्न व्यवस्था तथा प्रयासहरू भएको पाईन्छ जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

-नेपालको संविधान (न्याय संबन्धी हक, अपराध पीडितको हक)
-खाद्य ऐन, २०२३

-सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
-यातायात संबन्धी क्षतिपूर्ति ऐन, २०५३
-वातावरण संरक्षण ऐन, २०५३
-उपभोक्ता संरक्षण ऐन, २०७५
-नागरिक अधिकार ऐन, २०१२
-प्रमाण ऐन, २०३१
-विद्युतिय कारोवार ऐन, २०६३
-कानुनी सहायता सम्बन्धी ऐन, २०५४
-प्रतिलिपी अधिकार ऐन, २०५९
-मानव वेचविखन तथा ओसारपोसार नियन्त्रण ऐन, २०६४
-संगठित अपराध नियन्त्रण ऐन, २०७०
-बालबालिका सम्बन्धी ऐन, २०७५
-जिल्ला अदालत नियमावली, २०७५
-उच्च अदालत नियमावली, २०७३
-सर्वोच्च अदालत नियमावली, २०७४
-मुलुकी फौजदारी संहिता, २०७४
-घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
-सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४
-चालु योजनामा नीतिगत व्यवस्था ।
-महान्यायाधिवक्ताको संयोजकत्वमा पीडित संरक्षण सुझाव समितिको व्यवस्था ।

अत: पीडित न्याय प्रणाली फौजदारी न्याय/कानूनको महत्वपूर्ण पक्ष हो । यसको विकास भएको लामो समय भएको छैन । फौजदारी कसूरमा अपराध गर्ने व्यक्तिलाई सजाय गरेर मात्र वास्तविक न्याय प्राप्त हुदैंन, जवसम्म पीडितले व्यहोरेको क्षति वापत उचित राहत र क्षतिपूर्ति प्राप्त गर्दैन । संविधानत: मौलिक हकको रूपमा अपराध पीडितको हक तथा ऐनको रूपमा अपराध पीडित संरक्षण ऐन २०७५ जारी भई कार्यान्वयनमा रहेका छन । यी व्यवस्थाले पक्कै पनी पीडित न्याय प्रणलीलाई विविध कानुनमा समाहित गर्दै वास्तविक न्यायको प्रत्याभूति गर्ने दिशामा सकारात्मक भूमिका खेल्नेछ ।

## ;Gbe ;fdfu|L


१. नेपालको संविधान, कानून व्यवस्था समिति काठमाडौं, २०७२
२. खनाल, गोविन्द (२०७५), समसामयिक कानून तथा अभ्यास, पैरवी प्रकाशन, काठमाण्डौ, नेपाल
३. खड्का, तुल (२०७६) समसामयिक कानून तथा अभ्यास, जे.बी. पब्लिकेशन, कीर्तिपुर, काठमाडौं नेपाल ।


# बगनासकाली गाउँपालिका पुननिर्माण सम्बन्धी प्रतिवेदन

| q|m; | ;rsx¿÷ljj/0f | ;Vof |
|---|---|---|
| s_ lghL cfjf; ;DaGwL | | |
| १. | सर्भेक्षण सम्पन्न भएको जम्मा घरपरिवार | -छैन |
| २. | पहिचान भएका लाभग्राही | ६०४ |
| ३. | अनुदान सम्झौता गरेका लाभग्राही | ५२८ |
| ४. | सम्झौता हुन नसकेका लाभग्राही | ७६ |
| ५. | प्रथम किस्ता प्राप्त गर्ने लाभग्राही | ५२५ |
| ६. | घर निर्माण गर्न सुरु गरेका लाभग्राही | ३५५ |
| ७. | दोस्रो किस्ताको लागि निवेदन दिने लाभग्राही | ३४६ |
| ८. | दोस्रो किस्ताको लागि प्रमाणीकरण भएका लाभग्राही | ३९९ |
| ९. | दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | ३७७ |
| १०. | दोस्रो किस्ताको लागि प्रमाणीकरण हुन नसकेका लाभग्राही | छैन |
| ११. | तेस्रो किस्ताको लागि निवेदन दिने लाभग्राही | २९७ |
| १२. | तेस्रो किस्ताको लागि प्रमाणीकरण भएका लाभग्राही | २९५ |
| १३. | तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | २९५ |
| १४. | दर्ता भएका जम्मा गुनासो संख्या | २९५ |
| १५. | फर्छ्यौट भएका जम्मा गुनासो | छैन |
| v_ j:tL ljsf; ;DaGwL | | |
| १६. | जोखीमयुक्त बस्तीबाट अन्यत्र जग्गा खरीद गरी जान चाहने लाभग्राही | छैन |
| १७. | जोखिमयुक्त वस्तीबाट एकीकृत बस्तीमा जान चाहने लाभग्राही | छैन |
| १८. | पूर्वाधार संरचना निर्माण गरी सुरक्षित गर्न सकिने वस्तीहरू | छैन |
| u_ lhljsfkfhg tyf /fhuf/L tk|m | | |
| १९. | हालसम्म गाउँपालिकाभित्र सिकर्मी/डकर्मी तालिम दिइएको मानिसको संख्या | ८० |
| २०. | जिल्लामा आवश्यक सिकर्मी/डकर्मी तालिम दिनुपर्ने मानिसको संख्या | छैन |

*kltjbs – ;lgn sdf/ >i7 -0lGhlgo/_*

# बगनासकाली गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको विवरण

## (गाउँकार्यपालिका स्वास्थ्य शाखा र सबै वार्डमा रहेका स्वास्थ्य चौकी)

| क्र.सं. | नामथर | कार्यरत संस्था | पद |
|---|---|---|---|
| १. | मणिराम अधिकारी | बगनासकाली गाउँपालिका | जनस्वास्थ्य निरीक्षक (शाखा प्रमुख) |
| २. | सीता गौतम | बगनासकाली गाउँपालिका | सि.अ.न.मी. निरीक्षक |
| ३. | उमादेवी भट्टराई | बगनासकाली गाउँपालिका | अ.हे.व. |
| ४. | नोदप्रसाद बस्याल | चिर्तुङ्धारा स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज १ नं.) |
| ५. | महेश ढुंगाना | चिर्तुङ्धारा स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. १) |
| ६. | मन्दिरा ज्ञवाली | चिर्तुङ्धारा स्वास्थ्य चौकी | सि.अ.न.मी. निरीक्षक (वडा नं. १) |
| ७. | चम्पा ढुंगाना | चिर्तुङ्धारा स्वास्थ्य चौकी | सि.अ.न.मी (वडा नं. १) |
| ८. | कल्पना अर्याल | चिर्तुङ्धारा स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. १) |
| ९. | सरोज काफ्ले | पोखराथोक स्वास्थ्य चौकी | जनस्वास्थ्य निरीक्षक (इन्चार्ज २ नं.) |
| १०. | रामप्रसाद सुवेदी | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. २) |
| ११. | गीता ढकाल | पोखराथोक स्वास्थ्य चौकी | अ.हे.व (वडा नं. २) |
| १२. | टीका सरा चिदी | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. २) |
| १३. | डालीमाया राना | पोखराथोक स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. २) |
| १४. | कासीराम कुमाल | पोखराथोक स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. २) |
| १५. | माया गैरे | नायरनमतलेस स्वास्थ्य चौकी | हे.अ. (इन्चार्ज ३ नं.) |
| १६. | शशिकला रेग्मी | नायरनमतलेस स्वास्थ्य चौकी | सि.अ.हे.व.(वडा नं. ३) |
| १७. | विमला खाम्चा मगर | नायरनमतलेस स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ३) |
| १८. | संगीता थापा मगर | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ३) |
| १९. | पूर्णीमा खड्का | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी (वडा नं. ३) |
| २०. | अस्मिता कुमाल | नायरनमतलेस स्वास्थ्य चौकी | अ.न.मी (वडा नं. ३) |
| २१. | गोविन्द बहादुर गाहा | नायरनमतलेस स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ३) |
| २२. | केशव दर्नाल | खानीछाप स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ४ नं.) |
| २३. | लक्ष्मण ज्ञवाली | खानीछाप स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं.४) |
| २४. | गीता कुमारी श्रेष्ठ | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २५. | सरस्वती अर्याल | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २६. | देवका सोमै | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २७. | रञ्जना खरेल | खानीछाप स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं.४) |
| २८. | देवी गाहा मगर | खानीछाप स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं.४) |
| २९. | रेष्मीराज न्यौपाने | दर्लमडाडाँ स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ५ नं.) |
| ३०. | भुवन थापा | दर्लमडाडाँ स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. ५) |
| ३१. | थानीसरा गैरे | दर्लमडाडाँ स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ५) |
| ३२. | अनिता गुरुङ | दर्लमडाडाँ स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ५) |
| ३३. | लक्ष्मी कुँवर खाम्चा | दर्लमडाडाँ स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ५) |

| क्र.सं. | नामथर | कार्यरत संस्था | पद |
|---|---|---|---|
| ३४. | रामप्रसाद न्यौपाने | यम्घा स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ६ नं.) |
| ३५. | कमला भट्टराई | यम्घा स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ६) |
| ३६. | भुमा थापा | यम्घा स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ६) |
| ३७. | लक्ष्मी गैरे | यम्घा स्वास्थ्य चौकी | अ.हे.व. वडा नं. ६) |
| ३८. | नमकला भट्टराई | यम्घा स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ६) |
| ३९. | जिवलाल बस्याल | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.हे.व. अधिकृत (इन्चार्ज ७ नं.) |
| ४०. | सीता खाती | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.हे.व. (वडा नं. ७) |
| ४१. | शान्ता खराल | खानीगाउँ स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ७) |
| ४२. | कमला राना | खानीगाउँ स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ७) |
| ४३. | संगीता थापा मगर | खानीगाउँ स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ७) |
| ४४. | कल्पना बगाले | खानीगाउँ स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ७) |
| ४५. | गोमबहादुर क्षत्री | बराङ्दी स्वास्थ्य चौकी | सि.अ.हे.व.अधिकृत (इन्चार्ज ८ नं.) |
| ४६. | निलकण्ठ न्यौपाने | बराङ्दी स्वास्थ्य चौकी | जनस्वास्थ्य निरीक्षक (वडा नं. ८) |
| ४७. | लक्ष्मी बस्याल | बराङ्दी स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ८) |
| ४८. | सुनिता अधिकारी | बराङ्दी स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ८) |
| ४९. | रीता घिमिरे | बराङ्दी स्वास्थ्य चौकी | कार्यालय सहयोगी (वडा नं. ८) |
| ५०. | श्रीजना चापागाईं | चापपानी स्वास्थ्य चौकी | हे.अ. (इन्चार्ज वडा नं. ९) |
| ५१. | मोहनलाल घिमिरे | चापपानी स्वास्थ्य चौकी | अ.हे.व. (वडा नं. ९) |
| ५२. | गीता देवी श्रेष्ठ | चापपानी स्वास्थ्य चौकी | सि.अ.न.मी. (वडा नं. ९) |
| ५३. | प्रेमकली पचभैया | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५४. | भुमा थापा | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५५. | मुना थापा | चापपानी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ९) |
| ५६. | तिलकुमारी राना | नायरनमतलेस स्वास्थ्य चौकी | ल्याव असिसेन्ट (वडा नं.३) |
| ५७. | मनिषा थापा | चापपानी स्वास्थ्य चौकी | ल्याव असिसेन्ट (वडा नं.९) |
| ५८. | कल्पना चौधरी | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | अ.न.मी. |
| ५९. | प्रमिला चिदी | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | अ.हे.व. |
| ६०. | राधिका बोटे | सामुदायिक स्वास्थ्य इकाई दर्पुक | कार्यालय सहयोगी |
| ६१. | विनिता अर्याल | चापपानी स्वास्थ्य चौकी | सि.अ.न.मी. |
| ६२. | मीना बस्याल | बराङ्दी स्वास्थ्य चौकी | अ.न.मी. (वडा नं. ८) |
| ६३. | गोमा राना | अस्थायी कोभिड अस्पताल पोखराथोक | स्टाफ नर्स |
| ६४. | निशा ढकाल | अस्थायी कोभिड अस्पताल पोखराथोक | स्टाफ नर्स |
| ६५. | ओमकला बस्याल | अस्थाई कोभिड अस्पताल पोखराथोक | कार्यालय सहयोगी |
| ६६. | धिरज पराजुली | आयुर्वेद केन्द्र बराङ्दी | वैद्य निरीक्षक (अधिकृत) |
| ६७. | श्रजता के.सी. | आयुर्वेद केन्द्र बराङ्दी | कविराज (अधिकृत) |
| ६८. | कृष्ण बस्याल | आयुर्वेद सेवा केन्द्र बराङ्दी | कार्यालय सहयोगी |
| ६९. | बालकुमारी भुषाल | आयुर्वेद सेवा केन्द्र बराङ्दी | कार्यालय सहयोगी |

# अब त पहाडमा पनि कालाजारबारे सचेत हुने कि?



गोमबहादुर क्षेत्री
kdv
*स्वास्थ्यचौकी बराङ्दी, पाल्पा*

*कालाजारले संक्रमित हुँदा लगातार ज्वरो आउने, फियो र कलेजो ठूलो भई पेट फुल्ने, कमजोरी महसुस हुने लगायत लक्षण देखिन्थ्यो । खासगरी रगतमा हुने कालाजार छालामा देखिन थालेको छ । अहिले छालाको कालाजार पश्चिम नेपालमा बढ्दै गएको देखिन्छ ।*

## कालाजार कस्तो रोग हो ?

कालाजार खासमा स्याण्डलाई नामक भुसुनाले टोकेर हुने यस्तो रोग हो जुन बिस्तारै बिस्तारै महामारीको रूपमा फैलिदै गएर बेलैमा उपचार हुन नसके जोकसैकोअकालमा ज्यान जान सक्छ । पोथी जातको लेबोटोमिन जातको स्याण्डलाइले टोकेका कारण हुन्छ जुन फोहर पानीमा रहन्छ । औलो अर्थात् मलेरियापश्चात् संसारकै दोश्रो खतरनाक रोग हो । लेइसमानियासिस जातको प्रोटोजोआले प्रतिरक्षा प्रणालीलाई  संक्रमित गर्दछ जुन हाडेमासी (बोनम्यारो), फियो (स्प्लिन) र कलेजोमा पाइन्छ ।  भारतमा यसका कारण धेरै जनसंख्या बर्सेनी जोखिममा परेका समाचारमा आइरहन्छ । भारतसित छोइएका नेपालका मधेसका ११ जिल्लामा देखिँदै आएको कालाजार अब पहाडिया जिल्लातिर उक्लिन थालेको पाइएकोछ । कालाजार रोग सार्ने भुसुना विभिन्न सवारी साधनको माध्यमबाट पाईप, पराल, किराना पसलका वस्तुसंगै तराईबाट पहाडतिर जाने गरेको अध्ययनले देखाएको छ । हालसम्म झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, धनुषा, सर्लाही, रौतहट, बारा र उदयपुरका बासिन्दालाई दुःख दिँदै आएको थियो र अहिले त कतै कतै पहाडिया जिल्लाहरूमा समेत यसको प्रकोप देखिन थालेको छ । ग्रामीण क्षेत्र, आर्थिकस्तर कमजोर हुनेहरूमा भने बढी देखिन्छ । कालाजारलाई  कुनै बेला तराईको 'रैथाने रोग' भनेर पनि चिनिन्थ्यो । कालाजारले संक्रमित हुँदा लगातार ज्वरो आउने, फियो र कलेजो ठूलो भई पेट फुल्ने, कमजोरी महसुस हुने लगायत लक्षण देखिन्थ्यो । खासगरी रगतमा हुने कालाजार छालामा देखिन थालेको छ । अहिले छालाको कालाजार पश्चिम नेपालमा बढ्दै गएको देखिन्छ ।

कालाजार पछिल्लो समय पहाडी तथा हिमाली क्षेत्रका बासिन्दामा पनि देखिएको छ। 'कालाजार गर्मी क्षेत्रमा लाग्ने रोग हो,' भनिए पनि सायद जलवायु परिवर्तनका कारण होला प्युठान, रोल्पा, जाजरकोट, रुकुम, दार्चुला, डोल्पा लगायत ठाउँका बिरामीमा पनि यो रोग देखिएको बताइन्छ । कालाजार सार्ने स्याण्र्डलाई (भुसुना)को पोथीले रोगी व्यक्तिलाई टोकेर निरोगी व्यक्तिलाई टोकेमा कालाजार रोग सर्दछ । यो भुसुना जमिनको सतहदेखि ५ फिटभन्दा अग्लो स्थानमा जान नसक्ने भएकोले घरको माथिल्लो तलामा जान नसक्ने अनुसन्धानले देखाएको छ ।

## कालाजार हुँदा के कस्ता लक्षणहरू देखिन्छ ?

१. रोकिइ रोकिइ ज्वरो आउँछ र बिस्तारै बिस्तारै कम हुन्छ जुन प्राय: दोहोरिदै आउँछ ।

२. भोक नलाग्ने, दुर्बलता तथा तौल घट्दै जाने हुन्छ । शरिरमा रक्तअल्पता समेत देखा पर्न सक्छ ।

३. कलेजो र फियो समेत सुन्निदै जान्छ फलस्वरूप पेटको बायाँ कोखापट्टी फुलिएर आउन सक्छ ।

४. छाला सुख्खा हुने, रौं झर्ने, हातगोडाको छाला पुरै कालो देखा पर्ने भएकाले कालाजार नामाकरण गरिएको ।

५. स्प्लिनोमेगाली, लिम्फाडेनोप्याथी, पेटको बायाँ कोखामा गाँठो बढ्दै र पेट फुल्ने हुँदै जानसक्छ ।

६. अनुहार, हातखुट्टा र तथा पुरै शरिरको छालाको रंग कालो हुँदै जान्छ । सो छालाको रंग गाढा कालो हुँदै गएपछि औंलो रोगको उपचार गर्दा समेत सुधार नहुने हुन्छ ।

७. अनुहारको छालामा भएमा सुरुमा साधारण घाउ हुने पछि नचिलाउने र नदुख्ने घाउको रूपमा रही रहन्छ । जुन ३-६ महिनासम्म रहनसक्छ ।

## कालाजारको निदान

कालाजारको निदान खासगरी रगत र बोनम्यारोको जाँचबाट गरिन्छ । त्यसबाहेक निम्न अवस्थामा सचेत रहने सल्लाह दिइन्छ:

१. दुई हप्ताभन्दा बढी ज्वरो आएमा, एण्टीबायोटिक्स औषधीको प्रभाव नदेखिएमा प्रयोगशाला जाँच गर्नुपर्ने हुनसक्छ ।



२. कहिलेकाही मलेरिया, टाईफाइड, ब्रुसेलोसिस, लिम्फोमा, ल्युकेमिया जस्ता रोगहरूसित झुक्किन पनि सकिन्छ ।

## कालाजारको उपचार

कालाजार भइहालेमा केही खास खालका औषधी पनि उपलब्ध छन् । एचआईभी एड्ससितसँगै कालाजारको संक्रमण भएमा अवस्था अरू जोखिमपूर्ण हुनसक्छ । यस्तो खासगरि अफ्रिका एशिया, युरोप दक्षिण अमेरिका लगायतका उपमहादेशहरूमा फैलिदै गएको पाइन्छ।

नेपाल सरकारले छोटो समयमै पुरन हुने गरी प्रभावकारी औषधी उपलब्ध गराइसकेको छ । कालाजारमा जहिले पनि चिकित्सको सल्लाह बमोजिम उपचार गर्नुपर्दछ ।।कालाजारको रोगीले नियमानुसार उपचार पूरा गरेको खण्डमा प्रोत्साहन स्वरूप रू एक हजार यातायात खर्च उपलब्ध गराउँछन् ।

छालामा सेतो दाग, धब्बा गिर्खा देखिएको छ भने टालाको कालाजार हुनसक्छ उपचार गरे निको हुन्छ जुन निशुल्क रूपमा हुन्छ । तर छालामा हुने कालाजार दुर्लभ हुनाले यसको उपचारमा भने अलि समस्या छ ।

## जोगिने उपायहरू

१. कालाजारबाट जोगिनका लागि कुनै खोप वा औषधी त आइसकेको छैन तर स्याण्डलाई (भुसुना)को टोकाईबाट जोगिनुपर्छ त्यसका लागि पुरै बाहुला भएको कपडा तथा झुल प्रयोग गर्नुपर्छ । सकेसम्म गोधुली साँझमा बाहिर काममा निस्कनु हुँदैन ।

२. मेडिकेटेड झुल, कीटनाशक औषधी प्रयोग गर्न सकिन्छ । घर वरिपरीको वातावरण सफा राख्ने तथा घरको नजिक गोठ, ढल तथा फोहर जम्ने ठाउँ राख्नु हुँदैन ।

३. तराईका गाउँहरूमा गर्मीमा बढी फैलिने भएकाले खास गरि फुसको छाना भएको घर, ओसिलो खालको ठाउँ चिरा परेका भित्ताहरू, मुसाको दुलो, मलखाद, फोहरमैला थुप्रिएका ठाउँ भएमा स्याण्डलाइको जीवन चक्र पूरा हुने भएकाले कीटनाशक बिषादीहरू छर्किने व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

# बगनासकाली गाउँपालिकाका निर्वाचित वडा सदस्यहरू

१. खुमकान्ति राना (सदस्य) वडा नं. १ चिर्तुङ्धारा ९८४७०४३०८८

२. हेमा सार्की (सदस्य) वडा नं. १ चिर्तुङ्धारा ९८४७११५३९९

३. कुलप्रसाद ढुंगाना (सदस्य) वडा नं. १ चिर्तुङ्धारा ९८४७१००३२०

४. मानबहादुर राना (सदस्य) वडा नं. १ चिर्तुङ्धारा ९८४१८८०७५७

५. सीताकुमारी गहिरे (सदस्य) वडा नं. २ पोखराथोक ९८४७१४००६४

६.तुल्सीराम बस्याल (सदस्य)वडा नं. २ पोखराथोक ९८४७०९९०१८

७.राजेन्द्रबहादुर थापा (सदस्य) वडा नं. २ पोखराथोक ९८४७०६९१९२

८.आशाकुमारी विक (सदस्य) वडा नं. ३ नायर ९८६०६१५००५

९.जुलेस थापा सारु (सदस्य) वडा नं. ३ नायर ९८४७२२३२५०

१०.रामप्रसाद श्रेष्ठ (सदस्य) वडा नं. ३ नायर ९८५७०६०२८५

११.सरस्वती वि.क.(सदस्य) वडा नं. ४ खानीछाप ९८११९४४६६२

१२.जितबहादुर कनौजे (सदस्य) वडा नं. ४ खानीछाप ९८४७३३०७९५

१३.धर्मराज अधिकारी (सदस्य) वडा नं. ४ खानीछाप ९८५७०६५८९७

१४.शान्ति नेपाली (सदस्य) वडा नं. ५ दर्लमडाडाँ ९८६७१५२१२८

१५.छविलाल गैरे (सदस्य) वडा नं. ५ दर्लमडाडाँ ९८४७०६७५७८

१६.टोपबहादुर न्यौपाने(सदस्य) वडा नं. ५ दर्लमडाडाँ ९८५७०६५२०५

१७.नेत्राकुमारी पाण्डेय (सदस्य) वडा नं. ६ यम्घा ९८४७३४९७७७

१८.सीता विक (सदस्य) वडा नं. ६ यम्घा ९८४७०६७९९३

१९.झपेन्द्र खनाल (सदस्य) वडा नं. ६ यम्घा ९८४७१३७५८६

२०.मिनाकुमारी कनौजे(सदस्य) वडा नं. ७ खानीगाउँ ९८४७१४०२२६

२१.सीता कामी (सदस्य) वडा नं. ७ खानीगाउँ ९८४७४५६३१४

२२.रामबहादुर साठीघरे वडा नं. ७ खानीगाउँ ९८४७११३९७१

२३.रीतादेवी भट्टराई (सदस्य) वडा नं. ७ खानीगाउँ ९८६७२६३१५८

२४.भगवतीदेवी घिमिरे (सदस्य) वडा नं. ८ बराङ्दी ९८४७०४३५६४

२५.सुमित्रा/सुनिता वि.क.(सदस्य)वडा नं. ८बराङ्दी ९८४७३९७०३१

२६.ठानेश्वर बस्याल (सदस्य) वडा नं. ८ बराङ्दी ९८४७४१०१६२

२७.मिनप्रसाद न्यौपाने (सदस्य वडा नं. ८ बराङ्दी ९८४४७१९९७९

२८.दिपा सारु (सदस्य) वडा नं. ९ चापपानी ९८४७१६९५४९

२९.बाटुली बि.क. (सदस्य) वडा नं. ९ चापपानी ९८४७१५८४७४

३०.कमलबिक्रम खाँण (सदस्य) वडा नं. ९ चापापनी ९८४४७९२०५६

३१.पिताम्बर गाहा (सदस्य) वडा नं. ९ चापपानी ९८४७१२८२५३



# कोभिड–१९ बारे केही कुरा

सीता गौतम
l; cgdL
*बगनासकाली गाउँपालिका, पाल्पा*

२०१९ को डिसेम्बरमा चीनको बुहान शहरमा देखिएको कोरोना भाईरसको संक्रमणले हाल पुरै विश्व नै आक्रान्त बनेको छ । शुरुका दिनमा केही ब्यक्तीहरूमा लक्षण नै नदेखिई निको हुने गरेको र केहीमा सामान्य एवं गम्भीर खाले श्वास प्रश्वास समस्या आई भेन्टीलेटरको सेवापछि निको हुने गरेको देखिएतापनि क्रमिक रूपमा कोरोना भाईरस रोग नेपाली समुदायमा समेत जटिल समस्या बन्दै गएको छ । खासगरी उमेर ढल्केका, मधुमेहका रोगी, मुटुरोगी, जीर्ण स्वासप्रस्वास समस्या, क्यान्सर जस्ता रोगबाट पीडितलाई बढी जोखिम हुने गरेको पाइएको छ । एकातिर संक्रमण बढ्दैजांदा ज्यान जोगाउन मुस्कील हुँदै गएको छ भने अर्कोतिर लक्षण सहितका जटिलता देखिएकाहरूलाई ब्यवस्थापन गरी सहज उपचारमा थप चुनौती थपिएको छ ।

रेमिट्यान्सको भरमा देश चलाउने र दैनिक श्रम गरेर जीवन विताउने अवस्थामा रहेको नेपाल जस्तो राष्ट्रमा रोगले भन्दा भोकले नै धेरै मान्छे मर्ने अवस्था नआउला भन्न सकिदैन। बैदेशिक रोजगारमा रहेका नागरिकलाई सुरक्षित रूपमा देश फर्काउने चिन्ताले पिरोलेको छ भने फर्किसकेका जनशक्तिलाई रोजगार तथा सीप अनुसारको श्रम गर्ने वातावरण नै बनेको छैन । सीमित अवधिको विदामा आएकाहरूलाई फर्कने कसरी र रोजगारी गुम्ने चिन्ताले पिरोलेको अवस्था छ। संक्रमित ब्यक्तिलाई परिवार र समाजले गर्ने विभेद एकातिर छदैंछ भने अर्कोतर्फ दैनिक जीवन चलाउनका लागि कसले पहल गरिदेला भन्ने अन्योल यथावत छ । रोगको तीब्र संक्रमणलाई नियन्त्रण गर्न र संक्रमितको व्यवस्थापनका लागि विश्वका अधिकांश राष्ट्रहरूले लकडाउनलाई प्रयोग गरे । नेपालमा पनि करीब ६ महिना जसो यसको प्रयोग भयो । नयाँ चुनौती र हताहतको आकलन गर्न कठिन भएकै कारणले होला व्यबस्थापनमा थुप्रै कमजोरीहरू देखिए ।

पछिल्लो समयमा आत्महत्या, घरेलु हिंसा जस्ता समस्याले थप चुनौती बढेको अवस्था छ । बालबालिकाहरू बिगत ७ महिनादेखि घरमा छन् । विद्यालय खुल्न सक्ने अवस्था छैन भने खुलेपनि ढुक्कसँग पठाउन सक्ने अवस्था पनि छैन। स्थगन भएका विभिन्न तहका परीक्षाहरू हुने नहुने अन्योलका बीच बाल मष्तिस्कले थप पीडा भोगीरहेको छ । अनलाईन कक्षाको उति राम्रो प्रभावकारीता नहुनु र बेला बेलामा परिवर्तन भईरहने शैक्षिक निर्णयका कारण भोलिका कर्णधार बालबालिकामा मनोवैज्ञानिक असर बढ्दै गईरहेको छ ।

कोरोना भाईरस रोगका कारण अधिकांश नियमित स्वास्थ्य सेवा प्रवाह तथा पहुँचमा प्रत्यक्ष असर परेको छ । दिर्घ रोगीहरू, नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने विरामीहरू, तथा आकस्मिक सेवा प्रवाहमा समेत यसको प्रभाव परेको छ । गर्भवती, सुत्केरी, खोप, पोषण, परिवार नियोजनको सेवाजस्ता प्राथमिकतामा रहेका कार्यक्रमहरूको सेवा प्रदानमा स्वास्थ्यकर्मीलाई निकै चुनौति छ भने विशेषज्ञ सेवा प्रवाहमा पनि जटिलता थपिएको छ। सेवाग्राहीसँग मात्र नभई संक्रमित, लक्षण देखिएका, गम्भीर समस्या भएका सबैखाले बिरामीहरूसँग सोझै सम्पर्कमा रही सेवा प्रदान गर्ने डाक्टर, नर्स तथा स्वास्थ्यकर्मीहरू अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेर आफ्नो कर्तव्य निर्वाह गरिरहेका छन् । सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू उपर अनेक खालका विभेदसमेत भएका समाचार सुनिएका छन्। यतिहुँदाहुँदै पनि प्रयाप्त मात्रामा स्वास्थ्य शिक्षा तथा परामर्श प्रवाह गर्न कठिनाई देखिएको छ। विदेशिएका परिवारका सदस्यहरू फर्किने क्रमसँगै परिवार योजना, गर्भनिरोधका साधनको प्रयोगका साथै सेवा प्रवाहमा समेत समस्या थपिएको छ । मुलुकभर आधुनिक परिवार नियोजनका अस्थाई साधनहरू स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकमार्फत् नि:शुल्क प्रदान गरिने भएतापनि कोभिड-१९ को त्रासका कारण कतिपय सेवालिन नजाँदा र लिईरहेका सेवामा समेत अनियमित हुँदा अनिच्छित गर्भ रहन सक्ने सम्भावना थपिएको छ । गर्भ नरहोस् भनी

साधनको र सही प्रयोगको बारेमा जानकारीका साथै सेवा लिनका निमित्त नागरिक सचेत हुन जरुरी छ भने सेवा प्रवाहमा सेवा प्रदायक पनि उत्तिकै जिम्मेवार हुन जरुरी हुन्छ । कथंकथाचित नचाहेको गर्भ रहन गएमा तत्काल सुरक्षित गर्भपतन सेवा पाउने स्थानमा जानु पर्दछ । असुरक्षित प्रक्रिया अपनाउदा महिलाको प्रजनन् स्वास्थ्यमा जटिलता आई ज्यानै जाने अवस्था समेत आउन सक्छ । बाहिरवाट आएको जनशक्ति फर्कन नसकेको, बेरोजगारीको अवस्था बढ्नै गएको र घरमा अत्यधिक समय वितिरहेको हुनाले यो समयमा विभिन्न यौनजन्य हिंसापनि हुन सक्छ । यस्ता हिंसा नबढोस् भन्नकालागि परिवारका सदस्यहरूले बालबालिका तथा महिलाहरूलाई विशेष ध्यान दिनु पर्दछ ।

यस परिस्थितिमा स्वास्थ्य सम्बन्धाी वा हिंसाजन्य समस्याहरू भएमा परिवारको भरपर्दो सदस्य वा आफूलाई विश्वास लाग्ने ब्यक्तिसँग भन्नुपर्दछ । समयमै समस्याको पहिचान गरी समाधान गर्न एवम् थप जटिलताबाट बचाउँन परिवारका सदस्यले ध्यान दिनु पर्दछ । स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा नजिकैको स्वास्थ्य संस्थामा गई आवश्यक परामर्श तथा सेवा लिनु पर्दछ । कोभिड- १९ को समस्या विश्वव्यापी भएकोले गर्दा यसबाट बँच्न र अरुलाई बचाउन स्वास्थ्यका मापदण्डको अनिवार्य प्रयोग गर्नु पर्दछ । समुदाय सजग र जिम्मेवार नबनेसम्म स्वास्थ्यकर्मी, जनप्रधिनिधि वा सरकारको प्रयासले मात्र कोरोना नियन्त्रण सम्भव छैन भन्ने तथ्य मनन् गरेर सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नु आजको महत्त्वपूर्ण आवश्यकता हो ।

## बगनासकाली गाउँपालिका कृषि विकास शाखा अन्तर्गत कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नामथर | पद | सम्पर्क |
|---|---|---|---|
| १. | राजेश बोहरा | प्रा.स. | ९८४७५८३०८३ |
| २. | जन्जुका ज्ञवाली | ना.प्र.स. | ९८६७१४२८८६ |
| ३. | विष्णु पौड्याल | ना.प्र.स. | ९८४४७२१९३० |
| ४. | सुमन बस्याल | ना.प्र.स. | ९८६७२४४१०५ |
| ५. | नारायण न्यौपाने | ना.प्र.स. | ९८६७१४११७७ |
| ६. | निसा मरासिनी | ना.प्र.स. | ९८६१६८१५७८ |

## सावधानी अपनाऔं कोरोनाबाट बचौं



सुनिता अधिकारी
अ.हे.व.
बराङ्दी, स्वास्थ्य चौकी, पाल्पा

विश्वव्यापी आतंक छ कोरोनाले आज
गुर्जो तुल्सी मरिच खानु बिहान र साँझ ।

भिडभाड विदेश यात्रा छोडिदिनु जान
माछा मासु चिसो पेय चट्टै छोड्नु खान ।

तातो पानी नित्य पिउनु झोल कुरा खानु
भिडभाडमा जानु परे मास्क लगाई जानु ।

ज्वरो आयो रुघा खोकी दुख्यो भने माथ
बारम्बर नलैजानु आँखा नाकमा हात ।

चिसोबाट बचाउनु बालक बृद्ध नानी
राम्रोसित हात धुनु लगाई साबुन पानी ।

आत्मबल राख्नुपर्छ अतालिन हुन्न
स्वास्थ्यकर खाना खाउँ कोरोनाले छुन्न ।

यो कुरालाई सबैजता मनैबाट बुझ्नु
सरकारले लाको नियम आफ्नो मानी रोज्नु ।

लकडाउनको नियम राम्रो पालन गरौं सबै
हुलमुलमा नजानु है सर्न सक्छ रोगै ।

महामारी शुरु भयो विदेशी राज्यबाट
मिचिमिचि धोऔं है साबुन लगाई हात ।

तातो पानी खायौ भने घाँटी हुन्छ जाती
केही को टन्टा नगरी नै सुत्न पाइन्छ राती ।

भित्रै बसौं लकडाउनमा बाहिर डुल्न हुन्न
घरमै हुन्छन टी.बी. नेट समाचार सुन्न ।

हुलमुल धेरै नगरौं है बसौं सबै घरमा
बाहिर निस्के सर्छ कि कोरोना भन्ने डरमा ।



# कृषि फर्म र दर्ता प्रक्रियाका सम्बन्धी संक्षिप्त जानकारी

राजेश बोहरा
प्रा.स.
कृषि विकास शाखा

विभिन्न व्यवसायिक गतिविधिहरूलाई कानूनी रूपमा वैधानिकता दिई दर्ता गरी आम्दानी बृद्धि गर्ने, सेवा टेवा प्रदान गर्ने प्रचलन छ । यसका अलावा सरकारले पनि व्यवसायहरूलाई स्वच्छ, मर्यादित, प्रतिस्पर्धात्मक बजार निर्माण गर्न, करको दायरामा ल्याउन विभिन्न ऐन कानूनहरू जारी गरी लागु गरेको छ । कोभिड-१९ को महामारीले सबैको ध्यान कृषि क्षेत्रमा तानेको छ, अझ भनौं कृषिमा लाग्नका लागि अवसर समेत सृजना गरेको छ । आफूले गरिरहेको कृषि पेशालाई थप सहयोग होस् भन्न सरकारले विभिन्न निकायबाट प्रदान गर्ने अनुदानका कार्यक्रमहरूबाट लाभ लिनका लागि कृषि फर्म दर्ता गर्ने अन्योलता छ । संघीय संरचनामा कृषि तथा पशुपंन्छी फर्म कसरी, कहाँ दर्ता गर्ने?, दर्ता गर्न कागजातहरू केके आश्यक पर्दछन्? आदि कुराहरूको बारेमा व्यवसायिहरूलाई ज्ञान नुहँदा अलमलको स्थिती पैदा भएको छ । सरकारले लगानीको प्रकृति हेरेर कृषि व्यवसाय स्थानीय सरकार गाउँपालिका वा नगरपालिकाको कृषि विकास शाखा तथा पशु विकास शाखा, प्रदेश सरकार अन्तर्गत घरेलु तथा साना उद्योग विकास कार्यालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्ने गरी ऐन कानूनहरू निर्माण गरी व्यवसाय दर्ता प्रक्रियालाई कार्यान्वयनमा ल्याएको छ ।

## कृषि फर्म दर्ताका बारेमा संक्षिप्त जानकारी

slif k]d btf lsg ug <

- व्यवसायिक हिसाबले अगाडी बढ्न ।
- आफ्नो व्यवसायको बीमा गराउन सजिलोको लागि ।
- बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिन ।
- विभिन्न निकायहरूबाट प्रदान गरिने अनुदानका कार्यक्रमहरूबाट लाभ लिन ।
- कृषि व्यवसायमा सरकारले दिने छुट, अन्य प्रोत्साहनबाट लाभान्वित हुन ।

slif k]d btf ubf cfjZos kg sfuhftx¿ <

- फर्मको प्रकृति खुलाइएको निवेदन र फारम
- २ प्रति पासपोर्ट साइजको फोटो
- सञ्चालकको नागरिकताको प्रतिलिपी
- वडा सर्जमिन मुचुल्का
- अन्यत्र दर्ता गरिएको भए सोको प्रतिलिपी
- जग्गाको लालपुर्जा/करारनामा वा घर भाडा सम्झौता
- मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ती कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात
- अन्य कुनै निकायमा दर्ता भए सो को प्रलितिपी वा अन्य संलग्न कागजातहरू

## फर्म दर्ता प्रक्रिया

- सम्पूर्ण कागजात सहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।
- अध्यक्ष र सदस्य वा सचिवले सम्बन्धित कर्मचारीलाई तोकादेश गर्ने र कर्मचारीले आवश्यक जाँचबुझ गर्नेछ र सर्जमिन मुचुल्का तयार गर्नेछ ।

माथि उल्लिखित सम्पूर्ण कागजातहरू प्रक्रिया पूरा भए पश्चात लगानीको प्रकृति हेरी गाउँपालिका/नगरपालिकाको कृषि तथा पशु विकास शाखा, घरेलु तथा साना उद्योग कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयमा गई आफ्नो कृषि फर्म दर्ता गर्न सकिन्छ ।

यदि फर्म घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई पान नं. लिएको अवस्थामा स्थानीय निकायमा पनि आफ्नो फर्मको अभिलेख राख्न दर्ता प्रक्रियाका गर्दा संलग्न गरेका सम्पूर्ण कागजातहरू राखी स्थानीय तहले तोकेको राजश्व तिरी सूचिकृत गर्न पनि सकिन्छ।

स्थानीय तहले प्रदेश सरकारको व्यवसाय दर्ता ऐन नियमावलीको मातहतमा रहेर व्यवसाय दर्ता गर्ने व्यवस्था भएकाले स्थानीय तह अनुसार व्यवसाय दर्ताको कानुन, मापदण्डहरु निर्माण गरिएका हुन्छन् तसर्थ थप जानकारी सम्बन्धित स्थानीय तहमै गर्नुपर्दछ ।

# बगनासकाली गाउँपालिकामा रहेका विद्यालय विवरण


| q|m;+ ljBfnosf gfd | j8f g+ | 7ufgf | k|c:sf gfdy/ | kmfg g+ | ljJo; cWolfsf gfd |
|---|---|---|---|---|---|
| १. कालीगण्डकी बोर्डिङ स्कूल | ८ | देउराली | गणेशप्रसाद बस्याल | ९८४७१५५५३१ | बामदेव बस्याल |
| २. बेद माध्यमिक विद्यालय | ८ | ढावखोला | ठानेश्वर भट्टराई | ९८५७०६०४०७ | गणेश बस्याल |
| ३. कालिका आधारभूत विद्यालय | ९ | झिरभञ्ज्याङ | जीवराज घिमिरे | ९८५७०६९८०२ | भगवान भुसाल |
| ४. बसन्त आधारभूत विद्यालय | ९ | बझादी | तेजप्रसाद शर्मा | ९८४७११४४३९ | मुक्तिराम तिमिल्सिना |
| ५. बसन्त प्राथमिक विद्यालय | ९ | बगनास | शिवप्रसाद खनाल | ९८४७१५५९२० | रामलाल श्रेष्ठ |
| ६. चन्द्र माध्यमिक विद्यालय | ९ | चापपानी | यमबहादुर रास्कोटी | ९८४७०६७५१७ | चिन्तामणी बस्याल |
| ७. ज्योति बोर्डिङ स्कूल | १ | बगनास | मिना हितङ्गा | ९८४७०६७३९७ | जितबहादुर नेपाली |
| ८. जनप्रिय प्राथमिक विद्यालय | १ | पिप्ले | छविलाल पाठक | ९८५७०६५५८५ | नरबहादुर थापा |
| ९. राम आधारभूत विद्यालय | १ | घोरबन्दा | गुनबहादुर गाहा | ९८४७१०२९४४ | मुक्तीराम बस्याल |
| १०. ग्राम्य माध्यमिक विद्यालय | १ | गाप्टुङ्ग | शालिकराम ढुंगाना | ९८४०४५८३५० | खिमानन्द पाण्डे (कमल) |
| ११. बुद्ध शान्ति सामुदायिक स्कूल | १ | खोरबारी | डोलराज रेश्मी | ९८६७०१६३६९ | चन्द्रविर थापा |
| १२. पिप्लेकालिका बोर्डिङ् स्कूल | १ | पिप्ले | माया बस्याल | ९८४७१३९११० | खिमलाल बस्याल |
| १३. सरस्वती आधारभूत विद्यालय | ५ | गरन्डाँडा | यज्ञमूर्ति गैरे | ९८४७४२४२०१ | |
| १४. दर्लमडाँडा मा.वि. | ५ | दर्लमडाँडा | थमनसिंह थापा | ९८४७४२४२०१ | कोशलराज न्यौपाने |
| १५. नर्थपोइन्ट बोर्डिङ स्कूल | ५ | मिलनचोक | प्रकाश भट्टराई | ९८४७११२३४४ | मिनबहादुर राना |
| १६. हिमालय प्राथमिक विद्यालय | ५ | महछाप | राजु न्यौपाने | ९८४७०४३१९१ | देवबहादुर गाहा |
| १७. हिमालय आधारभूत विद्यालय | ४ | खानीछाप | सूर्यप्रसाद अर्याल | ९८४७१०२७८५ | रुपा गाहा |
| १८. राम्दी प्राथमिक विद्यालय | ४ | राम्दी | शिव प्र. अधिकारी | ९८४७२२७२३८ | नन्दकिशोर अमात्य |
| १९. गंगादेवी प्राथमिक विद्यालय | ४ | भालेबास | निलकण्ठ न्यौपाने | ९८४७५६४५६३ | हुतमानसिंह दर्लामी |
| २०. राम माध्यमिक विद्यालय | ४ | राम्दी | डोलराज बस्याल | ९८५७०६२८०६ | ईश्वरीप्रसाद न्यौपाने |
| २१. दैलातुङ आधारभूत विद्यालय | ७ | दैलातुङ | केशवराज खराल | ९८५७०६२२९५ | यज्ञमूर्ति खराल |
| २२. खानीगाउँ मा.वि. | ७ | रामबगैचा | कल्पना कु. भुसाल | ९८४७०९९६२३ | रेश्मीराज गैरे |
| २३. खानीगाउँ आ. विद्यालय | ७ | कल्लाबारी | नलबहादुर साठीघरे | ९८४७५६३४७९ | रामबहादुर साठीघरे |
| २४. नारायण प्रा.वि. | ३ | नम्तलेस | डिल्लिसिंह कवर | ९८४७१९२३४१ | अमरप्रसाद श्रेष्ठ |
| २५. बालविकास प्रा.वि. | ३ | आफरडाडाँ | नारायणीदेवी खनाल | ९८४७०६७८१५ | आशा वि.क. |
| २६. सिद्धि माध्यमिक विद्यालय | ३ | आर्यभंज्याङ | ध्रुव न्यौपाने | ९८४७०९८७०९ | केशवबहादुर रायमाझी |
| २७. चण्डेश्वरी प्राथमिक वि. | ३ | चौपारी | खड्क ब. झेंडी | ९८४७११२०३५ | यमकुमारी कवर |
| २८. सगरमाथा सा.शै.प्रतिष्ठान | ३ | सिंन्चास | यम ब. दर्लामी | ९८४७१७४५१४ | रामप्रसाद श्रेष्ठ |
| २९. जनता प्राथमिक विद्यालय | २ | लालपाटी | विश्वनाथ गैरे | ९८४७०२८३७१ | विष्णुकुमारी कुमाल |
| ३०. विष्णु माध्यमिक विद्यालय | २ | पोखराथोक | सुरेश गहिरे | ९८४७०२७४९८ | तिर्थप्रसाद भट्टराई |
| ३१. ज्ञानज्योति सामुदायिक स्कूल | २ | पोखराथोक | बालकृष्ण गैरे | ९८४७१३९३९१ | देवीप्रसाद न्यौपाने |
| ३२. कानुङ प्राथमिक विद्यालय | ६ | दागंसिंगा | लिलाबराल मगर | ९८४७११८४७३ | रनबहादुर कवर |
| ३३. भगवती आ.विद्यालय | ६ | दर्पुक | बेदप्रसद न्यौपाने | ९८४७११९४७२ | मेघलाल पराजुली |
| ३४. बालज्योति प्रा.वि. | ६ | भक्तपोखरा | गोविन्द प्र. पन्थी | ९८४७१३८३१० | मानबहादुर सोमै |
| ३५. अरनिको आ.वि. | ६ | लाम्दी | रुक्मागत बस्याल | ९८४७१२६६२८ | राजेन्द्र प्र. बस्याल |
| ३६. गुँगा माध्यमिक विद्यालय | ६ | गुँगा | जनार्दन अधिकारी | ९८४७५०४८६८ | |
| ३७. सीता माध्यमिक विद्यालय | ६ | ठुलापोखरा | तेजराज पाण्डेय | ९८४४७२०१४२ | जयराम बस्याल |

# गर्भावस्थामा पनि कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हुन सक्छ

## कोभिड-१९ का मुख्य लक्षणहरू



ज्वरो
(१००.४ °F भन्दा माथि)




सास फेर्न गाह्रो



खोकी

## गर्भावस्थामा देखिन सक्ने खतराका लक्षणहरू जानी राखौं




टाउको साह्रै दुखेमा



आँखा तिरमिराएर धमिलो देख्ने भएमा वा हात तथा मुख सुन्निएमा



कडासित तल्लो पेट दुखेमा



हात खुट्टा अररो भई काँप छुटेमा वा मुर्छा परेमा



योनीबाट रगत वा पानी बगेमा

**गर्भावस्थामा देखिन सक्ने माथि उल्लेखित कुनै पनि खतराका लक्षणहरू देखा परेमा नजिकको स्वास्थ्य संस्थामा जाऔं ।**

**कोभिड-१९ सम्बन्धी कुनै पनि जिज्ञासा वा परामर्श चाहिएमा पैसा नलाग्ने कल सेन्टर ११९५ वा ११३३ मा सम्पर्क गरौं ।**

# बगनासकाली गाउँपालिकास्तरीय महिला समन्वय समितिको पदाधिकारी/सदस्यको नामावली :

| l;=g: | gfd y/ | kb | 7ufgf |
|---|---|---|---|
| १. | सरस्वती चिदी | संयोजक | उपाध्यक्ष, बगनासकाली गाउँपालिका |
| २. | दुर्गा राना | कोषाध्यक्ष | बगनासकाली वडा नं.-१, पाल्पा |
| ३. | अप्सरा गैरे | सदस्य | बगनासकाली वडा नं. १, पाल्पा |
| ४. | उर्मिला कुँवर | सचिव | बगनासकाली वडा नं. ३, पाल्पा |
| ५. | देवी अर्याल | सदस्य | बगनासकाली वडा नं. ४, पाल्पा |
| ६. | गोमा गैरे | सह-सचिव | बगनासकाली वडा नं. ५, पाल्पा |
| ७. | नेत्रा पाण्डे | सदस्य | बगनासकाली वडा नं. ६, पाल्पा |
| ८. | नैनादेवी तिमिल्सिना | सदस्य | बगनासकाली वडा नं. ७, पाल्पा |
| ९. | विमला बस्याल | सदस्य | बगनासकाली वडा नं. ८, पाल्पा |
| १०. | पेमा बस्याल | सह-संयोजक | बगनासकाली वडा नं.-९, पाल्पा |

# बगनासकाली गाउँपालिकास्तरीय एकल महिला समूहका सदस्यहरूको नामावली :

| l;=g: | gfd y/ | kb | 7ufgf |
|---|---|---|---|
| १. | विना गौतम | अध्यक्ष | बगनासकाली-३, पाल्पा |
| २. | मिना दिशा | उपाध्यक्ष | बगनासकाली-१, पाल्पा |
| ३. | ओमकला बस्याल | सचिव | बनागसकाली-२, पाल्पा |
| ४. | मनकुमारी मश्राङ्गी | कोषाध्यक्ष | बगनासकाली-५, पाल्पा |
| ५. | खिनासरा कनौजे | सदस्य | बगनासकाली-४, पाल्पा |
| ६. | शान्ती सुनार | सदस्य | बगनासकाली-६, पाल्पा |
| ७. | जानुकी परियार | सदस्य | बगनासकाली-७, पाल्पा |
| ८. | तारा बस्याल | सदस्य | बगनासकाली-८, पाल्पा |
| ९. | अम्बिका कुमारी बस्याल | सदस्य | बगनासकाली-९ पाल्पा |

# कपडाको मास्क लगाउने तरिका




**१**



मिचिमिचि कम्तिमा २० सेकेण्ड साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने

**२**



मास्क च्यातिएको छ कि छैन वा सफा छ कि छैन हेर्ने

**३**



मास्क लगाउँदा डोरीमा समाई अनुहारमा टम्म मिल्ने गरी लगाउने

**४**



नाक, मुख र च्युँडो ढाकिने गरी लगाउने

**५**



सकभर मास्कलाई हातले नछुने

**६**



डोरी मात्र समाई मास्क फुकाल्ने

**७**



कपडाको मास्कलाई फेरी प्रयोग गर्न मिल्छ । फुकालेको मास्कलाई सफा र सुरुखा हुनेगरी राख्ने

**८**



मास्क फुकालेपछि साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकेण्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने

**९**



प्रयोग गरेको मास्कलाई हरेक दिन साबुन पानीले धुने र घाममा सुकाउने

**एक अर्काबाट कम्तीमा २ मिटर टाढा बसौं । बेलाबेलामा साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकण्ड हात धोऔं । घरबाट बाहिर जाँदा अनिवार्य मास्क लगाऔं ।**


COVID-19
NOVEL CORONA VIRUS (nCOV)
जनहितमा जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरु
ज्वरो
(१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

# तस्विरमा बगनासकाली गाउँपालिका, कार्यक्रम गतिविधि



बनासकाली गाउँपालिकाको वडा नं. १ मा कालाजार रोग देखिएकोले गाउँपालिका स्वास्थ्य शाखा र वडा नं. १ को चिर्तुङधारा स्वास्थ्य चौकीको सहजीकरणमा समुदायस्तरमा कालाजार रोगको खोजीका लागि सरुवा रोग नियन्त्रण महाशाखाबाट समुदायमा खटिएको डाक्टर र ल्यावको टोली । तस्विर : मणिराम अधिकारी



वडा नं. २ पोखराथोक आइशोलेसनमा बसी लक्ष्यण नदेखिएपछि डिस्चार्ज टोलीलाई स्वागत गर्दै जनप्रतिनिधि, कर्मचारी ।



वडा नं. २ पोखराथोक स्वास्थ्य चौकीमा कार्यक्रमपश्चात स्वास्थ्यकर्मीहरू ।

# तस्विरमा बगनासकाली गाउँपालिका, कार्यक्रम गतिविधि




प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठको विदाई कार्यक्रमपश्चात गाउँपालिका प्रशासनिक भवन अगाडि सामूहिक तस्विर



कृषि सञ्जालको बैठकमा सहभागी वडा नं. ४ का जनप्रतिनिधिका साथमा सञ्जालका पदाधिकारीका साथमा कर्मचारी ।

# जनता प्राविमा कन्ट्याकलेस धारा

बगनासकाली, कार्तिक ।

बगनासकाली गाउँपालिका वडा नं. २, पोखराथोक स्थित जनता प्राथमिक विद्यालयमा कन्ट्याकलेस धारा जडान गरिएको छ । विद्यालयमा पठनपाठन क्रियाकलाप सञ्चालनको समयलाई ध्यानमा राखी खुट्टाको प्रयोग गरी एक पटकमा तीन जनाले हात धुन मिल्छ । सामाजिक दुरी कायम गरी विद्यार्थीहरूले छुट्टाछुट्टै झोल साबुन तथा पानीले हात धुन मिल्ने गरी धारा जडान गरिएको हो ।

गैरसरकारी संस्था सामाजिक स्रोत विकास केन्द्र नेपाल (एसआरडिसिएन) र एक्सन एड नेपालको आर्थिक, प्राविधिक सहयोगमा बगनासकाली गाउँपालिकाको वडा नं. १ चिर्तुङधारा र २ को पोखराथोकका दुई/दुई विद्यालयमा कन्ट्याकलेस धारा जडान गरेको हो ।

एसआरडिसिएनले बगनासकालीसहित अन्य स्थानीयतहका विद्यालयमा समेत धारा जडान गरेको कार्यकारी निर्देशक चोपलाल गिरीले बताउनुभयो । उहाँका अनुसार कार्यक्षेत्रका १४ विद्यालयहरूमा यस प्रकारको धारा तत्काल जडान गरिने छ । यसैबीच बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय परिसरमा पनि सेवाग्राहीको लागि कन्ट्याकलेस धारा जडान गरिएको छ ।

# बगनासकाली गाउँपालिका समितिका पदाधिकारीहरू

| q=;: | ;ldlt | kb | gfd y/ |
|---|---|---|---|
| १. | सामाजिक विकास समिति | संयोजक | ठानेश्वर तिमिल्सिना |
| २. | आर्थिक विकास समिति | संयोजक | टिकाबहादुर थापा |
| ३. | विधेयक समिति | संयोजक | गणेशप्रसाद बस्याल |
| ४. | वातावरण तथा विपद व्यवस्थापन समित | संयोजक | तेजप्रसाद रसाली |
| ५. | न्यायिक समिति | संयोजक | सरस्वती चिदी |
| ६. | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | संयोजक | बिजुली बहादुर वि.क. |

# पशु सेवा शाखा कर्मचारी विवरण

| क्र.सं. | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | गणेश नेपाली | पशु स्वास्थ्य प्राविधिक | ९८४६७२४७९९ |
| २. | अमरबहादुर कार्की | पशु स्वास्थ्य प्रा. | ९८४७११२३८१ |
| ३. | कमलादेवी खनाल | ना.पशु स्वा. प्रा. | ९८६७२०२१२५ |
| ४. | राधिका पौडेल | ना.पशु स्वा. प्रा. | ९८४८१७६६०० |
| ५. | रेश्मीराज बस्याल | ना.पशु स्वा. प्रा. | ९८४४७६०५३५ |
| ६. | शुशिल आचार्य | ना.पशु स्वा. प्रा. | ९८६००७८३४० |
| ७. | लिला बल्लभ भट्टराई | कार्यालय सहयोगी | |

# बगनासकाली गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरू

| q=;: | gfdy/ | kb | ;Dks gDa/ |
|---|---|---|---|
| १. | कृष्णप्रसाद बस्याल | अध्यक्ष | ९८५७०६०७५० |
| २. | सुरेश घिमिरे | सदस्य | ९८५७०६८८६८ |
| ३. | ठानेश्वर तिमिल्सिना | सदस्य | ९८५७०६०११८ |
| ४. | टिकाबहादुर थापा | सदस्य | ९८४७०४५१७३ |
| ५. | सीता नेपाली | सदस्य | ९८४७११७५१६ |
| ६. | डिल्लीराज पाण्डे | सदस्य | ९८४७०६८११६ |
| ७. | केशवबहादुर रायमाझी | सदस्य | ९८५७०६२६४१ |
| ८. | मुक्तिराम अधिकारी | सदस्य | ९८४७४३८८५६ |
| ९. | बामदेव बस्याल | सदस्य | ९८४७०४३१२९ |
| १०. | देवीप्रसाद न्यौपाने | सदस्य | ९८४७०६८९८० |
| ११. | डा.शंकरप्रसाद गैरे | सदस्य | ९८४७०८८२१८ |
| १२. | गुणाराम खनाल | सदस्य सचिव | ९८५७०६५८८० |
| | cfdlGqt ;b:ox¿ | | |
| १. | सरस्वती चिदी | उपाध्यक्ष | ९८४७०४२२६६ |
| २. | टंकप्रसाद भट्टराई | सहप्राध्यापक | ९८४७०२९९४५ |
| ३. | हुमप्रसाद कोइराला | पूर्व स्रोत व्यक्ति | ९८५७०६२३७३ |
| ४. | शिवप्रसाद घिमिरे | अध्यक्ष (शिक्षक महासंघ) | ९८५७०६९१०६ |


पानी शुद्धिकरण गर्ने विधिहरू
भूकम्प पछि खानेपानीका स्रोत वा
खानेपानी दुषित हुने हुनाले पानीलाई शुद्धिकरण गरेर मात्र पिउने ।
शुद्धिकरण गरेको पानीले झाडापखाला, हैजा, टाईफाईड, आँउ जस्ता
पानी जन्य रोगबाट बच्न सकिन्छ ।
नेपाल सरकार
शहरी विकास मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
unicef
WASH Cluster
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना
तथा सञ्चार केन्द्र

# १ क्लोरिनेशन

## पीयुष वा अक्वाट्याब्स् राखेर पानीलाई शुद्धिकरण गर्ने

क) **पीयुष** (६० मि.लि.): एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल हाल्ने ।

ख) **पीयुष** (२४० मि.लि.): १० लिटर पानीमा बिर्कोको तल्लो धर्को र १५ लिटर पानीमा बिर्कोको माथिल्लो धर्कोसम्म क्लोरिन झोल हालेर चलाउने ।

ग) **अक्वाट्याब्स्** : ५ लिटर पानीमा एक चक्कि अक्वाट्याब्स् हाल्ने ।

**क्लोरिन हालेको आधा घण्टा पछि मात्र पानी प्रयोग गर्नुहोस् ।*



# २ उमाल्ने

- पानीलाई एक भुल्को उमालेर मात्र पिउने ।
- पानी धमिलो भएमा पानीलाई थिग्राएर छानेर मात्र उमाल्नुपर्छ ।



# विपद्को समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं ।



- शुद्धिकरण गरेको पानी मात्र पिउने । पियुष, अक्वा ट्याब जस्ता क्लोरिन झोल हालेर वा उमालेर वा शुद्धिकरण गर्ने ।
- खानेपानीलाई छोपेर राख्ने । पानी निकाल्ने भाँडा सधैं सफा राख्ने ।
- खानेकुरालाई राम्ररी पकाएर मात्र खाने । सडेगलेको, बासि र झिङ्गा भन्केको खानेकुरा नखाने । खानेकुरा सफा भाडामा छोपेर राख्ने ।
- सागसब्जी, फलफूल जस्ता खानेकुराहरू सफा पानीले धोएर मात्र खाने ।

- जथाभावी दिसा-पिसाब नगरौं र नगराऔं । चर्पिमा मात्र दिसा-पिसाब गर्ने र गराउने । बच्चाको दिसालाई पनि चर्पिमा राख्ने ।
- दिसा धोएपछि, खाना छुनुअघि, बच्चालाई खाना खुवाउनु अघि, फोहोर छोएपछि साबुन पानीले मिचिमिची हात धुनुहोस् ।





- घरायसी फोहरलाई निश्चित ठाउँमा वा खाडलमा जलाइदिने ।
- खोक्दा, हाच्छिउँ गर्दा सफा कपडाले नाक मुख छोप्ने ।
- झाडापखाला, हैजा, टाइफाईड, आउँ, निमोनिया, रुघाखोकी जस्ता रोगको संक्रमण भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# उपभोक्ता समितिलाई तालिम

बगनासकाली २२, असोज ।

बगनासकाली गाउँपालिकाले वडास्तरका विकास निर्माणका अगुवाहरूलाई तालिम सञ्चालन गरेको छ ।


बगनासकाली गाउँपालिका ३ पोखराथोकमा चालु आर्थिक वर्ष २०७७/०७८ मा वडामा परेको बजेटबाट काम गर्न गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरूको लागि एक दिने योजना सञ्चालन तथा व्यवस्थापन तालिम सञ्चालन गरिएको हो ।

यस वर्षका लागि वडामा छपन्न लाख रुपैंया विनियोजन भएको छ । तालिममा बगनासकाली गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले वडाको विकासका लागि परेका योजनाहरू छिटो पारदर्शी रूपमा सम्पन्न गर्नु उपभोक्ता समितिको जिम्मेवारी भएको बताउनुभयो । उहाँले विकास सधैं जनतामुखी हुनुपर्नेमा जोड दिंदै विनियोजित रकमका योजनाहरू छिटो र छरितो बनाई समयमै फरफारक गर्नका लागि आग्रह समेत गर्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दर श्रेष्ठले उपभोक्ता समितिको योग्यता, समितिको गठन प्रक्रिया, काम कर्तव्य र अधिकारी बारेमा सहजीकरण गर्नुभएको थियो । लेखा अधिकृत कोशलराज पौडेलले योजना सम्पन्नपछि भुक्तानी लिन आवश्यक पर्ने विल, भरपाई, कर कट्टी, बैठकको निर्णय प्रतिलिपि, भुक्तानी प्रक्रिया तथा नियमावलीहरूमा रहेर गरिने खरिद विधिका बारेमा सहजीकरण गर्नुभयो ।

इन्जिनियर पदम खड्काले योजनामा लाग्ने सामग्रीहरूको खरीद प्रक्रिया, इस्टिमेट अनुसारको काम हुनुपर्ने बताउनुभयो । योजना सम्झौता, पेश्की माग, योजनाको समय अवधी, बैठक, योजनामा खर्च सार्वजनिक, अनुगमन प्रतिवेदन, प्रगति प्रतिवेदन, डोर हाजिरी लगायतका अनुसूचीहरूका बारेमा आन्तरिक लेखा परीक्षण प्रमुख यादवप्रसाद न्यौपानेले बताउनुभयो । उहाँले पालिकाका सवै वार्डमा तालिम सञ्चालन गरिने जानकारी दिनुभयो ।

बगनासकाली गाउँपालिका 'सुन्दर शान्त समृद्ध र सभ्य बगनासकाली गाउँको सार, आर्थिक सामाजिक पर्यटन र पूर्वाधार विकासको दीगो आधार' भन्ने मर्मका साथ आफ्ना विकासक ा गतिविधि सञ्चालन गर्दै आएको छ । (स्रोत : करुवा कभरेज)




"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार
आर्थिक सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

afndqL :yfgLo zf;g sfoqmd augf;sfnL ufpFkflnsf kfNkfsf clkn

*'बालबालिका सबैका प्यारा,*
*बालमैत्री बगनासकाली बनाउने हाम्रो अभिभारा'*


बगनासकाली गाउँपालिकाले बालअधिकार संरक्षण र सम्बर्द्धन गर्ने कामलाई प्राथमिकतामा राखी २०७५ सालबाट "बाल अधिकार सबैको सरोकार" भन्ने मूल अभिप्रायका साथ बालबालिकाको चौतर्फी विकास गरी बगनासकाली गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने महान् अभियान सञ्चालन गर्दै आएको सर्वविदितै छ । तसर्थ आ-आफ्नो क्षेत्रबाट सहयोग गरी बालाबालिकाको विचार तथा भावनाको सुनुवाई र बालमैत्री व्यवहारका साथ बालमैत्री घरपरिवार स्वघोषणा गरी बालबालिकालाई सम्मानपूर्वक रमाउने वातावरण सिर्जना गर्न सवै बगनासकाली निवासी जनसमुदायमा हार्दिक अनुरोध गर्दछौं ।

साथै यो अभियान सफल बनाउन यहाँहरूको साथ र सहयोग अपेक्षा गर्दछौं ।

*ho augf;sfnL, ho afndqL cleofg*

**बगनासकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चिर्तुङ्गधारा, पाल्पा

# जुवातास नखेल्न र सामुहिक जमघट नगर्न अनुरोध



बगनासकाली १७, कार्तिक ।

बगनासकाली गाउँपालिकाले यसवर्षको तिहारमा जुवातास नखेल्न, भोजभतेर, भिडभाड तथा सामुहिक जमघट नगर्न नगराउन अनुरोध गरेको गऱ्यो । गाउँपालिकाले देशभर महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को संक्रमणका कारण ठूलो संख्यामा जनजीवन प्रभावित भैरहेको भन्दै भौतिक दुरी कायम गर्दै, स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी चाडपर्व मनाउन अनुरोध गरेको हो ।

गाउँपालिकाद्वारा सूचना जारी गरि यसवर्षका पर्व शुभ दीपावली, नेपाल सम्बत ११४१ र छठ पर्व २०७७ को अवसरमा गाउँपालिकाबासी लगायत सम्पूर्ण नेपालीहरूमा शुभकामना समेत व्यक्त गरिएको थियो । गाउँपालिका प्रवक्ता लक्ष्मी अधिकारीले बिहीबार कार्यपालिका बैठक बसी नयाँ प्रमुख प्रशासकीय अधिकृतसँग परिचयात्मक कार्यक्रम, दीपावली शुभकामना आदानप्रदान एवम् अन्य नियमित एजेण्डामा छलफल गरिएको जानकारी दिनुभयो ।

# बराङ्दी-अवल जोड्ने पक्की पुल ढलान

दयाराज न्यौपाने

बराङ्दी २८, कार्तिक ।

बगनासकाली-८ बराङ्दी माइस्थानदेखि जैसीटोला अवल हुँदै रानीमहल जोड्ने मोटरबाटोको निर्माण कार्य भइरहेको छ । कार्तिक २८ गते शुक्रबार मोटरेवल पक्की पुलको ढलान शुरु भएको हो । गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बाटो निर्माणले रानीमहल जान छोटो बाटो हुने तथा स्थानीय उपज बजार ल्याउन सहज हुने बताउनुभयो । उहाँले बाटो निर्माणपछि बराङ्दी-खानीगाउँ-चापपानी तथा स्याङ्जाका केही क्षेत्रलाई समेत फाइदा पुग्ने बताउनुभयो ।

नेपाल निजामती कर्मचारी संगठनका पूर्व केन्द्रीय अध्यक्ष गणेश बस्यालले उत्तरी क्षेत्र विकासमा पछाडि परेको अनुभूति भएकोले आफुले पहल गरेर बाटो निर्माण गरेको बताउनुभयो । 'जसरी विपी राजमार्ग मानिसहरू त्यहाँ जान्छन् यसको निर्माणपछि भू-बनावटको कारणले यो बाटो पनि पर्यटकीय क्षेत्र बन्न सक्छ।' वडा नं. ८ का अध्यक्ष गणेशप्रसाद बस्यालले विकासमा सबैको ऐक्यबद्धता रहेको बताउनुभयो ।

स्थानीय केशवमणि बस्यालले योजना सञ्चालनले ग्रामीण भेगमा यातायातको सहज पहुँच हुने बताउनुभएको छ । काम हुँदा सवै हर्षित भएको वहाँको भनाई छ । नेपाल सरकारको केन्द्रीय बजेट अनुसार ४० लाखको लागतमा यो वर्ष मोटरवेल पक्की पुल तथा बाटो स्तरउन्नतीको काम साईन कन्स्ट्रक्सन प्रालीले गरेको यज्ञप्रसाद बस्यालले जानकारी दिनुभयो ।

"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं ।
- सभा, गोष्ठी, भेटघाटमा भौतिक दूरी कायम गरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घट्ना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरौ ।
- घर आँगन, टोलछिमेक सधैं सफा राखी फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।
- आफ्ना छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।

अनुरोधक:
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

# व्यक्तिगत घटना दर्ता प्रणाली सम्बन्धी अभिमुखीकरण




बगनासकाली, २२ असोज ।

बगनासकाली गाउँपालिका पञ्जीकरण सेवा इकाई चिर्तुङ्धारा पाल्पाको आयोजनामा वडा नं. १ मा एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । असोज २२ गते बिहिबार गाउँपालिका सभाहल चिर्तुङ्धारा पाल्पामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो।

बगनासकाली गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष सोमबहादुर भ्रेंडीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल रहनुभएको थियो । अभिमुखीकरण कार्यक्रम उद्घाटनको अवसरमा बोल्दै अध्यक्ष बस्यालले बगनासकाली गाउँपालिकाका सवै वार्डमा प्रविधिको पहुँच पुगेको, सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमा लगिएको र सवै वार्डमा व्यक्तिगत घटना दर्तालाई अनलाइनमार्फत सञ्चालन गरिएकोले पञ्जीकरण र सामाजिक सुरक्षा भक्ताको कार्यक्रम सुदृढीकरणमा सहज हुने धारणा राख्नुभयो । उहाँले पञ्जीकरण सेवा इकाईले पालिकाका सवै वार्डबाट प्राप्त सामाजिक सुरक्षा र घट्नादर्ताका गुनासो, समस्या र अवसरका विषयमा सहकार्य गर्ने भएकोले सिस्टममा प्रविष्ट गर्दा हुने त्रुटी सुधार गर्दै पञ्जीकरण सेवालाई सहज बनाउनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले व्यक्तिको जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेदजस्ता घटनाहरू र सामाजिक सुरक्षा भक्ताको अनिवार्य रूपमा अनलाइन दर्ता गर्ने प्रक्रियाका विषयमा अभिमुखीकरणले सहयोग पुर्‍याउने बताउनुभयो । कार्यक्रममा आयोजना अन्तर्गत रहेका व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था, बैंङ्कीङ प्रणाली, तथा आयोजनाका विविध विषयमा वडाका जनप्रतिनिधि र सरोकारवालासँग छलफल गरिएको थियो ।

अभिमुखीकरण कार्यक्रममा बगनासकाली गाउँपालिकाका उपाध्यक्ष सरस्वती चिदी दर्लामी, वडा नं. १ का अध्यक्ष सोमबहादुर भ्रेंडी, न्यायिक समितिका सदस्य एवम् वडा सदस्य कुलप्रसाद ढुङ्गाना, वडा सदस्यहरू मानबहादुर राना, खुमकान्ती राना, हेमा राई, शिक्षा शाखा प्रमुख गुनाराम खनाल, बालमैत्री स्थानीय शासन कार्यक्रमका फोकल पर्सन मनोज आचार्य, फिल्ड सहायक प्रेमबहादुर बगाले, वडा नं. १ का जनप्रतिनिधिहरू, वडास्तरका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

अभिमुखीकरण कार्यक्रममा पञ्जीकरण सेवा इकाईका एम.आइ.एस अपरेटर भोजराज भट्टराईले सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको

उद्देश्य तथा कार्यक्रमको बारेमा सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढीकरण आयोजना, पञ्जीकरण सेवा इकाईको काम, विद्युतीय माध्यमबाट सामाजिक सुरक्षा भत्ता भुक्तान सम्बन्धी व्यवस्था र व्यक्तिगत घट्ना दर्ता सम्बन्धी कानूनी व्यवस्थाका विषयमा भट्टराईले जानकारी प्रदान गर्नुभएको थियो । उहाँले पञ्जीकरण सेवा इकाइले गाउँपालिकाको सवै वडास्तरको अभिमुखीकरण कार्यक्रमबाट प्राप्त सुझाव, गुनासो व्यवस्थापनमा सहजीकरण गर्दै गाउँपालिकाको सवै वडास्तरमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ताको काममा सहकार्य, सहजीकरण गर्ने बताउनुभयो ।

कार्यक्रमका सहभागीहरूले पञ्जीकरणका विषयमा नसुनेका नबुझेका कुराहरूमा जानकारी प्राप्त भएकोले अभिमुखीकरण लाभदायी रहेको धारणा राख्दै पञ्जीकरण, सामाजिक सुरक्षाका पुरानो दर्ता नष्ट भएको अवस्थामा आवश्यक प्रक्रिया अपनाई अद्यावधि गराउने, बैंकमार्फत हुने सामाजिक सुरक्षा कार्यक्रमलाई लाभग्राहीमैत्री बनाउनुपर्ने, वडामा इन्टरनेट र प्राविधिक सपार्टेलाई निरन्तरता दिनुपपर्ने, पञ्जीकरण सेवा इकाईबाट खर्च हुन नसकेको बजेट गाउँपालिकाको कोषमा जम्मा गरी पालिकास्तरीय कार्यक्रम व्यवस्थापनमा खर्च गर्नुपर्ने, सिस्टममा देखिएका समस्यालाई प्राविधिक तहबाट समाधानमा सहयोग गर्नुपर्ने सुझाव राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन वडा नं. १ का सचिव विराट गैरेले गर्नुभएको थियो ।

यसैबीच असोज २५ गते बगनासकाली गाउँपालिका पञ्जीकरण सेवा इकाईको आयोजनामा आइतबार वडा नं. ३ मा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । वडा नं. ३ को कार्यालय नायरनमतलेस पाल्पामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढीकरण आयोजनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

वडा नं. ३ का अध्यक्ष टिकाबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पञ्जीकरण सेवा इकाइका एमआइएस अपरेटर भोजराज भट्टराईले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको उद्देश्य तथा पञ्जीकरण सेवा इकाईको कार्यक्रमको बारेमा सहजीकरण गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा कार्यपालिका सदस्य तेजप्रसाद




रसाइली, वडा सदस्यहरू जुलेश थापा, आशा वि.क., नेकपा प्रतिनिधि मोहन थापा लगायत वडास्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरूले सेवाग्राहीमा सचेतना बढाउनुपर्ने, सिस्टममा आउने समस्यालाई प्राविधिक तहबाट नियमित सर्पोट हुनुपर्ने लगायतका सुझाव व्यक्त गर्नुभयो ।

वडा सचिव नारायण प्रसाद गैरेले वडास्तरमा सामाजिक सुरक्षा र व्यक्तिगत घट्ना दर्ता सम्बन्धी भएका चुनौती, समस्या र कार्यसम्पादन स्थितिका विषयमा जानकारी गराउनुभयो । फिल्ड सहायक प्रेम बगालेको स्वागत र वडा सचिव नारायण प्रसाद गैरेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा सहयोग समिति

१. संयोजक श्री ध्रुव न्यौपाने, सिद्धि मा.वि., नायरनमतलेस
२. सदस्य श्री जनार्दन अधिकारी, गुँगा मा.वि., यम्घा
३. सदस्य श्री बालकृष्ण गैरे, ज्ञानज्योति सा.शै.प्र., पोखराथोक
४. सदस्य श्री छविलाल पाठक, जनप्रिय प्रा.वि., चिर्तुङधारा
५. सदस्य श्री निलकण्ठ न्यौपाने, गंगादेवी प्रा.वि., खानीछाप
६. सदस्य श्री थमनसिंह थापा, दर्लमडाडाँ मा.वि., दर्लमडाडाँ
७. सदस्य श्री नलबहादुर साठीघरे, खानीगाउँ आ.वि. खानीगाउँ
८. सदस्य श्री डिल्लीराज पाण्डे, बेद मा.वि. बराङ्दी
९. सदस्य श्री लक्ष्मण अधिकारी, चन्द्र मा.वि. चापपानी
१०. सदस्य श्री जिवराज घिमिरे, कालिका आ.वि., चापपानी
११. सदस्य श्री लिला बराल, कानुङ प्रा.वि. यम्घा

# बगनासकाली गाउँपालिका
## चिर्तुङ्गधारा, पाल्पा

# बालमैत्री स्थानीय शासन कार्यक्रम

## बालअधिकार महासन्धि, १९८९ मा भएका बालअधिकारका चार क्षेत्रहरु



### बाल बचावटको अधिकार (survival)

बाच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुन, सुरक्षित रुपमा जन्मन साथै जन्मिसकेपछि खाना, स्याहार, बास, स्वास्थ्य सेवा साथै कपडा पाउने लगायतका बाँच्नका लागि अत्यावश्यक अधिकारहरु नै बालबचावटका अधिकारहरु हुन ।

### बाल विकासको अधिकार (Development)

बालबालिकाहरु बाँचेर मात्र पुग्दैन,बालवालिकाहरुको चौतर्फी विकास हुनुपर्दछ । जस्तैः शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहारसम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा उपयूक्त वातावरण आदि बाल विकासको अधिकारहरु हुन ।





### बाल संरक्षणको अधिकार (Protection)

प्रत्येक बालबालिकाले नाम पाउने, जन्मदर्ता पाउने, बेचविखन तथा ओसारपसार, अपहरण, सशस्त्र द्वन्द, जोखिमपूर्ण श्रम, श्रम शोषण, अपाङ्ग, अभिभावक विहिन बालबालिकाको विशेष संरक्षण, यौन शोषण बाट संरक्षण, लागूपदार्थको दुर्व्यसन तथा ओसारपसारबाट संरक्षण अधिकारहरु आदि बाल संरक्षणको अधिकारहरु हुन ।

### बाल सहभागिताको अधिकार (Participation)

बालबालिकाहरुको सर्वोत्तम हितका विषयहरुमा उनीहरुले आफ्नो धारणा राख्न पाउनु, निर्णय गर्ने अवसर पाउनु, भेलाहुन पाउनु, बालक्लवहरु खोल्न पाउनु तथा गतिविधीहरुमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन, आफ्ना कुरा भन्न र प्रतिभा प्रस्तुत गर्न पाउने अधिकार आदि बाल सहभागिताको अधिकारहरु हुन ।



# आवधिक योजना निर्माणमा वस्तीस्तरमा छलफल बढाउन आग्रह

बगनासकाली २०, असोज ।

आवधिक योजना निर्माणका लागि बस्तीस्तरमा छलफल बढाउनुपर्नेमा पाल्पाली सञ्चारकर्मीले जोड दिएका छन् । जिल्लाको बगनासकाली गाउँपालिकामा निमार्ण हुन लागेको प्रथम त्रीवर्षीय आवधिक योजना तर्जुमाका लागि सञ्चारकर्मीहरूसँग गरिएको सुझाव सङकलन कार्यक्रममा पत्रकारहरूले गाउँपालिकाको सम्भाव्यता पहिचान गरी कृषि, पशु पालन र रोजगार प्रर्वद्धनका कार्यक्रम आवधिक योजनामा समेट्नुपर्ने सुझाव दिएका हुन् ।

छलफलमा सहभागी पत्रकारहरूले त्रिवर्षीय आवधिक योजनाका समस्या, अवसर र चुनौतीका विषयमा राय राखेका थिए । गाउँपालिकाको आफ्नै प्रशासनिक भवन सञ्चालनको समस्या, व्यवसायिक कृषि प्रणालीको अभाव, दीर्घकालीन योजनाको अभाव, युवा स्वरोजगारमा ध्यान दिन नसक्नु, सार्वजनिक क्षेत्र पहिचानको समस्या, वन्यजन्तुबाट कृषि उपज जोगाउन समस्या रहेकोले त्यसतर्फ विशेष कार्यक्रम बनाइ अगाडि बढ्नुपर्नेमा सञ्चारकर्मीको जोड दिएका थिए ।

यसैगरी गाउँपालिकाले फुसको छानोमुक्त गाउँपालिका बनाउन सफल भएको, बालमैत्री अभियान, सञ्चारमैत्री गाउँपालिका, पूर्ण संस्थागत सुत्केरी गराउने जस्ता असल काम गाउँपालिकामा भएको बताउँदै बगनासकालीमा कृषि र धार्मिक पर्यटनमा सम्भावना रहेको धारणा राखेका थिए । छलफलमा पत्रकारहरू कमलराज तिमिल्सीना, भोजराज तिमिल्सीना, देव पचभैया, भोजराज भट्टराई, मुक्ती न्यौपाने, कृष्ण पोखरेल, विष्णु घिमिरे, नेत्र गैरे, रामचन्द्र रायमाझी, कमल अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले गाउँपालिकाले आवधिक योजनामा सञ्चारकर्मीबाट प्राप्त सुझावलाई समेट्दै कार्यक्रम अगाडि बढाउने बताउनुभयो । गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले आवधिक योजनाले गाउँपालिकाको सडक, पुल, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायत विकासका सवै पक्षलाई प्राथमीकरण गरेर योजनाबद्ध विकासको खाका कोर्ने भएकोले योजना कार्यान्वयनका लागि सर्वपक्षीय सहयोग आवश्यक हुने औंल्याउनुभयो । प्रमख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले कृषि, पशुपालनका कार्यक्रमसहित युवा जनशक्तीलाई आत्मनिर्भर बनाउँदै बगनासकालीलाई धार्मिक पर्यटनको क्षेत्रमा अगाडि बढाउन सकिने धारणा राख्नुभयो ।

गाउँपालिकाले योजनाबद्ध विकास र समृद्धिका लागि अलना इन्टरनेशनल सर्भिसेस प्रालिसँग तीन वर्षे आवधिक योजना निर्माणको काम शुभारम्भ गरेको हो। आवधिक योजना निर्माणको हालसम्मको प्रगतिबारे जानकारी गराउँदै अलना इन्टरनेशनल सर्भिसेस प्रालिका प्रतिनिधि कृष्ण पौडेलले बगनासकाली गाउँपालिकाको अवसर, चुनौती, कार्यक्रम, समस्या एवम् स्थलगत छलफलबाट प्राप्त उपलब्धिका बारेमा अवगत गराउनुभयो। पौडेलले आवधिक योजनाले स्थानीय तहमा विधि र प्रक्रियालाई संस्थागत गर्ने भएकोले योजना निर्माणलाई प्रभावकारी बनाइनेमा जोड दिनुभयो ।

गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालको अध्यक्षतामा चलेको कार्यक्रमको सञ्चालन बालमैत्री फोकल पर्सन मनोज आचार्यले गर्नुभएको थियो ।

## स्वस्थ रहनको लागि हाम्रो अनुरोध

**स्वस्थ रहन ध्यान दिनुपर्ने कुराहरू :**

१. धेरै मसलादार खाना नखानुहोस् ।
२. धेरै चिल्लो, पिरो नखानुहोस् ।
३. बासी खाना नखानुहोस् ।
४. धेरै बोसोयुक्त खाना नखानुहोस् ।
५. जाँडरक्सी नखानुहोस् ।
६. मासुलाई भान्सामा बासी नराख्नुहोस् ।
७. मासुलाई पोलेर नखानुहोस् ।
८. मासु काँचै पनि नखानुहोस् ।
९. चाडवाडमा अपच हुनेगरी खाना नखानुहोस् ।
१०. रोगी जनावरको मासु नखानुहोस् ।
११. ब्रतबस्ने नाममा खाली पेट नबस्नुहोस् ।
१२. पानी उमालेर, प्रसस्त मात्रामा पिउनुहोस् ।
१३. फलफुल, सलादहरू प्रसस्त खानुहोस् ।
१४. नुन, चिनी र मैदाबाट बनेका खाना कम खानुहोस् ।
१५. जंक फुड (पत्रु खाना)लाई निरुत्साहित गर्नहोस् ।

## बगनासकाली गाउँपालिका
## पाल्पा

# बालमैत्री आचारसंहिता

## स्थानीय तहलाइ बालमैत्री गराउनका लागि **शैक्षिक संस्थाको** आचारसंहिता

- बालबालिकालाई शारीरिक तथा मानसिक दण्ड नदिने ।
- दण्डरहित वातावरण र बालमैत्री व्यवहार प्रदर्शन गर्दै शिक्षण क्रियाकलाप गर्ने । (नम्र व्यवहार र हसिलो मुहारका साथ पढाउने)
- विद्यालय व्यवस्थापन समितिमा बालक्लबको सहभागिता सुनिश्चित गर्ने ।
- शिक्षक, विद्यार्थी र कर्मचारी सबै विद्यालयमा तोकिएको समयमा आउने ।
- तोकिए बमोजिम शिक्षण तथा अतिरिक्त क्रियाकलाप गर्ने ।
- विद्यालय भित्र राजनीति नगर्ने ।
- विद्यालय हाता भित्र सुर्ती, गुट्का, धुमपान, मदिरापान वा अन्य कुनै पनि नशालु पदार्थ सेवन नगर्ने । विद्यालय आसपास १०० मिटर भित्र उक्त पदार्थहरु विक्रि वितरण गर्न नपाइने ।
- बालमैत्री शौचालयको व्यवस्था गर्ने ।
- साबुन पानीले हातधुने बानीको विकास गराउने ।
- सफा पिउने पानी र बालमैत्री धाराको व्यवस्था गर्ने ।
- प्राथमिक उपचारका लागि उचित व्यवस्थापन र समय समयमा स्वास्थ्य परिक्षणको व्यवस्था गर्नु पर्ने । बालमैत्री सम्पर्क शिक्षक तोक्ने
- विद्यालय हाता भित्र बाल बगैंचा र आवश्यक खेल सामाग्री व्यवस्था गर्ने ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने ।
- भर्ना भइ विद्यालय आउन छोडेका विद्यार्थीलाइ पुन: विद्यालयमा आउने वातावरण सिर्जना गराउने ।
- विद्यालयमा प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्ने र सबै बालबालिकालाई भाग लिन सक्ने वातावरण सिर्जना गर्ने ।
- बालबालिकासंग सरोकार राख्ने विषयहरुमा निर्णय गर्दा बालबालिकाको सहभागिता गराउने ।
- कुनै पनि विद्यार्थीलाई धर्म, जात, धनि, गरिबको नाममा भेदभाव नगरी अध्यापन गर्ने ।
- जंकफुड निषेध गर्ने ।
- विद्यार्थीलाई आफ्नो नामले मात्र संवोधन गर्ने (उपनाम प्रयोग नगर्ने)
- स्तनपान कक्षको व्यवस्थापन गर्ने
- विद्यालय वरिपरि ध्वनी निषेध गर्ने
- विद्यालय भवन तथा हाताभित्र अनाधिकृत प्रवेशमा रोक लगाउने ।

माथि उल्लेखित बालमैत्री आचारसंहिता मिति २०७५ कार्तिक १७ गते सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधिमुलक सहभागितामा तयार गरिएको हो ।

.....................................
**कृष्ण प्रसाद बस्याल**
**गाउँपालिका अध्यक्ष**

# 'कार्यान्वयन गर्न सकिने योजना बनाऔं'



बगनासकाली, १५ असोज ।

स्थानीय तहको सम्भावना पहिचानसहित स्थानीय स्रोत साधन प्रयोग हुनेगरी आवधिक योजना निर्माण गर्नुपर्नेमा एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन् । छलफलका सहभागीले योजना बनाउनु मात्र ठूलो कुरा नभएको भन्दै कार्यान्वय गर्न सकिने योजना तर्जुमा गर्नुपर्नेमा जोड दिए । जिल्लाको बगनासकाली गाउँपालिकाको आयोजनामा असो १५ गते बिहिबार भएको त्रीवर्षीय आवधिक योजना तर्जुमाको सुझाव संकलन कार्यक्रमका सहभागीले सम्भावनाहरूलाई समेट्दै स्थानीय साधन स्रोतले थेग्न सकिने योजना बनाउनुपर्नेमा जोड दिएका हुन् ।

छलफलमा गाउँपालिकाको समग्र वस्तुस्थिति, सवल पक्ष, दुर्वल पक्ष, अवसर, चुनौतीका विषयमा राय संकलन गरिएको थियो । सो कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सरस्वती चिदीले आवधिक योजनाले गाउँपालिकाको सडक, पुल, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायत विकासका सवै पक्षलाई प्राथमीकरण गरेर योजनाबद्ध विकासको खाका कोर्ने भएकोले योजना कार्यान्वयनका लागि सर्वपक्षीय सहयोग आवश्यक हुने औंल्याउनुभयो ।

नेकपाका प्रतिनिधि हरि पाठकले आवधिक योजनामा सम्भावना देखिएझैं चुनौती समेत रहने भएकोले जिम्मेवारीपूर्ण ढंगले योजना बनाउनुपर्नेमा जोड दिनुभयो । नेपाली काँग्रेसका प्रतिनिधि यमलाल तिमिल्सिनाले भुगोल र संस्कृति सुहाउँदो योजना तयार गरी प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा राप्रपाका प्रतिनिधि कपिल ढुंगाना, गाउँकार्यपालिका सदस्य तेजप्रसाद रसाइली, विजुली विश्वकर्मा, विषयगत शाखाका प्रमुखहरूले संचरना जोगाई, जोखिम क्षेत्र पहिचान गर्दै पूर्वाधार विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले गत आवमा आवधिक योजना सुभारम्भ भएको जानकारी गराउँदै कोभिड १९का कारण आवधिक योजना निर्माणको कार्यक्रमसमेत केही प्रभाववित बनेको बताउनुभयो । उहाँले आवधिक योजनाको अभावमा तदर्श निर्णय गरी विकास योजना अगाडि बढाइएको उदाहरण दिँदै आवधिक योजनाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण र विपद एवं संस्थागत विकास र सेवाप्रवाहलाई छरितो र पारदर्शी बनाउने बताउनुभयो ।

गाउँपालिकालाई नमुना बनाउन गाउँपालिकाले योजनाबद्ध विकास र समृद्धिका लागि अलना इन्टरनेशनल सर्भिसेस प्रालिसँग तीन वर्षे आवधिक योजना निर्माणको काम शुभारम्भ गरेको श्रेष्ठले जानकारी दिनुभयो । आवधिक योजना निर्माणको हालसम्मको प्रगतिबारे जानकारी गराउँदै अलना इन्टरनेशनल सर्भिसेस प्रालिका प्रतिनिधि कृष्ण पौडेलले बगनासकाली गाउँपालिकाको अवसर, चुनौती, कार्यक्रम, समस्या एवं स्थलगत

छलफलबाट प्राप्त उपलब्धिका बारेमा अवगत गराउनुभयो ।

उहाँले बगनासकाली गाउँपालिकामा कृषिमा निर्वाहमुखी प्रणाली, वास्तविक कृषक सूचनाको हकबाट बञ्चित रहेको, गाउँपालिकामा पर्यटन विस्तारको लागि आवश्यक पूर्वाधार नपुगेको, विपद जोखिम न्यूनीकरणको लागि वस्ती रुपान्तरण आवश्यक भएको, सामुदायिक विद्यालय र निजी विद्यालयबीचको अन्तरभेद न्यूनीकरणमा चुनौती, पानीजन्य सरुवा रोगीको संख्यामा वृद्धी, खानेपानीको मुल संरक्षणमा गाउँपालिका पछाडि रहेको जस्ता चुनौती र सम्भावना देखिएको बताउनुभयो ।

यस्तैगरी गाउँपालिकामा बेमौसमी कृषि उत्पादनको सम्भावना, जैविक खेतीतर्फ आकर्षित गर्न सकिने, बहुआयामिक प्राविधि विद्यालय आवश्यक रहेको स्थिति औंल्याउँदै सूचना सञ्चार पहुँच विस्तारमा जोड दिनुपर्ने बताउनुभयो ।

आवधिक योजना निर्माणको पूर्व तयारीमा आवधिक योजना तर्जुमा अन्तरक्रिया गोष्ठी गरेको गाउँपालिकाले सडक, पुल, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायत विकासका सवै पक्षलाई प्राथमीकरण गरेर योजनाबद्ध विकासको खाका कोर्ने तयारी गरेको उहाँले बताउनुभयो। विज्ञलाई सहभागी गराइएको अन्तरक्रिया गोष्ठीमार्फत आवधिक योजनामा प्राथमिताका साथ समेटिनुपर्ने सामाजिक विकास, आर्थिक विकास, वन तथा बातावरण, पर्यटन लगायतका विषयका बारेमा पालिकाबासीबाट सुझाव लिइएको, आवश्यक सुझाव संकलन गर्ने काम पनि सकिएको पौडेलको भनाई छ । उहाँले वर्कसपका कार्यक्रम, सूचक निर्धारण, वार्षिक योजना तर्जुमा लगायका केही काम मात्र बाँकी रहेकोले दुई महिनाभित्रमै योजनालाई अन्तिम टुंगो लगाइने जानकारी दिनुभयो ।

आवधिक विकास योजनाका लागि विकासको दिर्घकालीन सोचको निर्धारण, विषयगत रणनीति तथा कार्यक्रम सम्बन्धी छफलफल, आगामी तीन वर्षको समग्र राजस्व र व्ययको प्रक्षेपण, विकासका प्राथमिकता निर्धारण, कार्ययोजना, आवधिक योजनाको कार्यान्वयन, वार्षिक योजना तर्जुमा खाकालगायतका विषयलाई टुंगो लगाई निर्धारित समयमै योजना त्रुटी भएका ठाउँमा सच्चाएर दुईमहिनाभित्रमा पुस्तककारूपमा ल्याउने तयारी भइरहेको गाउँपालिका स्रोतले बताएको छ । छलफलका सहभागीले आवधिक योजना निर्माणका क्रममा केही कार्यक्रमहरू महत्त्वाकांक्षी देखिएको बताएका थिए । उनीहरूले आवधिक योजनाले स्थानीय तहमा विधि र प्रक्रियालाई संस्थागत गर्ने भएकोले योजना निर्माणलाई प्रभावकारी बनाइनुपर्नेमा बताए ।


## बगनासकाली गाउँपालिकाको अनुरोध

अपाङ्गता रोग होइन रोग वा दुर्घटनाको कारणबाट हुने एक अवस्था मात्र हो । मेरो घरमा अपाङ्ग व्यक्ति छैनन् भनेर गर्व गर्ने ठाउँ कसैलाई पनि छैन किनभने अपाङ्गताले ठूलो–सानो, जात–जाति, धनी–गरीब, महिला–पुरुष केहि भन्दैन जो जसलाई जतिखेर जहाँ पनि हुनसक्छ । त्यसैले आजैबाट लागौं अपाङ्गमैत्री वातावरण सृजना गर्न । भोलि हामीलाई पनि नचाहिएला भन्न सकिँदैन ।

## अपाङ्गता सम्बन्धी मर्यादित शब्दावली



| अपमानजनक ✗ | ✓ मर्यादित |
|---|---|
| लुलो, कुँजो, लङ्डो, खोरण्डो बाउन्नवीर, वामपुड्के, डुँडो | शारीरिक अपाङ्गता |
| लठेब्रो, गोज्याङ्ग्रो | बौद्धिक अपाङ्गता |
| खुँडे | वाक् अपाङ्गता |
| कानो, अन्धो | दृष्टि विहिन |
| बहिरो, वक्क लाटो | बहिरा अपाङ्गता |
| हकला | भकभके |
| अन्धोलाटो | श्रवण–दृष्टिविहीन |



cg/fws ॥
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

**'साबुन पानीले हात धुने बानी : अति नै राम्रो बानी हो नानी'**

# बगनासकाली गाउँपालिका
## पाल्पा

# बालमैत्री आचारसंहिता

स्थानीय तहलाइ बालमैत्री गराउनका लागि **घरपरिवार र समुदायको** आचारसंहिता

- गर्भवती महिलाहरुको उचित स्याहार गर्ने, स्वास्थ्यकर्मीको सुझाव अनुसार नियमित रुपमा जाँच गराउने।
- बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराउने ।
- साबुनपानीले हात धोएर मात्र बालबालिकालाई खाना खुवाउने, सबैले खाना खानु अघि र शौचालयको प्रयोग गरिसके पछि साबुनपानीले हातधुने ।
- आफ्नो घरमा बालबालिकालाई उपयुक्त हुने गरी शौचालय निर्माण गर्ने ।
- ३-४ वर्षका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गर्ने ।
- ५-१८ वर्ष सम्मका बालबालिकालाइ अनिवार्य विद्यालय/मा.वि. मा पढ्न पठाउने ।
- विद्यालय पठाइएका बालबालिका विद्यालय गए/नगएको विषयमा ध्यान दिने ।
- आफ्ना बालबालिकाको विषयमा वा पढाइको विषयमा कम्तिमा २ महिनामा एक पटक विद्यालयमा सम्पर्क गर्न जाने ।
- आफ्नो घरपरिवार समुदायका बालबालिकालाइ कुलत र दुर्व्यसन बाट फस्नबाट जोगाउने, सुर्तिजन्य र मदिराजन्य पदार्थ खरिद विक्रिमा संलग्न नगराउने ।
- २० वर्ष उमेर नपुग्दै बालबालिकाको विवाह नगर्ने, नगराउने ।
- बालबालिकालाई भारी बोक्ने, धारिलो हतियार चलाउने, कलकारखानामा काम गर्ने, धेरै शारीरिक परिश्रम गर्ने जस्ता जोखिमपर्ण कामहरु र उनीहरुले गर्न नसक्ने, नभ्याउने कुनै पनि प्रकारका काममा नलगाउने ।
- बालबालिका प्रति कुनै पनि प्रकारको दुर्व्यवहार, कुटपिट, अपहेलना लगायत शारीरिक तथा मानसिक रुपमा आघात पुग्ने काम नगर्ने ।
- बालबालिका सम्बन्धी परिवार/ समुदायमा हुने छलफलमा उनीहरुलाई सहभागी गराउने ।
- बालबालिकालाई सत्य कुरा स्पष्ट संग व्यक्त गर्न प्रोत्साहन गर्ने ।
- बालबालिकालाई पढ्ने, मनोरञ्जन गर्ने, आमावुवालाई सहयोग गर्ने लगायतका कार्यको लागि समयतालिका बनाइदिने ।

माथि उल्लेखित बालमैत्री आचारसहिता मिति २०७५ कार्तिक १७ गते सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधिमुलक सहभागितामा तयार गरिएको हो ।

.........................................

**कृष्ण प्रसाद बस्याल**
**गाउँपालिका अध्यक्ष**

# वडास्तरीय बालभेलाबाट बालसञ्जाल गठन

बगनासकाली, २३ असोज ।

बगनासकाली गाउँपालिकाले अर्थपूर्ण बालसहभागिताका लागि विशेष अभियान सुरु गरेको छ । यसै सन्दर्भमा असोज २३ गते शुक्रबार वडा नं. १ मा रहेका बस्तीस्तरीय बालक्लवका पदाधिकारीको भेला आयोजना गरी वडास्तरीय बालसञ्चालन गठन गरेको छ ।

गाउँपालिकाका सबै वडामा क्रियाशील बालक्लवहरूबीच सञ्जाल तयार गर्ने, पालिकास्तरमा पालिकास्तरीय बालक्लव सञ्जाल गठन गर्ने, बालकालिकाहरूसँग आगामी योजनामा समावेश गर्नुपर्ने बाल सवालहरू संकलन गर्ने र वडामा बालक्लवहरूको सूचिकृत गर्न सहजीकरण गर्ने उद्देश्यका साथ वडास्तरीय बालभेलाबाट बालक्लव सञ्जाल गठन गरिएको बालमैत्री स्थानीय शासनका फोकल पर्सन मनोज आचार्यले जानकारी दिनुभयो ।

शुक्रबार दिनेश पाण्डेको अध्यक्षतामा १३ सदस्यीय वडास्तरीय बालक्लव सञ्जाल गठन गरिएको छ । समितिको उपाध्यक्षमा सपना भण्डारी, सचिव अभिशेष विश्वकर्मा, सह-सचिव जानकी गाहा, कोषाध्यक्षमा प्रतिभा ढुङ्गाना रहनुभएको छ । यस्तैगरी सदस्यहरूमा नरेश रुचाल, जुना राना, कला पुलामी, आसिका आले, नितेश दर्लामी, सन्दिप ढुङ्गाना लगायत रहनुभएको वडास्तरीय वडा सचिव विराट गैरेले बताउनुभयो ।

नवनिर्वाचित समितिलाई शुभकामना दिँदै वडा अध्यक्ष सोमबहादुर भ्रेंडीले गाउँपाललिकालाई बालमैत्री गाउँपालिका बनाउन लागिएकोले गाउँपालिकाको बालमैत्री आचारसंहितालाई इमान्दारिताका साथ पालना गर्दै बालसहभागिताका कार्यक्रममा सक्रियता बढाउन अनुरोध गर्नुभयो । उहाँले बालबालिकाको नेतृत्त्व विकास र बालसहिभागिता अभिवृद्धिका लागि वडाबाट ५० हजार बजेट विनियोजन गरिएको समेत जानकारी दिनुभयो ।

कार्यक्रममा बगनासकाली गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष सोमबहादुर भ्रेंडी, न्यायिक समितिका सदस्य एवम्



वडा सदस्य कुलप्रसाद ढुङ्गाना, वडा सदस्यहरू मानबहादुर राना, खुमकान्ती राना, हेमा राई, बालमैत्री स्थानीय शासन कार्यक्रममा फोकल पर्सन मनोज आचार्य, वडा सचिव विराट गैरे, एम.आइ.एस. अपरेटर भोजराज भट्टराई वडास्तरीय बालसहजकर्ता सुनिता गाहा, वडा सहायक नन्दा चिदी लगायतको सहभागिता रहेको थियो । सो अवसरमा वडा सहजकर्ता सुनिता गाहाले वडास्तरीय बालमैत्रीको अवस्थाका विषयमा जानकारी दिनुभएको थियो ।


"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सार
आर्थिक सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"

- *जन्म, मृत्यु, बिहे जस्ता घटना ३५ दिनभित्र वडा कार्यालयहरूमा दर्ता गरौं ।*
- *विकास निर्माणका काम उपभोक्ता समितिमार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं, अर्थात् विकास निर्माणका काममा विलम्ब नगरौं ।*
- *स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं, सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।*
- *कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।*
- *छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं । बालविवाह न्यूनीकरणमा जोड दिऔं ।*
- *बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।*
- *सीप सिकौं, स्वाबलम्बी बनौं*
- *भूकम्प प्रतिरोधि एवं बालमैत्री संरचना निर्माण गरौं ।*

cg/fws

बगनासकाली गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
चिर्तुङ्गधारा, पाल्पा

## बगनासकाली गाउँपालिका
## पाल्पा

# बालमैत्री आचारसंहिता

स्थानीय तहलाइ बालमैत्री गराउनका लागि **कार्यालय, संघ संस्थाको लागि** आचारसंहिता

- बालबालिकाको क्षेत्रमा अधिकतम बजेट लगानी गर्ने ।
- स्थानीय तहको निर्णय प्रक्रिया (बालबालिकासंग सरोकार राख्ने विषय) मा १२–१८ वर्षका बालबालिकाको अनिवार्य सहभागिता गराउने ।
- भौतिक पूर्वाधार र सामाजिक संरचनाहरु बनाउँदा बालमैत्री गराउने ।
- बालबालिकालाई कुनै पनि आधारमा भेदभाव नगर्ने ।
- बालाबलिकालाई हिंसा, दुर्व्यवहार, हेला, वेवास्ता नगर्ने ।
- बालबालिकालाई जोखिमपूर्ण कार्यमा नलगाउने ।
- बालक्लब/बालसंजाल गठन र संचालनमा सहयोग गर्नुका साथै बालबालिकाको क्षमता विकासमा सहयोग गर्ने ।
- घरपरिवार, समुदाय र संस्थागत तवर बाट बालसहभागिता वृद्धिगर्ने, प्रोत्साहन गर्ने सचेतना जगाउने ।
- शिक्षा, स्वास्थ्य, संरक्षणबाट वञ्चित र हिंसा, दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार र विकासका लागि निरन्तर सक्रियताकासाथ कार्य गर्ने ।
- बालबालिकालाई बालमैत्री व्यवहार गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले निर्धारण गरेका बालअधिकार सम्बन्धि सुचक पूरा गर्ने ।

माथि उल्लेखित बालमैत्री आचारसंहिता मिति २०७५ कार्तिक १७ गते सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधिमुलक सहभागितामा तयार गरिएको हो ।

**कृष्ण प्रसाद बस्याल**
गाउँपालिका अध्यक्ष

# गाउँपालिका प्रवेशका लागि पिसिआर रिपोर्ट अनिवार्य

बगनासकाली, २ कार्तिक ।

समुदायस्तरमा कोरोना भाइरस संक्रमण बढ्दै गएपछि बगनासकाली गाउँपालिकाले चाडपर्वको समयमा विदेश तथा बाहिरी जिल्लाबाट आउने व्यक्तिहरूलाई पिसिआर रिपोर्ट अनिवार्य गरेको छ । गाउँकार्यपालिकाको आइतबार बसेको बैठकले ७० घण्टाभित्रको पिसिआर नेगेटिभ रिपोर्ट सम्बन्धित वडाध्यक्षलाई बुझाएर मात्र आउन पाउने नियम बनाएको हो ।

त्यस्तै गाउँपालिकामा अध्यावश्यक बाहेकका सेवाहरू पनि बन्द गरिएको छ । समुदायस्तरमा कोरोना भाइरस संक्रमण बढ्दै गएको औंल्याउँदै कार्तिक ३ गते सोमबारदेखि ६ गते शुक्रबार राती १२:०० बजेसम्मका लागि गाउँपालिका भित्र अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको थियो ।

गाउँपालिकाले ६ गतेसम्मका लागि पालिकाको वडा कार्यालय, ९ वटै वडा कार्यालयहरू, शैक्षिक संस्थाहरूमा अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको जानकारी दिएको छ । आइतबार बसेको गाउँ कार्यपालिकाको आकस्मिक बैठकले यस्तो निर्णय गरेको प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गुनाराम खनालले शैक्षिक संस्थाहरू, स्वास्थ्य र सहकारी संस्थाहरूको अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गर्ने गराउने, विजया दशमी २०७७ को अवसरमा विदेश तथा बाहिरी जिल्लाबाट आउने व्यक्तिहरूलाई ७२ घण्टा भित्रको पिसिआर नेगेटिभ रिपोर्ट लिएर सम्बन्धित वडा अध्यक्षलाई बुझाएर मात्र आउन पाउने र कडाइका साथ होम क्वारेन्टाइन बस्ने तथा बगनासकाली गाउँपालिका भित्रका उद्योग, पसल, होटलहरू र सवारी साधनमा स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरू अनिवार्य रूपमा पूरा गर्नुपर्ने निर्णय भएकाले जानकारी दिनुभयो ।

यस्तैगरी कोरोना पोजेटिभ होम आइसोलेसनमा बस्ने




व्यक्तिहरूलाईप्रति व्यक्ति प्रतिदिन ४००।- का दरले पौष्टिक आहार वापतको सुविधा उपलब्ध गराउँदै आएकोमा सो सुविधा कार्तिक २ गतेदेखि बैठकबाट खारेज गर्ने निर्णय गरिएको स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय बगनासकाली गाउँपालिकाबाट २७ जनाको पिसिआर लिइएकोमा १८ जनामा पोजेटिभ रिपोर्ट आएको र १ जना आफैं अस्पताल गएर स्वाव दिँदा पोजेटिभ रिपोर्ट आएको थियो ।

## बगनासकाली गाउँपालिका स्थानीय अपाङ्गता समन्वय समितिका पदाधिकारी/सदस्यको नामावली:

१. सरस्वती चिदी संयोजक उपाध्यक्ष बगनासकाली गा.पा.
२. सीता नेपाली सदस्य कार्यपालिका सदस्य
३. ध्रुव न्यौपाने सदस्य प्रधानाध्यापक
४. जिल्ला अस्पताल पाल्पा प्रतिनिधि, सदस्य मेडिकल अधिकृत
५. देवीप्रसाद न्यौपाने सदस्य स्थानीय अपाङ्ग संस्था
६. प्रहरी चौकी बर्तुङ सदस्य प्रहरी कार्यालय प्रमुख
७. धनिसरा विश्वकर्मा सदस्य अपाङ्ग
८. नारायण तिमिल्सीना सदस्य अपाङ्ग
९. कृष्ण तिमिल्सिना सदस्य अपाङ्ग
१०. सुन्दरप्रसाद श्रेष्ठ सदस्य प्रमुख प्रशासकीय अधिकृत
११. धन कुमारी राना सदस्य सहायक महिला विकास निरिक्षक
१२. आमन्त्रित सदस्य, कृष्ण गहतराज, सि.बि.आर. पाल्पा

# प्रशासकीय अधिकृत श्रेष्ठको विदाई



बगनासकाली, २९ असोज ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठको विदाई भएको छ । बगनासकालीमा दुई वर्ष दुई महिना बढी प्रमुख प्रशासकीय अधिकृतको पदमा रहनुभएका श्रेष्ठको असोज २९ गते बिहीबार गाउँपालिकामा एक कार्यक्रम आयोजना गरी विदाई भएको हो ।

विदाई कार्यक्रममा बगनासकाली गाउँपालिकाका प्रमुख कृष्णप्रसाद बस्यालले प्रमुख प्रशासकीय अधिकृतको रूपमा श्रेष्ठको योगदान प्रशंसनीय रहेको बताउनुभयो । उहाँले गाउँपालिकाको प्रशासनिक क्षेत्रमा मात्र नभई विकासका अन्य क्षेत्रमा पनि प्रमुख प्रशासकीय अधिकृतको रूपमा श्रेष्ठको योगदान अतुलनीय रहेको बताउनुभो । पालिका प्रमुख बस्यालले भन्नुभयो, ‘प्रमुख प्रशासकीय श्रेष्ठ पाल्पाली भएर पनि हुन सक्छ, यस क्षेत्रको विकासमा उहाँको चासो र चिन्ता बढी नै रह्यो । बगनासकाली गाउँपालिकाले उहाँको योगदानलाई सधैं विशेष रूपमा सम्झीरहनेछ ।’आफ्नो कार्यकालको झण्डै आधा जस्तो समय प्रमुख प्रशासकीय अधिकृतको पदमा श्रेष्ठ रहेको भन्दै उहाँले गाउँपालिकाको विकासका सवै सन्दर्भमा श्रेष्ठले सधैं सकारात्मक ढंगले साथ दिएको बताउनुभयो ।

गाउँपालिका उपप्रमुख सरस्वती चिदी दर्लामीले कर्मचारीको नियमित प्रशासनिक प्रक्रिया अनुसार प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठको सरुवा भएको भन्दै पालिकाप्रमुख बस्यालले जहाँ पुगेपनि उहाँको काममा सफलताको शुभकामना व्यक्त गर्नुभयो । उहाँले साझा व्यक्तिको रूपमा सबैलाई समेटेर प्रशासकीय अधिकृत श्रेष्ठले काम अगाडि बढाएको बताउनुभयो ।

कार्यक्रममा प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले आफु सरुवा भएर गएपनि गाउँपालिकाको विकासमा सधैं साथमा रहने प्रतिबद्धता जनाउनुभयो । उहाँले गाउँपालिकाका जनप्रनिनिधिहरू उच्च ओहदामा पुगेर फेरी सहकार्य गर्न पाउँ भन्ने आशा व्यक्त गर्दै काममा सहयोग र सहकार्य गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । ‘फेरी पनि केही गुनासो छैन, हामी कर्मचारीको सरुवा नियमित प्रक्रिया हो । म जहाँ जहाँ पुगे पनि बगनासकाली गाउँपालिका मनमा रहिरहन्छ ।’ श्रेष्ठले बताउनुभयो । दुई वर्ष बढी बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यभार सम्हाल्नुभएका श्रेष्ठ जिल्लाकै अर्को स्थानीय तह तिनाउ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतकै रूपमा सरुवा हुनुभएको छ ।

# प्रमुख प्रशासकीय अधिकृत घिमिरेलाई स्वागत



बगनासकाली, २६ कार्तिक ।

नयाँ प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेलाई बगनासकाली गाउँपालिकाले स्वागत गरेको छ । घिमिरेलाई गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल, उपाध्यक्ष सरस्वती चिदी, न्यायिक समितिका सदस्य, विभिन्न विषयगत शाखा प्रमुख लगायतका कर्मचारीहरूले कार्तिक २६ गते बुधबार गाउँपालिका सभाहलमा स्वागत गर्नुभएको हो ।

उक्त स्वागत कार्यक्रममा गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बगनासकाली गाउँपालिकामा पर्याप्त कर्मचारी रहेकोले टिमलाई सहिमार्गमा डोऱ्याउने नेतृत्व भए कार्यसम्पादन सजिलो र प्रभावकारी बन्ने भनाई राख्नुभयो । उहाँले गाउँपालिकाको सेवा प्रवाह, सुशासन कायम गर्न र विकास निर्माणको काममा प्रमुख प्रशासकीय अधिकृतको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

सोही अवसरमा प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेले कानुन र नियमभित्र रहेर स्थानीय सेवाग्राहीको भावना र कर्मचारीको समन्वय अनुसार काम गर्ने भनाईसहित कर्मचारीहरूलाई पदीय मर्यादालाई कायम गर्दै कार्यसम्पादनमा लाग्न आग्रह गर्नुभयो । उहाँले आफूले जागिरको सिलसिलामा स्थानीय निकायको अनुभव बटुलेको बताउँदै गाउँपालिकाको दैनिक कार्यसम्पादनको क्रममा सबै पक्षबाट साथ र सहयोग मिल्ने अपेक्षा व्यक्त गर्नुभयो । 'नियम कानुनी प्रक्रिया भन्दा बाहिर नगई प्रशासनिक नियमभित्र रहेर कार्यसम्पादन गर्न जनप्रतिनिधिहरूबाट सहयोगको अपेक्षा छ ।' घिमिरेले स्वागत समारोहमा भन्नुभयो, 'कर्मचारी र जनप्रतिनिधिको एकीकृत प्रयासबाट मात्र गाउँपालिकाको लक्ष्य पूरा गर्न सकिन्छ ।'

गाउँपालिका उपप्रमुख सरस्वती चिदीले जनप्रतिनिधि कर्मचारीसँग समन्वय र सहकार्य गर्नका लागि उर्जावान युवा नयाँ प्रमुख प्रशासकीय अधिकृतको आगमनले गाउँपालिकाको नीति, कार्यक्रमलाई प्रभावकारी बनाउन थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । स्वागत कार्यक्रमको सञ्चालन शिक्षा शाखा प्रमुख गुनाराम खनालले गर्नुभएको थियो । यस अघिका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठ जिल्लाको तिनाउ गाउँपालिकामा रमाना हुनुभएपछि घिमिरे नयाँ प्रमुख प्रशासकीय अधिकृतको रूपमा बगनासकाली गाउँपालिकामा आउनुभएको हो ।

बालमैत्री स्थानीय शासनको मान: बालविवाह मुक्त बगनासकाली हाम्रो शान


## "सानै छु बढ्न देउः विवाह हैन पढ्न देउ"

# बालविवाह कानूनी अपराध हो ।

विवाह गर्नेको उमेर २० वर्ष नपुगी कसैले बालबालिकाको विवाह तय गर्ने वा विवाह गर्ने वा गराउनेलाई बालबालिका विरुद्धको कसुर मानी ७५ हजार रुपैया सम्म जरिवाना र ३ वर्ष सम्म कैंद सजाय हुन्छ ।

*(बालबालिका सम्बन्धी ऐन,२०७५ दफा ७२ (३) (ख))*

## बालविवाह किन गर्नु हुदैन ?




## त्यसैले : नगरौ विवाहका कुरा: भएको छैन विस वर्ष पुरा

बालविवाह अन्त्यका लागि :

**बालमैत्री स्थानीय शासन कार्यक्रम**

**बगनासकाली गाउँपालिका, पाल्पा**

## बगनासकाली गाउँपालिका बालमैत्री स्थानीय शासन समिति

| सि.नं. | नाम, थर | ठेगाना | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री कृष्णप्रसाद वस्याल | बगनासकाली गा.पा. | पदेन अध्यक्ष | ९८५७०६०७५० |
| २ | श्री सरस्वती चिदी | बगनासकाली गा.पा. | पदेन उपाध्यक्ष | ९८४७०४२२६६ |
| ३ | श्री सोमवहादुर भेडी | वडा अध्यक्ष १ नं.वडा | सदस्य | ९८४७३३६८५९ |
| ४ | श्री टेकनाथ शर्मा गहिरे | वडा अध्यक्ष २ नं.वडा | सदस्य | ९८५७०३३५६१ |
| ५ | श्री टिकावहादुर थापा | वडा अध्यक्ष ३ नं. वडा | सदस्य | ९८४७०४५१७३ |
| ६ | श्री हुतमान सिं दर्लामी | वडा अध्यक्ष ४ नं. वडा | सदस्य | ९८४७५२५२१५ |
| ७ | श्री ईश्वरकुमार राना | वडा अध्यक्ष ५ नं.वडा | सदस्य | ९८५७०६२११८ |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडा अध्यक्ष ६ नं.वडा | सदस्य | ९८६७२१४६५८ |
| ९ | श्री गुनवहादुर बुढाथोकी | वडा अध्यक्ष ७ नं.वडा | सदस्य | ९८६७९५२११२ |
| १० | श्री गणेशप्रसाद वस्याल | वडा अध्यक्ष ८ नं.वडा | सदस्य | ९८६७०४१२७४ |
| ११ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष ९ नं.वडा | सदस्य | ९८५७०६०११८ |
| १२ | श्री मणिराम अधिकारी | स्वास्थ्य शाखा प्रमुख | सदस्य | ९८५७०६२१६८ |
| १३ | श्री धन कुमारी राना | स.म.वि.निरीक्षक | सदस्य | ९८४७११३०६५ |
| १४ | श्री भोजराज तिमिल्सेना | बाल अधिकार संरक्षण तर्फबाट | सदस्य | ९८४७०९८८५१ |
| १५ | श्री नारायण न्यौपाने 'प्रशान्त' | वाल सञ्जाल संयोजक | सदस्य | ९८६७५४१६५८ |
| १६ | श्री प्रहरी चौकी आर्यभञ्ज्याङ | सामाजिक संघ/संस्थाबाट | सदस्य | ९८५७०९१५१० |
| १७ | श्री दिपक ढुंगाना | सञ्चारकर्मी | सदस्य | ९८५७०६०२४९ |
| १८ | श्री प्रशासकिय अधिकृत | वगनासकाली गा.पा. | सदस्य सचिव | ९८५७०६८८६८ |
| १९ | श्री गुनाराम खनाल | बैठक सहजकर्ता | बालमैत्री फोकल पर्सन | ९८५७०६५८८० |

## बगनासकाली गाउँपालिकास्तरीय बाल संरक्षण तथा सम्वर्द्धन समिति

| सि.नं. | नाम, थर | पद | प्रतिनिधित्व गरेको वडा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री मिनबहादुर राना | अध्यक्ष | दर्लमडाडा वडा नं. ५ | ९८६६६६४००४ |
| २ | श्री शिवप्रसाद वस्याल | उपाध्यक्ष | यम्घा वडा नं. ६ | ९८४७५८०२४७ |
| ३ | श्री गीता रेग्मी | सचिव | पोखराथोक वडा नं. २ | ९८४७११३१२० |
| ४ | श्री उर्मिला कवर | सह सचिव | नायरनम्तलेस वडा नं. ३ | ९८४७३४९७१४ |
| ५ | श्री भुनाकुमारी वस्याल (भगवती) | सदस्य | चिर्तुङधारा वडा नं. १ | ९८४७१७३१६४ |
| ६ | श्री शालिकराम ढुंगाना | सदस्य | चिर्तुङधारा वडा नं. १ | ९८४०४५८३५० |
| ७ | श्री मोतिलाल वस्याल | सदस्य | बराङदी वडा नं. ८ | ९८४७११४०२४ |
| ८ | श्री भगवान भुषाल | सदस्य | चापपानी वडा नं. ९ | ९८४४७९४७९३ |
| ९ | श्री हरिप्रसाद गैरे | सदस्य | खानीगाउँ वडा नं. ७ | ९८४७११३१०३ |
| १० | श्री पोषकान्त तिमिल्सिना | सदस्य | खानीछाप वडा नं. ४ | ९८४७४६८५१९ |
| ११ | श्री तेजराज पाण्डे | सदस्य | यम्घा वडा नं. ६ | ९८४४७२०१४२ |
| १२ | श्री गुनाराम खनाल | बैठक सहजकर्ता | बालमैत्री फोकल पर्सन | ९८५७०६५८८० |

बगनासकाली गाउँपालिका
पाल्पा

# बालमैत्री आचारसंहिता

## स्थानीय तहलाइ बालमैत्री गराउनका लागि **बालबालिकाको** आचारसंहिता

- व्यक्तिगत सरसफाइमा ध्यान दिने र अरुलाइ पनि सरसफाइको लागि प्रोत्साहन गर्ने ।
- दिसा पिसाबको लागि चर्पीको प्रयोग गर्ने, चर्पीको प्रयोग गर्न जनचेतना जगाउने ।
- खाना खानु अघि र शौचालयको प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने ।
- पढ्ने समय, खेल्ने समय, सुत्ने समय र आफ्ना अभिभावकलाइ सहयोग गर्ने निश्चित समय निर्धारण गर्ने ।
- विद्यालय समयमा अनिवार्य रुपमा आफ्नो कक्षाकोठामा उपस्थित हुने ।
- नियमित रुपमा विद्यालयको पोशाक लगाउने, विद्यालयको नीति नियम तथा अनुशासनको पूर्ण पालना गर्ने ।
- विद्यालय र समुदायमा संचालित अतिरिक्त क्रियाकलापमा सहभागी हुने ।
- शिक्षकले पढाएको कुरा नबुझेमा फेरी सोध्ने, गृहकार्य पूरा गर्ने र शिक्षकले भनेको मान्ने ।
- वालविवाहको लागि मञ्जुर नहुने र गाउँ टोलमा वालविवाह भएको वा हुने सुचना पाएमा वडा कार्यालय/गाउंपालिका/प्रहरीलाइ जानकारी दिने ।
- आफुभन्दा ठुलालाइ आदर र सानालाइ माया गर्नुका साथै कुनै नराम्रो काम वा संगत नगर्ने ।
- चुरोट, सुर्तीजन्य र मदिरा जन्य पदार्थको प्रयोग नगर्ने, खरिद बिक्रिमा संलग्न नहुने ।
- बालक्लब र संजालको नियमित वैठक बसी बालमैत्री गाउँ बनाउन र निरन्तरताको लागि सचेतना जगाउने ।
- आफ्नो घरलाइ बालमैत्री गराउनको लागि पहल गर्ने ।

माथि उल्लेखित बालमैत्री आचारसंहिता मिति २०७५ कार्तिक १७ गते सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधिमुलक सहभागितामा तयार गरिएको हो ।

.........................................

कृष्ण प्रसाद बस्याल
गाउँपालिका अध्यक्ष

# बगनासकाली गाउँ कार्यपालिकाका पदाधिकारीहरू

| क्र.सं. | नामथर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | कृष्णप्रसाद बस्याल | अध्यक्ष | बगनासकाली गा.पा. | ९८५७०६०७५० |
| २ | सरस्वती दर्लामी (चिदी) | उपाध्यक्ष | बगनासकाली गा.पा. | ९८४७०४२२६६ |
| ३. | सोमबहादुर भेंडी | वडाध्यक्ष | वडा नं. १, चिर्तुङ्धारा | ९८४७३३६८५९ |
| ४ | टेकनाथ शर्मा | वडाध्यक्ष | वडा नं. २, पोखराथोक | ९८५७०३३५६१ |
| ५. | टिकाबहादुर थापा | वडाध्यक्ष | वडा नं. ३, नायरनमतलेस | ९८४७०४५१७३ |
| ६. | हुतमान सिंह दर्लामी | वडाध्यक्ष | वडा नं. ४, खानीछाप | ९८४७५२५२१५ |
| ७. | ईश्वरकुमार राना | वडाध्यक्ष | वडा नं. ५, दर्लमडाँडा | ९८५७०६२११८ |
| ८ | लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष | वडा नं. ६, यम्घा | ९८६७२१४६५८ |
| ९. | गुनबहादुर बुढाथोकी | वडाध्यक्ष | वडा नं. ७, खानीगाँउ | ९८६७९५२११२ |
| १०. | गणेशप्रसाद बस्याल | वडाध्यक्ष | वडा नं. ८, बराङ्दी | ९८६७०४१२७४ |
| ११. | ठानेश्वर तिमिल्सिना | वडाध्यक्ष | वडा नं. ९, चापपानी | ९८५७०६०११८ |
| १२. | पबिसरा दर्लामी | का.पा.सदस्य | वडा नं. ४, खानीछाप | ९८४७१७१७२७ |
| १३. | खुमादेवी भट्टराई | का.पा.सदस्य | वडा नं. ५, दर्लमडाँडा | ९८४७३४७५०७ |
| १४. | बसन्ती थापा | का.पा.सदस्य | वडा नं. ३, नायर | ९८४७२२६२५८ |
| १५. | सीता नेपाली | का.पा.सदस्य | वडा नं. २, पोखराथोक | ९८४७११७५१६ |
| १६. | तेजप्रसाद रसाली | का.पा.सदस्य | वडा नं. ३, नायर | ९८६९७८६१८३ |
| १७. | बिजुली विश्वकर्मा | का.पा.सदस्य | वडा नं. ६, यम्घा | ९८४७०९८९९० |

# बगनासकाली गाउँपालिकाका वडा सचिवहरू

| क्र.सं. | वडा नं. | वडा सचिवको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | वडा नं. १, चिर्तुङ्धारा | विराट गैरै | ९८४७०६७९०२ |
| २. | वडा नं. २, पोखराथोक | हरिहर गैरे | ९८५७०६०१३८ |
| ३. | वडा नं. ३, नायरनमतलेस | नारायणप्रसाद गैरे | ९८४७१६८१०८ |
| ४. | वडा नं. ४, खानीछाप | कुलप्रसाद अर्याल | ९८४७११६०६५ |
| ५. | वडा नं. ५, दर्लमडाँडा | गोपाल न्यौपाने | ९८५७०६५८८४ |
| ६. | वडा नं. ६, यम्घा | युवराज पाण्डे | ९८५७०१२६०० |
| ७. | वडा नं. ७, खानीगाउँ | हरिप्रसाद बस्याल | ९८४७११३९१६ |
| ८ | वडा नं. ८, बराङ्दी | नारायणप्रसाद आचार्य | ९८४७२२३२३२० |
| ९ | वडा नं. ९, चापपानी | तिलकबहादुर बुचा | ९८४७१२७८१९ |

बालबालिका भविश्यका कर्णधार मात्र होइनन्
बर्तमानका साझेदार पनि हुन ।

# बालमैत्री स्थानीय शासनका लागि

# म बाल अधिकार संरक्षण गर्न प्रतिबद्ध छु



**बगनासकाली गाउँपालिका**
**बालमैत्री स्थानीय शासन कार्यक्रम**
**चिर्तुङ्गधारा, पाल्पा**

# बगनासकाली गाउँकार्यपालिकामा कार्यरत कर्मचारी

| क्र.सं. | कर्मचारीको नामथर | पद | फोन नं. |
|---|---|---|---|
| १. | सुरेश घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६८८६८ |
| २. | गुनाराम खनाल | शिक्षा अधिकृत (आठौं तह) | ९८५७०६५८८० |
| ३. | यादवप्रसाद न्यौपाने | आ.ले.प.अधिकृत (सातौं तह) | ९८४७०२९२१४ |
| ४. | कोशलराज पौडेल | लेखा अधिकृत (सातौं तह) | ९८५७०६८४६४ |
| ५. | मणिराम अधिकारी | हे.अ.अधिकृत (छैठौं तह) | ९८५७०६२१६८ |
| ६. | सीता गौतम | सि.अ.न.मी. (छैठौं तह) | ९८४१२७२५५२ |
| ७. | भरत राज घिमिरे | अधिकृत (छैठौं तह) | ९८४१२७२५५२ |
| ८. | धिरज पराजुली | वैद्य निरिक्षक (छैठौं तह) | ९८४७०८३७६० |
| ९. | पदम खड्का | इन्जिनियर | ९८५७०६८१९४, ९८६७८२८१९४ |
| १०. | ध्रुव पराजुली | सूचना प्रविधि अधिकृत | ९८५६०५१२४१ |
| ११. | कृष्णबहादुर थापा | सहायक पाँचौ | ९८६७५४४००८ |
| १२. | गणेश नेपाली | प.स्वा.प्रा. (सहायक पाँचौं) | ९८४६७२४७९९ |
| १३. | देवीप्रसाद अर्याल | लेखा सहायक | ९८६७२२८६४१ |
| १४. | कल्याण सिंह पाण्डे | सब इन्जिनियर | ९८४७०२८३३४ |
| १५. | भक्तबहादुर गाहा | सब इन्जिनियर | ९८४७१०३८९२ |
| १६. | सरीता पाण्डे | रोजगार संयोजक | ९८४७५५०६४३ |
| १७. | भोजराज भट्टराई | MIS Operator | ९८५७०५२४३३ |
| १८. | हेमराज घिमिरे | कम्प्युटर अपरेटर (पाँचौं तह) | ९८४७४३७२३१ |
| १९. | राजेश बोहरा | प्रा.स. कृषि शाखा (पाँचौ तह) | ९८४०४७८८५५ |
| २०. | टिकाराम पौडेल | सहायक चौथो तह | ९८४१७२६२०९ |
| २१. | धनकुमारी राना | स.म.वि.नि. चौथो तह | ९८४७११३०६५ |
| २२. | अमित लोहागुन | खा.पा.स.टे. चौथो तह | ९८४७०६८२९० |
| २३. | माधव भण्डारी | सहायक चौथो तह | ९८६६१३०४९३ |
| २४. | मञ्जु ज्ञवाली | सहायक चौथो तह | ९८६६०९४८०८ |
| २५. | कोपिला खनाल | वास संयोजक | ९८४७१०३३७३ |
| २६. | जन्जुका ज्ञवाली | ना.प्रा.स.कृषि शाखा | ९८६७१४२८८६ |
| २७. | प्रेमबहादुर बगाले | फिल्ड सहायक MIS | ९८४७१७६५९२ |
| २८. | सुनिल श्रेष्ठ | इन्जिनियर (भुकम्प प्राविधिक) | ९८६७०१९२६४ |
| २९. | राजेन्द्र पन्थी | सब इन्जिनियर (भुकम्प प्राविधिक) | ९८४७२५४४३७ |
| ३०. | धनबहादुर सारु | अ.स.इन्जिनियर (भुकम्प प्राविधिक) | ९८४७००८१९१ |
| ३१. | गणेश कुँवर | ह. सवारी चालक | ९८६१०६४४६८ |
| ३२. | मेघराज तिमिल्सिना | का.स. | ९८४७१०२४२९ |
| ३३. | शारदा कुमाल | का.स. | ९८४७१०११३० |

# मिडिया कभरेज

## घिमिरेको स्वागत

*आदर्श समाज*
पाल्पा

बगनासकाली गाउँपालिका पाल्पाले नयाँ प्रमुख प्रशासकीय अधिकृत सुरेश घिमिरेलाई स्वागत गरेको छ। घिमिरेलाई गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल, उपाध्यक्ष सरस्वती चिदी, न्यायिक समितिका सदस्य, विभिन्न विषयगत शाखा प्रमुख लगायतका कर्मचारीहरूले बुधवार स्वागत गरे।

कार्यक्रममा गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बगनासकाली गाउँपालिकामा पर्याप्त कर्मचारी रहेकोले टिमलाई सहीमार्गमा डोऱ्याउने नेतृत्व भए कार्यसम्पादन सहज र प्रभावकारी हुने धारणा राखे।

प्रमुख प्रशासकीय अधिकृत घिमिरेले कानून र नियमभित्र रहेर स्थानीय सेवाग्राहीको भावना र कर्मचारीको समन्वय अनुसार काम गर्ने अपेक्षा व्यक्त गर्दै कर्मचारीहरूलाई पदीय मर्यादालाई कायम गर्दै कार्यसम्पादनमा लाग्न आग्रह गरे।

## बगनासकालीको डेरी सञ्चालनमा



पाल्पा (करुवा)। बगनासकाली गाउँपालिकाको चापपानीमा रहेको बगनासकाली बहुउद्देश्यीय सहकारी संस्थाले दुध डेरी सञ्चालनमा ल्याएको छ।
सहकारीका ५० सदस्यले व्यवसायिक रुपमा भैंसीपालन गरी दुध उत्पादन गर्न थालेपछि डेरी सञ्चालनमा ल्याइएको हो। जसबाट किसान उत्साहित बनेका छन्। यस क्षेत्रमा उत्पादित दुध सहकारीले संकलन गरी तानसेनको नारायणस्थानबाट बिक्री वितरणको व्यवस्था मिलाइएको सहकारीका अध्यक्ष कृष्ण भूसालले बताए।
डेरीको शुभारम्भ गर्दै नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य ठाकुर गैरेले कृषि तथा पशुपालनबाट गरीबी हटाउन सहयोग पुग्ने हुँदा व्यवसायिक रुपमा कृषि पेशामा लाग्नुपर्ने बताए। प्रदेश सरकारसंगको साझेदारीमा सहकारीले भैसी पालन पकेट क्षेत्रको रुपमा काम गर्दै आएको छ। पहिलो चरणमा सहकारीका ५० जना कृषकहरुलाई गोठ, भकारो सुधार कार्यक्रममा सहयोग, घाँस काट्ने मेसिन, पानी ट्याङकी तथा दुध संकलन गर्ने भाडाहरु पनि सहयोग गरी भैंसीपालनका लागि प्रेरित गरिएको सहकारीका सचिव कमलराज तिमिल्सिनाले बताए। डेरीमा पहिलो पटक ८७ लिटर दुध संकलन भएको थियो। उत्पादित दुध तानसेनमा खपत हुने र दैनिक उत्पादन बढ्ने सचिव तिमिल्सेनाले जानकारी दिए।
सहकारीले किसानलाई गोठ, भकारो सुधार तथा अन्य सामाग्रीमा सहयोग समेत गर्दै आएको छ।

### पोखराथोक जनता प्राविमा धारा



परेवा

समाचार

### वडास्तरीय बालभेलाबाट बालसञ्जाल गठन

पाल्पा, परेवा/ बगनासकाली गाउँपालिकाले अर्थपूर्ण बालसहभागिताका लागि विशेष अभियान सुरु गरेको छ। असोज २४ गते शुक्रबार वडा नं. १ मा रहेका बस्तीस्तरीय बालक्लबका पदाधिकारीको भेला गरी वडास्तरीय

शुक्रबार वडा नं. १ मा दिनेश पाण्डेको अध्यक्षतामा १३ सदस्यीय वडास्तरीय बालक्लब सञ्जाल गठन गरिएको छ। समितिको उपाध्यक्षमा सपना भण्डारी, सचिव अभिशेष विश्वकर्मा, सह–सचिव जानकी थापा, कोषाध्यक्षमा प्रतिमा [illegible]

गर्नुभयो। यहाँले बालबालिकाको नेतृत्व विकास र बालसहभागिता अभिवृद्धिका लागि वडाबाट १० हजार बजेट विनियोजन गरिएको समेत जानकारी दिनुभयो।

कार्यक्रमका बगनासकाली गाउँपालिका वडा नं. १ का वडा [illegible]

# मिडिया कभरेज

८३ ❐ २०७७ असोज २१ गते बुधबार 7 October 2020, Wednesday ❐ पृष्ठ संख्या 8 मूल्य रु ५/-

नव जनचेतना दैनिक

### बगनासकालीले माग्यो पत्रकारको सुझाव

## योजना निर्माणमा रोजगार, उत्पादन र पूर्वाधारमा जोड

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २०/जिल्लाको बगनासकाली गाउँपालिका त्रिवर्षीय आवधिक योजना निर्माणमा जुटेको छ । गाउँपालिकाले विभिन्न पक्षबाट सुझाव संकलन गरी योजना निर्माणमा जुटेको हो ।

मंगलबार गाउँपालिकाले एक कार्यक्रमको आयोजना गरी त्रिवर्षीय आवधिक योजनामा समेट्न सकिने विषयका बारेमा जिल्लाका पत्रकारहरुसँग सुझाव मागेको छ । पत्रकारहरुले रोजगार, उत्पादन र पूर्वाधारलाई त्रिवर्षीय आवधिक योजनामा समावेश गरिनुपर्ने बताएका छन् । उनीहरुले वर्तमान आवश्यकतालाई केन्द्रविन्दुमा राखेर पूर्वाधार, रोजगार र उत्पादनमा जोड दिनुपर्ने बताएका हुन् । कोरोना महामारीका कारण धेरै युवाहरुले रोजगार गुमाउनु परेको अवस्था रहेकाले उनीहरुको सीप, दक्षलाई उचित व्यवस्थापन गरी स्थानीयस्तरमै रोजगार सिर्जना गर्ने खालका कार्यक्रमहरु योजनामा समावेश गर्न स्थानीय सरकारलाई पत्रकारले सुझाव दिएका छन् । व्यवसायिक कृषि, पशुपालनका माध्यमबाट युवाहरुलाई गाउँमै रोजगार सिर्जना गरी आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनका लागि रोजगारलाई आवधिक योजनामा समावेश गर्न पत्रकारले स्थानीय सरकारलाई आग्रह गरेका छन् । उनीहरुले उत्पादन र पूर्वाधारका कार्यक्रमहरुलाई पनि आवधिक योजनामा समावेश गर्नुपर्नेमा जोड दिएका छन् । परम्परागत रुपमा गरिँदै आएका कृषि उपजहरुलाई ...

... मात्र आर्थिक समृद्धि हासिल गर्न सकिनेमा जोड दिए । कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्ला सदस्य तथा अन्नपूर्ण पोष्टका संवाददाता कृष्ण पोखरेलले आर्थिक समृद्धिका लागि उत्पादन र रोजगारीलाई प्रथमिकता दिई योजना निर्माण गर्नुपर्ने बताए । उनले स्थानीय स्तरमा रहेका घरेलु तथा कुटिर उद्योगहरुको प्रवर्द्धन गरी युवाहरुलाई गाउँमै रोजगार दिनुपर्नेमा जोड दिए । पत्रकार पोखरेलले आयात भन्दा पनि निर्यातलाई पहिलो प्रथमिकता दिन गाउँपालिकालाई आग्रह गरे । उनले गाउँपालिकाले जिल्लामा बालमैत्री, खरको छानो विस्थापित, शून्य होमडेलिभर जस्ता थुप्रै नमुना काम गरेको बताए ।

... दिए । परेवा पाक्षिकका सम्पादक भोजराज भट्टराईले जडिबुटी प्रशोधन केन्द्र, नगदेवालीको पकेट क्षेत्र, थोपा सिंचाई जस्ता कृषिजन्य वस्तुहरुको उत्पादनमा जोड दिन गाउँपालिकालाई आग्रह गरे । श्रीनगर एफएमका स्टेशन म्यानेजर देव पचभैयाले ग्रामीण क्षेत्रका सडक पूर्वाधारलाई आवधिक योजनामा समावेश गर्नुपर्ने बताए । उनले ग्रामीण क्षेत्रमा उत्पादन गरिएका कृषि उपजका लागि बजारसम्म लैजानका लागि सडक महत्वपूर्ण हुनेभएकाले सडक स्तरनोतीका लागि गाउँपालिकाले विशेष योजना बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा पत्रकारहरु कमल ...

... ल्याउनुपर्ने बताए । कार्यक्रममा गाउँपालिका अध्यक्ष कृष्ण बस्यालले पत्रकारहरुको सुझावलाई आवधिक योजनामा समावेश गर्ने बताए । उनले स्वच्छ खानेपानी, स्वास्थ्य उपचारबाट कुनै पनि जनता वञ्चित हुन नपर्ने गरी योजनाहरु ल्याएको र आगामी दिनहरुमा पनि ती योजनाहरुलाई आवधिक योजनामा समावेश गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे । उनले निर्वाचित पछि स्थानीय तहमा कर्मचारी व्यवस्थापन र कानुन निर्माणमा चुनौति रहेकाले तीन वर्षको अवधिमा आवधिक योजना निर्माण गर्न नकिएको र अब छिट्टै नै योजना निर्माणमा आफुहरु लागेको बताए ।

गाउँपालिका उपाध्यक्ष सरस्वती घिमिरेले सोँचे जति गाउँपालिकामा काम नभएको र जति भएका छन् ति कामहरु प्रभावकारी भएको बताइन् । प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले कृषि, पशुपालन, रोजगारलाई प्राथमिकतामा राखेर आफुहरु अगाडि बढेको बताए । अनाना इन्टरनेशनल सर्भिसेष तथा बगनासकाली गाउँपालिकाका आवधिक योजनाका संयोजक कृष्ण पौड्यालले पत्रकार राज्यका चौथो अङ्ग ...



...ठूलो धन हो ।
...मणबाट आफू बचौँ र
..., संक्रमितहरुको उच्च
...सला प्रदान गरौँ ।

12 Oct 2020, Monday ६

## दर्ता प्रणाली सम्बन्धी अभिमुखीकरण

पाल्पा (कन्छवा) । बगनासकाली गाउँपालिकाले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढकरणका लागि एक दिने अभिमुखीकरण कार्यक्रम गरेको छ । गाउँपालिका पञ्जीकरण सेवा इकाईले अभिमुखीकरण कार्यक्रम ...

... व्यवस्थापनमा खर्च गर्नुपर्ने, सिस्टममा देखिएका समस्यालाई प्राविधिक तहबाट समाधानमा सहयोग गर्नुपर्ने सुझाव राखेका थिए । गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले गाउँपालिकाका सबै ...

... सुरक्षा भत्ताको अनिवार्य रुपमा अनलाइन दर्ता गर्ने प्रक्रियाका विषयमा अभिमुखीकरण केन्द्रित रहेको बताए ।


अभिमुखीकरण कार्यक्रममा एम.आइ.एस अपरेटर भीजराज ...



विद्यालय प्राङ्गणमा सेनिटाइजर तथा पि.सी.आर. परीक्षण गर्दै




महिला हिंसा विरुद्धको १६ दिने अभियान



# कोरोना भाइरस रोगबाट बच्ने उपायहरू



बेलाबेलामा साबुनपानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



खोक्दा, हाछ्युँ गर्दा नाक, मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने



हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने



भिडभाडमा नजाने

**ज्वरो आएमा, खोकि लागेमा वा श्वाश फेर्न गाह्रो भएमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने**




कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि १११५ वा ९८५७१२५५८३९, ९८५७१२५५८३७, ९८५७१२५५८३४ मा सम्पर्क गरौं ।

अनुरोधक:
स्वास्थ्य शाखा
बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा